२८०

भक्तपुर

मासिक

Bhaktapur Monthly

चैत्र २०७६

ISSN 2705-4454





# वत्सला मन्दिरमा गजूर प्रतिस्थापन

- भक्तपुर नपाका प्रमुखसँगको अन्तरवार्ता
- कोरोना रोकथाममा भक्तपुर नपा
- बिस्केट जात्रा
- पोखरीहरूको शहर – भक्तपुर
- ङातापोल निर्माण कथा
- वडाध्यक्षको डायरी
- भक्तपुर नगरपालिकाका गतिविधिहरू





भक्तपुर नपाद्वारा निर्माणाधिन ख्वप अस्पताल भवन निर्माणसम्बन्धी प्राविधिक समितिको बैठक (चैत २ गते)



भक्तपुर नपाद्वारा निर्माणाधिन ख्वप अस्पतालको काम हुँदै

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ✯ अङ्क ५ ✯ नेसं ११४० ✯ विसं २०७६ चैत ✯ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘आपत्तिले मानिस बनाउँछ र सम्पत्तिले दानव बनाउँछ ।’
- भिक्टर ह्युगो

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) हामी स्वस्थ र सुरक्षित भएमा नै अन्य कामहरू गर्न सक्छौं–अन्तवार्ता | प्रमुख सुनिल प्रजापति | ३ |
| २) कोरोना विषाणुको सङ्क्रमण रोक्न भक्तपुर नपाले के गरिरहेको छ ? | रविन्द्र ज्याख्व | ५ |
| ३) बिस्केट जात्रामा अन्तर्निहित धार्मिक सांस्कृतिक पक्षको विश्लेषण | डा. बलराम कायस्थ | ७ |
| ४) पोखरीहरूको शहर– भक्तपुर | ओम धौभडेल | १२ |
| ५) किन प्रवर्द्धन गरिनुपर्छ ख्वपका इन्जिनियरिङ कलेजहरू | सुनिल दुवाल | १६ |
| ६) काठमाडौँ उपत्यकाका पोखरीहरू | दामोदर न्यौपाने | १८ |
| ७) भक्तपुर नगर क्षेत्रका पोखरी/ढुङ्गेधारा/शौचालयको विवरण | – | २० |
| ८) द्रुतमार्ग र भारत निर्भरताको बाटो दलाल पूँजीवादी सोच | एन.वि. दुवाल | २३ |
| ९) खेलकुद विश्वविद्यालयको आवश्यकता | मुना बासुकला | २५ |
| १०) सामुदायिक विद्यालयको गुणस्तर | कमल के. | २६ |
| ११) वडाध्यक्ष डायरी | रसिक | २८ |
| १२) ङातापोल निर्माण कथा | डा.जनकलाल वैद्य | ३१ |
| १३) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३७ |
| १४) प्रा.डा. शिवप्रसाद धौभडेलको निधन | – | ५८ |
| १५) ‘लकडाउन’ मा दैनिक उपभोग्य सामग्रीको आपूर्ति व्यवस्थापन गर्ने विषयमा बैठक | – | ६० |
| १६) भक्तपुर नगरपालिकाद्वारा तरकारी बजार लाग्ने स्थानहरूमा एक मिटरको दूरी कायम | – | ६१ |
| १७) भक्तपुर नगरपालिकाको अनुरोध | – | ६२ |
| १८) नेपालमा पहिलोपटक देशव्यापी ‘लकडाउन’ | – | ६३ |
| १९) विस्का जात्रा औपचारिकतामा सीमित हुने | – | ६५ |
| २०) भक्तपुर नपाको छैटौं नगरसभा सम्पन्न | – | ६८ |
| २१) दुगुरेस्थित बेची व्वङ र शारीरिक सुगठनका सामग्रीहरूको उद्घाटन | – | ७० |
| २२) विश्व मृगौला दिवस कार्यक्रम | – | ७१ |
| २३) नगरभित्रका अस्पताल प्रमुखहरूसँगको बैठक | – | ७३ |
| २४) परीक्षा सञ्चालन गर्ने विषयमा सरोकारवालाहरूको बैठक | – | ७५ |
| २५) कोरोना भाइरसको संक्रमण विश्वब्यापी | – | ७६ |
| २६) नफैलँदै रोकौं, फैलिएपछि त .... (सम्पादकको पृष्ठ) | – | ८८ |


**साथमा** :


बसिबियाँलो–६/बिहान १० बजेदेखि १२ बजे सम्ममात्र पास उपलब्ध गराउने–६१/टौमढीको तरकारी बजार सारियो–६३/पाइपलाइनमा सरसफाइ–६३/कोभिड १९ बारे मन्त्रालयको आकस्मिक बैठक–६४/विस्का जात्रा सम्पन्न गर्न सरोकारवालाहरूको बैठक–६६/भक्तपुर नपामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षार्थीहरू –६७/भक्तपुर नपामा तार भूमिगत गर्न छलफल–६८/ख्वप अस्पताल भवन निर्माणसम्बन्धी प्राविधिक समितिको बैठक–६९/इन्जिनियरिङ कलेजमा विशेष डिजिटल फोटोग्राफी तालिम–६९/आयुर्वेद उपचार विधिबारे अभिमुखीकरण –७२/त्रिकेटको उपाधि सैनिक महाविद्यालयलाई–७२/भक्तपुर नगरपालिकाको अपिल–७३/भोजभतेर , पिकनिक, दाफा भजनलगायतका कार्यहरू नगर्न –७४/भक्तपुर नगर क्षेत्रका विद्यालयहरू बन्द–७४/अत्यावश्यक सामग्री खरिदसम्बन्धी भक्तपुर नपाको सूचना–७६/रसियाका ख्याति प्राप्त कलाकारहरू भक्तपुरमा–७७/स्थायी कर्मचारीहरूलाई नियुक्ति पत्र प्रदान–७८/दादुरा-रुबेला खोप अभियानबारे अभिमुखीकरण–७८/नगरमा शैक्षिक गतिविधि–७९/जगाति र च्याम्हासिंहमा औषधि पसल अनुगमन–८३/कोरोना संक्रमितका लागि छुट्टै बेडको व्यवस्था गर्न भक्तपुर नगरपालिकाद्वारा अनुरोध–८३/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (५)–८५/SKETCHES FROM NIPAL (47) Henry Ambrose Oldfield–८६/ फागुन महिनाको पर्यटक तथ्याङ्क–८७ ।


**आवरण तस्बिर** : लायकुस्थित पुनःनिर्मित वत्सला मन्दिरमा गजूर पुनःस्थापन । इन्सेटमा गजूर मिलाउँदै (माथि) र मन्दिर भित्रको मूर्ति ।

**अन्तरवार्ता**

## जनताको स्वास्थ्य पहिलो प्राथमिकता

# हामी स्वस्थ र सुरक्षित भएमा नै अन्य कामहरू गर्न सक्छौं



; lgn k|hfklt, k|d'v, eQmk'/ gu/kflnsf

*(समसामायिक विषयमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग लिइएको अन्तरवार्ता)*

**प्रश्न : नोबेल कोरोना भाइरस (कोभिड १९) महामारी विश्वव्यापी रूपमा फैलिरहेको यो घडीमा भक्तपुर नगरपालिकाले के कस्तो कार्यक्रम गर्दैछ ?**

**उत्तर :** स्थानीय तह जनताको सबभन्दा नजिकको सरकार भएकोले हरेक समस्यामा जनताले स्थानीय तहबाट सहयोगको आशा गर्नु अस्वाभाविक होइन ।

कोरोना भाइरस (कोभिड १९) को सङ्क्रमण विश्वव्यापी महामारीको रूपमा फैलिंदै छ । यो अत्यन्त छिटो सर्ने सरुवा रोग भएकोले २०७६ पुष १५ पछि चैत्र १७ गते सम्ममा विश्वका १९७ भन्दा बढी देश यस रोगबाट प्रभावित भइसकेको छ । यो रोगले ३३ हजारभन्दा बढीको ज्यान लिइसकेको र ७ लाखभन्दा बढी जनता सङ्क्रमणमा परेको विश्व स्वास्थ्य सम्बन्धी तथ्याङ्क सार्वजनिक गर्ने वर्ल्डोमिटरले जनाएको छ । विश्वमा महाशक्तिको दाबी गर्ने संरा अमेरिका विश्वमै सबैभन्दा बढी संक्रमित भएको देशको रूपमा देखिएको छ । अमेरिकामा १ लाख ४२ हजारभन्दा बढी संक्रमित भइसकेको र २ हजार ४ सय बढीको मृत्यु भएको तथा युरोपकै विकसित देशमध्येको इटालीमा १० हजार ७ सयभन्दा बढी र स्पेनमा ६ हजार ८ सयभन्दा बढीको मृत्यु भइसकेको स्थिति छ । एशिया, अमेरिका, अफ्रिका, युरोपलगायत सबै महादेशका सबैजसो देशका सरकारहरू यस रोगसित लडिरहेका छन् ।

सारा विश्वलाई दुःख दिइरहेको यस रोगबारे नेपाल सरकार संवेदनशील नभएको गुनासो आएपछि सरकारले २०७६ चैत्र मसान्तसम्म स्कुल, कलेज र विश्वविद्यालय बन्द, चैत्र ९–१८ गतेसम्म अन्तर्राष्ट्रिय हवाई बन्द, लामो दूरीको यातायात बन्द, अति आवश्यकबाहेक सबै सेवाबन्द घोषणा गर्दै चैत्र ११ गतेदेखि दुइ पटक गरी चैत्र २५ गतेसम्म लकडाउनको घोषणा गरिसकेको छ ।

कोरोना सङ्क्रमणको सम्भावित जोखिमलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले सार्वजनिक अपिल प्रकाशित गरी घर–घरमा प्रचार प्रसार गऱ्यो, वडा वडाका महत्त्वपूर्ण स्थानहरूमा साबुनपानीले हातधुने र स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था गऱ्यो, मास्कको प्रयोग तथा सरसफाइमा विशेष जोड दियो । जनचेतना अभिवृद्धिको लागि फोहर संकलन गर्ने गाडीहरूमार्फत सूचनाप्रवाह गर्ने, नगरपालिकाको आधिकारिक फेसबुक पेज र अनलाइन पत्रिका तथा एफएमको कार्यक्रममार्फत प्रचार प्रसार गर्दै जनतालाई सुसूचित गर्दै आएको छ । हुल गरी नबस्न, भोज भतेर नगर्न र टोल टोलमा गाउने दाफा भजन नगर्न आह्वान गर्नुका साथै बिस्का जात्रालाई पुजाआजामा मात्रै सीमित गर्न सम्बन्धित सरोकारवालाहरूको बैठक बोलाई निर्णय समेत गरिसकेको छ ।

**प्रश्न : भक्तपुर बढी जनघनत्व भएको नगर, समूह–समूहमा बस्ने यहाँको संस्कृति अब यस्तो अवस्थामा कोरोनाबाट बच्न नागरिकहरूलाई सचेत पार्न के कस्ता गतिविधिहरू गर्दैछ ?**

**उत्तर :** नगर प्रमुखको अध्यक्षतामा विपद् व्यवस्थापन नगर समिति गठनको कानुनी व्यवस्था छ । कोरोना भाइरसको महामारी पनि एक प्रकारको विपद् नै भएको हुँदा चैत्र ९ गते उक्त समितिको बैठक बस्यो र आवश्यक तयारी गर्ने निर्णय गऱ्यो ।

बैठकले कोरोनाबाट बच्न सार्वजनिक स्थलहरूमा हुल नगर्न, धेरै मानिस जम्मा भई भोजभतेर नगर्न, पिकनिक

आयोजना नगर्न, नगरका विभिन्न सांस्कृतिक स्थलहरूमा दाफा–भजन नगर्न र अतिआवश्यक काममाबाहेक घरबाट ननिस्कन नगरवासीहरूमा अपिल गर्ने निर्णय गऱ्यो ।

**प्रश्न : टोल–टोलका पाटीहरूमा दाफाभजन गर्ने हाम्रा सांस्कृतिककर्मी गुरुहरूलाई तपाई के सल्लाह दिनुहुन्छ ?**

**उत्तर :** टोल–टोलमा रहेका पाटी–पौवा हाम्रा सम्पदा हुन् । ती पाटी–पौवामा बसेर दाफा भजन गर्नु हाम्रो संस्कृति हो । दाफा भजनले नै हाम्रा सम्पदा र संस्कृतिलाई जीवन्त बनाइरहेको हुन्छ । यस्ता संस्कृतिको संरक्षण गर्नु हाम्रो सामूहिक जिम्मेवारी हो । भक्तपुर नगरपालिकाले कला–संस्कृति संरक्षणमा निरन्तर कामगर्दै आएको छ ।

आज हामी अत्यन्त विषम परिस्थितिमा छौं । हाम्रो स्वास्थ्यभन्दा ठूलो अरु केही हुन सक्दैन । हामी स्वस्थ र सुरक्षित भएमा नै अन्य कामहरू गर्न सक्छौं । हामीले नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नैपर्छ । यही कुरालाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले सबै नगरवासीहरूलाई केही समयको लागि दाफा, भजन नगर्न तथा केही दिन आ–आफ्नो घरबाट ननिस्कन आग्रह गरेको हो ।

**प्रश्न : लकडाउनको समयमा केही व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरेको पनि सुन्नमा आएको छ । त्यस्ता विषयहरूमा नगरपालिकाले के गर्दैछ ?**

**उत्तर :** अतिआवश्यक सेवाबाहेक अन्य सेवा बन्द गर्ने सरकारको निर्णयसँगै केही व्यापारीहरूले सामान लुकाइ कृत्रिम अभाव सृजना गरी कालोबजारी गरेको भन्ने कुरा नसुनिएको होइन । जनतालाई दुःख परेको बेला सहयोग गर्नुको सट्टा संकटमा फाइदा उठाउने कालाव्यापारीहरूको उद्देश्य हुन्छ । पूँजीवादमा कालाव्यापारीहरूको संजाल बलियो हुन्छ, तिनीहरूले संकटको बेला फाइदा उठाउन अनेकौं उपायहरू अपनाउन सक्छन् । यसबारे हामी सचेत छौं । भक्तपुर नगरभित्र कालोबजारी हुन नदिन अनुगमन समितिलाई सक्रिय बनाउँदै छौं । निर्धारित मूल्यभन्दा बढी मूल्य लिने, म्याद नाघेको सामान बेच्ने व्यापारीहरूलाई कडा कारबाही गर्ने नीति नगरपालिकाले लिएको छ ।

**प्रश्न : यो वर्ष बिस्का जात्रालाई कसरी मनाउने तयारी गर्नु भएको छ ?**

**उत्तर :** बिस्का जात्रा भक्तपुरवासीहरूको महत्त्वपूर्ण पर्व हो । कोरोनाको महामारी फैलिरहेको अवस्थामा बिस्काजात्रा के हुन्छ भनी धेरैले चासोका साथ हेरिरहेको अवस्था छ । सामान्य अवस्था भएमा बिगतका वर्षहरूमा झैं बिस्काजात्रालाई शान्तिपूर्ण, व्यवस्थित र मर्यादित ढङ्गले सम्पन्न गर्ने उद्देश्यले नगर प्रमुखको संयोजकत्वमा बिस्काजात्रा सञ्चालन कार्यदल गठन गरी सकेको हो ।

परिस्थितिको गाम्भीर्यतालाई ध्यानमा राखी २०७६ चैत्र १० गते बसेको कार्यदलको बैठकले जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने अनिवार्य आवश्यकता महसुस गर्दै कोरोना सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर परम्परादेखि चलिआएको बिस्काजात्रालाई औपचारिक पूजामामात्रै सीमित राख्ने निर्णय गऱ्यो ।

उक्त बैठकले हरेक वर्ष चैत्र मसान्तको अन्तिम साताबाट सुरु भई वैशाखको पहिलो हप्तामा सम्पन्न हुने बिस्का जात्राको सिलसिलामा टोलटोलमा हुने तीप्वाजात्रा, खःल्वाकेगु जात्रा, द्यो स्वगं बिइगु जात्रा समेतलाई औपचारिकतामा सीमित राख्ने निर्णय गरेको हुँदा जनताले विशेष परिस्थितिलाई ध्यानमा राखेर उक्त निर्णयअनुसार गर्ने हाम्रो विश्वास छ ।

**प्रश्न : नगरपालिकाले के कस्ता कार्यहरूलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ ?**

**उत्तर :** नगरपालिकाले गर्दै आएका कामहरूमध्ये स्वास्थ्य र सरसफाइ अतिआवश्यक सेवाहरू मध्ये पर्छन् । जनस्वास्थ्यमा काम गर्ने चिकित्सक, नर्स र कर्मचारीहरूलाई बैठक राखेर संकटको बेला बढी जिम्मेवार भएर काम गर्न निर्देशन दिएका छौं । स्वास्थ्यकर्मीहको मागअनुसार सुरक्षित हुने साधन उपलब्ध गराउन हामीले कोसिस गर्दैछौं । केन्द्र सरकारसँग पनि हामीलाई आवश्यक पीपीई माग, थर्मामिटरलगायत आवश्यक सामानहरू उपलब्ध गराउन माग गरेका छौं । जनस्वास्थ्य केन्द्रमा इमर्जेन्सी सेवालाई अझ प्रभावकारी ढङ्गले सेवा प्रदान गर्दै आएका छौं ।

सरकारले घोषणा गरेको लकडाउनको अवधि बढ्न सक्ने कुरालाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले जनतालाई सहज बनाउन बिहान बेलुका निश्चित समय तोकेर १ मिटरको दूरीमा बसेर तरकारीलगायत खाद्यान्न पसलहरू खोल्ने व्यवस्था मिलाएको हो । तर स्थानीय जनताले परिस्थितिको गम्भिरतालाई नबुझेर वा बुझेर पनि बेवास्ता गरेर केही नगरवासीहरू नगरपालिकाले तोकेको अवधिमा विना काम बाहिर आएर घुमघाम गरेको पनि सुन्नमा आएको छ । यसलाई रोक्न आवश्यक छ । यो बन्द कसैको लागि होइन हामीहरू सबैका लागि हो । हामी आ–आफ्नो घरमा बस्नु नै कोरोनाबाट बच्ने सबैभन्दा राम्रो उपाय हो । लकडाउनको समयमा सबै आ–आफ्नो घरमा बसौं । आफू पनि बचौं । अरुलाई पनि बचाऔं ।

# कोरोना विषाणुको सङ्क्रमण रोक्न भक्तपुर नपाले के गरिरहेको छ ?



रविन्द्र ज्याख्व
वडाध्यक्ष, भक्तपुर नगरपालिका

यतिबेला विश्व नै नोवेल कोरोना भाइरसको महामारीको विरुद्ध जुझ्दै छ । नेपालमा पनि भाइरसको सम्भावित संक्रमणको जोखिम न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गरिँदैछ । नेपाल सरकारबाट यही चैत्र ११ गते विहान ६ बजेदेखि देशभरि नै लकडाउन गर्ने निर्णय गरिएको यसैको सिलसिला हो ।

हालसम्म विश्वका १९७ देशमा यो रोगको संक्रमण फैलिएको छ, जसमा ४ लाख १६ हजार ६८६ जनामा संक्रमण भएको पुष्टि भएको छ भने २१ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । नेपाल सरकारले हालसम्म ३ जना नेपालीहरूमा यो रोगको संक्रमण देखिएको, जसमा १ जना पूर्ण निको भई आराम गरिरहेको र २ जनाको सघन उपचार भइरहेको जनाएको छ ।

कोरोना भाइरस आफैं कडा रोग नभएपनि मानिसको व्यवहारमा सामान्य कमजोरी देखिँदा अहिले यो रोगले विश्वव्यापी महामारीको रूप लिएको छ । संक्रमित व्यक्तिले हाछ्युँ गर्दा वा खोक्दा होसियारी नअपनाउँदा, संक्रमित व्यक्तिसँग भौतिक सम्पर्कमा रहँदा र भाइरस भएको सतहमा शरीरको कुनै अंगले स्पर्श गर्दा यो रोग सर्ने अध्ययनले बताएको छ । यो रोगको खोप वा औषधी अहिलेसम्म पत्ता लागिसकेको छैन । त्यसैले यो रोग लाग्नबाट जोगिने उपायहरू अवलम्बन गर्नु र यसबारे सर्वसाधारण जनतामा सचेतना जगाउनु नै कोरोनाविरुद्ध अभियानको उत्तम उपाय हो ।

भक्तपुर नगरपालिकाले छिमेकी देश चीनको उहानमा कोरोना भाइरस रोगको गम्भीर महामारी फैलिएको समयदेखि नै नेपालमा सतर्कता अपनाउनुपर्ने नेपाल सरकारसमक्ष आग्रह गरेको थियो । नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्रका इन्चार्ज डाक्टर र मेडिकल एवं पारामेडिकल जनशक्तिहरूलाई तयारी अवस्थामा रहन निर्देशन पनि दिइएको थियो । कोरोना भाइरस रोगबारे सर्वसाधारण जनतालाई सचेतना जगाउन पर्चा प्रकाशन गरी जनप्रतिनिधि, कर्मचारी एवं स्वास्थ्य स्वयंसेविकाहरूमार्फत जनताको घरदैलोमा पुग्ने कार्य शुरु गरिएको थियो ।

नेपाल सरकारले विद्यालय तहका सबै परीक्षाहरू चैत्र ५ गतेभित्र सम्पन्न गर्न आग्रह गरेबमोजिम नगरपालिकाले नगर शिक्षा कार्यालयमार्फत नगरमा रहेका ९२ वटै विद्यालयका परीक्षा समितिहरू एवं विद्यालय प्रतिनिधिहरूको सल्लाह सुझाव लिई फागुन २७ गतेदेखि विद्यालय तहको परीक्षा संचालन गर्न सबैलाई अनुरोध गरेको थियो । साथै नगर शिक्षामार्फत संचालन गरिने कक्षा ८ को नगरस्तरीय परीक्षाको तालिका संशोधन गरी चैत्र ५ गतेभित्र सौहार्दतापूर्वक सम्पन्न गरिएको थियो । सबै विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूले नगरपालिकाको निर्णयलाई सहर्ष स्वीकार गरेका थिए ।

हरेक वर्ष चैत्रको अन्तिम साताबाट वैशाखको पहिलो सातासम्म हर्षोल्लासपूर्वक मनाइने प्रसिद्ध विस्केट जात्रा रोग संक्रमणको सम्भावित जोखिमलाई मध्यनजर गरी सरोकारवाला सबै सरकारी निकाय, जात्रा सहयोग समिति, भैल नायो, स्थानीय जनप्रतिनिधिलगायतको बैठक डाकियो । सबैको एकमतको राय अनुसार यो वर्षको विस्केट जात्रा र यस अवधिमा टोलटोलमा हुने विभिन्न जात्रा तथा पर्वहरूलाई औपचारिक पूजाआजामा मात्र सीमित गर्ने निर्णय गरिएको थियो । यससँगै नवदुर्गा जात्रा पनि हाललाई रोगको संवेदनशीलतालाई ध्यानमा राखेर स्थगित गर्न आग्रह गरिए अनुसार नवदुर्गा गणले जनअभिमतलाई स्वीकार गरेको छ ।

कोरोनाको सम्भावित जोखिमको विषयमा तयारी अवस्थामा रहन नगरपालिका क्षेत्रभित्रका अस्पतालहरूको प्रमुखहरूको बैठक बसी प्रत्येक अस्पतालले बिरामीको उपचारका लागि आइसोलेशन बेडको तयारी गर्ने निर्णय गरिएको थियो । सोही बमोजिम भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, इवामुरा अस्पताल, सिद्धि स्मृति अस्पताल लगायतले आफ्नो क्षमता अनुसार आइसोलेशन बेड र आइसोलेशन वार्डको व्यवस्था गरेका छन् ।

नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिको बैठकबाट यस संवेदनशील घडीमा धेरै हुल हुने कुनै कार्यक्रम नगर्न, भोजभतेर तथा पिकनिक नगर्न आग्रह समेत गरिएको थियो ।

कोरोना संक्रमणको जोखिम न्यूनिकरण गर्न नगरपालिकाको तर्फबाट घरदैलो सचेतना गर्ने क्रममा वडा कार्यालयमार्फत प्रत्येक घरमा साबुन वितरण गरी हात धुने तरिका सिकाइएको थियो । मुख्य चोक तथा सडकहरूमा साबुन पानीले हात धुन सचेतना पम्प्लेटसहित पानी ट्यांकीको बन्दोबस्त गरियो । साथै सडक, गल्ली, चोक तथा सार्वजनिक स्थलहरूमा क्लोरिनयुक्त चुन र फिनेल छर्ने कार्य भइरहेको छ ।

सरकारको तर्फबाट चैत्र ११ गतेदेखि देशैभरि लकडाउन घोषणा गरेपछि नगरपालिकाले लकडाउनको अर्थ बुझाउन तथा घरमै सुरक्षित रहन आह्वानसहित माइकिङ गरिरहेको छ । साथै नगरपालिकाको फोहर संकलन गर्ने गाडी तथा ट्राइसाइकलहरूमार्फत दैनिक रूपमा कोरोना भाइरस रोगबारे नेपाल भाषा र नेपाली भाषा दुवैबाट सचेतना माइकिङ पनि भइरहेका छन् । प्रहरी प्रशासनसँगको सहयोग र सहकार्यमा कोरोना भाइरसको संक्रमणबारे सचेत हुन तर भयभीत नहुन आग्रह गर्दै पछिल्लो समयमा विभिन्न देशमा अध्ययन वा रोजगारीको सिलसिलामा गएका आफन्तहरू अहिले घर फर्केका छन् भने नगरपालिकाको आधिकारिक वेभसाइटमा रहेको अनलाइन फाराम भरी तिनीहरूको तथ्यांक संकलन गर्ने कार्य भइरहेको छ ।

जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्रलाई चौविसै घण्टा तयारी अवस्थामा राखिएको छ । सबै चिकित्सक, नर्स, प्राविधिक तथा कर्मचारीहरू दैनिक रूपमा बिरामीको सेवामा खटिरहेका छन् । चिकित्सक एवं कर्मचारीहरूको स्वास्थ्यलाई समेत ध्यानमा राखेर चिकित्सकहरूलाई विशेष प्रकारको यूनिफर्म (पीपीई) र केन्द्रमै क्वारेन्टाइनको समेत व्यवस्था गरिएको छ । त्यस्तै केन्द्रको मूलमा सेवाग्राहीहरूको ज्वरो नाप्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, केन्द्र वरपरको सरसफाइमा विशेष जोड दिने कार्यहरू भइरहेका छन् । नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा र शव वाहन सेवालाई एलर्ट अवस्थामा राखिएको छ । महानगरीय प्रहरी परिसरको सहयोगमा केन्द्रमा ५ हजार लिटर क्षमताको पानीट्यांकी राखी सर्वसाधारण सबैलाई हात धुने व्यवस्था गरिएको छ ।

नगरपालिकाका जनप्रतिनिधिहरू रातदिन जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखेर जनतासँग प्रत्यक्ष सम्पर्कमा छन् । टोलटोलमा भएका दैनिक गतिविधि, नयाँ व्यक्तिको प्रवेशसँगै उसको स्वास्थ्य अवस्थाबारे जानकारी लिई प्रशासन र प्रहरीलाई अद्यावधिक गर्ने कार्य गरिरहेका छन् । कसैको स्वास्थ्यमा केही समस्या आएको जानकारी आउनासाथ अस्पताल र प्रशासनको सहयोगमा उसको उपचारको बन्दोबस्तका लागि जनप्रतिनिधिहरू जुटिरहेका छन् ।

सचेत जनताको आग्रहमा नगरपालिकाले विहिबार (चैछ १३ गते) देखि नगरका चोक, गल्ली, सडक र सार्वजनिक स्थानहरूमा गाडीमार्फत क्लोरिन पानी छर्किने कार्य थालेको छ । सरसफाइको क्रममा नगरपालिकाले आफ्ना कर्मचारीहरूको स्वास्थ्यको विशेष ख्याल राखेको छ । कर्मचारीहरूलाई मास्क, क्याप, बुट, स्यानिटाइजर र क्लोरिन छर्कने कर्मचारीहरूलाई एप्रोन, विशेष चस्मा, विशेष मास्कको समेत व्यवस्था गरिएको छ ।

विपद्को समयमा केही कालाबजारीयाहरूले दैनिक उपभोग्य तथा औषधीजन्य सामग्रीहरू लुकाउने, मूल्य बढाउने जस्ता सर्वसाधारण जनतामाथि ठगी गर्ने सम्भावनाप्रति नगरपालिका सजग छ । प्रहरी प्रशासनको सहयोगमा जनप्रतिनिधिहरूकै प्रत्यक्ष सहभागितामा बजार अनुगमन गरी कार्वाही प्रकृया थालिएको छ । बजार अनुगमन निरन्तर चलिरहने छ ।

नोवेल कोरोना भाइरसको संक्रमणबाट विश्व नै त्रसित भइरहेको अवस्थामा यसविरुद्धको अभियानमा सबै जनता एकजुट हुने, सुरक्षित रूपमा घरमा बस्ने, सिर्जनशील गतिविधि गरेर समय बिताउने र समाजलाई प्रगतिउन्मुख बनाउन रचनात्मक सल्लाह सुझाव प्राप्त हुने विश्वास भक्तपुर नगरपालिकाले लिएको छ ।

## बासिबियाँलो



lrqdf rf/j6f l;Ssfnf0{vK6bfP/ /fVbf x/]s l;Ssfn]cfk;df 5f]Psf]5 . olb kfFj6f l;Ssfnf0{klg To;/l g}Psfk;df 5]jfP/ /fVg ;lsG5 < -pQ/ && k[7df_

# बिस्केट जात्रामा अन्तर्निहित धार्मिक सांस्कृतिक पक्षको विश्लेषण



डा. बलराम कायस्थ

**विषय प्रवेश**

बिस्केट जात्रा विविध विशेषता र सांस्कृतिक गतिविधिले युक्त एउटा प्रख्यात जात्रा हो । वस्तुतः भक्तपुरको स्थानीय लोकजीवनमा दशैं पछिको सबभन्दा ठूलो र महत्त्वपूर्ण चाड भनेको बिस्केट नै हो भन्दा अत्युक्ति नहोला । यसमा एकातिर विशाल ध्वजा सहितको लिंगो ठड्याएर जात्रा गरिन्छ भने अर्कातिर काठैकाठबाट निर्मित मन्दिर आकारको भैरव, भद्रकालीको रथ तान्ने जात्रा पनि हुन्छ । यसदेखि बाहेक यसमा अनेक आश्चर्यलाग्दा सांस्कृतिक क्रियाकलाप र धार्मिक गतिविधिहरू पनि हुने गर्दछन् । बिस्केट जात्राकै माध्यमबाट भक्तपुरमा आजपनि मध्यकालीन नेवार संस्कृतिको झझल्को सजीव रूपमा देख्न सकिन्छ । यस पर्वका अवसरमा गरिने धार्मिक अनुष्ठान, पूजापाठ र सांस्कृतिक क्रियाकलापहरू सबै नै भक्तपुरको मल्लकालीन संस्कृतिका विशिष्ट उदाहरण हुन्, जसमा सम्बन्धित देवदेवीलाई पूजा उपासना र जात्रा गरेर खुसी र सन्तुष्ट तुल्याई त्यसबाट सबैले आत्मीय शान्ति र मनोरञ्जन प्राप्त गर्ने भन्ने कुरा बोध हुन आउँछ ।[१]

बिस्केट जात्रा भक्तपुरमा मात्र नभएर वरपरका अन्य स्थानहरूमा पनि आ–आफ्नो ढङ्गले मनाउने प्रचलन रहेको छ । भक्तपुरमा यो जात्रा मूलरूपले भैरव–भद्रकालीको सम्मानमा मनाउने गरिन्छ, तर अन्यत्र भने स्थानीयरूपमा प्रख्यात देवदेवीको सम्मानमा यो जात्रा मनाउने गरिन्छ । यसरी ती जात्रा र भक्तपुरको जात्राबीच कुनै तादात्म्यता रहेको पाइँदैन । तर त्यसोभएपनि ती सबै ठाउँका जात्रालाई बिस्केट नै भन्ने गरिएको पाइन्छ । यस तथ्यबाट ती सबै जात्राहरू भक्तपुरकै बिस्केट जात्राको प्रतिरूप भएको थाहा हुन आउँछ ।[२]

**पृष्ठभूमि**

भक्तपुरका नेवारहरूले वर्षभरि मनाउने अनेक साना ठूला जात्राहरूमा बिस्केट एउटा प्रमुख र महत्त्वपूर्ण जात्रा हो । यो जात्रा नौ दिनसम्म धुमधामले मनाइन्छ । बिस्केट मूल



रूपले लिंगोजात्रा हो, जुन बर्सेनि चैत्र मसान्तका दिन उभ्याएर मेष संक्रान्तिका दिन सम्पन्न गरिन्छ। प्रकारान्तरले यसमा अनेक उपजात्राहरू थपिए। यस्ता जात्राहरूमा भैरव भद्रकालीको रथयात्रा निकै प्रसिद्ध रहेको छ। जुन जात्रा मूल जात्राको चार दिनअघिबाट प्रारम्भ भई मूल जात्रा सकिएको चारदिन पछिसम्म चल्ने गर्दछ। यसकाअतिरिक्त बिस्केटकै अवसरमा यहाँ स्थापित अष्टमातृका लगायत अन्य देवदेवीका स्थानीय स्तरका जात्राकासाथ अनेक आश्चर्यलाग्दा सांस्कृतिक क्रियाकलाप पनि हुने गर्दछन्।[३]

बिस्केट यस भेककै एउटा महत्त्वपूर्ण र रोमान्चकारी जात्रा हो। जात्रा त काठमाडौँमा पनि हुने गर्छ, पाटनमा पनि हुने गर्छ, बनेपा, पनौति लगायत अन्यत्रतिर पनि हुने गर्छ। तर यो जस्तो भव्य र रोमान्चकारी जात्रा अन्त कहिँ पनि छैन भन्दा अत्युक्ति नहोला। किनकि यसमा एकातिर विशाल ध्वजा सहितको लिंगो उभ्याएर जात्रा गरिन्छ भने अर्कोतिर स्थानीयवासीहरू प्रतिस्पर्धात्मक रूपले दुई समूह (थःने – क्वःने) मा विभाजित भएर भैरवभैरवीका रथयात्रा पनि गरिन्छ। यस्तो रोचक र कौतुहलपूर्ण जात्रा भक्तपुरमा मात्र पाइन्छ। यसैकारण एकपल्ट मल्लकालमा ने.सं. ७८३ अर्थात् वि.सं. १७२० मा कान्तिपुरका राजा प्रताप मल्लले पाटनका राजा श्रीनिवास मल्लसंग मिलेर भक्तपुरमा यो बिस्केट जात्रा हुन दिएनन्।[४] यताबाट आफूकहाँ यस्तो जात्रा नभएको कारणले गर्दा छिमेकी राज्यका राजाहरू समेत भक्तपुरको बिस्केटजात्रा देखि इर्ष्या गर्दथे र त्यसलाई बिथोल्ने प्रयास गर्दथे भन्ने कुरा थाहा लाग्दछ। यसरी यस जात्राको सांस्कृतिक महत्त्व कतिसम्म उच्च छ भन्ने कुरा स्पष्ट हुन्छ।

नववर्षको आगमनसँगै बडो धुमधामले मनाइने बिस्केटजात्राको आफ्नै विशिष्ट पहिचान रहेको छ। नेपालकै एउटा प्रमुख सांस्कृतिक सम्पदाको रूपमा यसलाई लिन सकिन्छ। ध्वजा उत्थान गरी जात्रा गर्ने चलन नेपालमा बाहेक अन्त कहीं पनि बाँकी छैन। यसले प्राचीन युरोपमा हुने May pole जात्राको झझल्को दिन्छ। यस किसिमको जात्राले संसार भरिकै जात्रा परम्परालाई संकेत गर्दछ। बिस्केट जात्रा पनि यस्तै किसिमको एउटा महत्त्वपूर्ण परम्परा हो, जुन प्राचीन समयदेखि वर्तमानसम्म निरन्तर चल्दै आएको छ।

यो बिस्केट जात्रा निश्चित् रूपमा भक्तपुरमा मनाइने भएपनि यो समग्र नेपालीकै लागि महत्त्वपूर्ण मानिएको छ। किनकि यो जात्राको हाम्रो सांस्कृतिक जीवनमा महत्त्वपूर्ण स्थान छ। यसैकारण बिस्केटको लिंगो ढालेको नहेरी कुनै नेपालीको मृत्यु भएमा चित्रगुप्तको दरबारमा पनि प्रश्न सोधिन्छ रे – तैँले बिस्केटको जात्रा हेरेको छस् ? यसरी मृत्युपश्चात् यमलोकमा सोधिने यस धारणाले गर्दा यो अधिराज्यभर सबै जाति र वर्गको पर्व जनाउँछ।[५] अझ त्यसमाथि क्षेत्री बाहुन (नेवारेत्तर) समाजमा चलेको वैशाख संक्रान्तिका दिन बिहानै शिवपुरी शिखरस्थित बागमतीको उद्‌गम बागद्वार र टोखा नजिक सपनतीर्थमा स्नान, दान, पूजापाठ आदि गरेर अनि मध्यान्हमा बिस्केट जात्रा हेर्न जाने चलनले पनि यस पर्वलाई केवल एक स्थान र एक समाजको घेरामा रहन नदिएर बृहत राष्ट्रिय पृष्ठभूमिमा देखाउने भएकोले यसलाई राष्ट्रिय पर्वको रूपमा प्रस्तुत गर्न सकिन्छ। यसमा गरिने पूजापाठ, जपतप, होम, यज्ञयज्ञादि जस्ता विधिविधानहरूलाई केलाएर हेर्दा यो जात्रा स्थानीयवासी नेवारहरूको मात्र जात्रा नभएर सम्पूर्ण हिन्दूहरूको जात्रा हो भन्ने देखिन्छ। वस्तुतः बिस्केट भन्ने शब्द नै संस्कृतको **'विश्वकेतु'** शब्दको अपभ्रंश भई आएको शब्द मानिन्छ। **'विश्वकेतु'** को अर्थ हुन्छ – विश्वध्वजा अर्थात् संसारको ध्वजा।[६] प्रत्येक वर्ष चैत्र मसान्तका दिन विश्वध्वजा उत्थान गरी मेष संक्रान्तिका दिन जात्रा गर्ने प्रथा वैदिककालदेखि सुरु भएको प्रथा हो। स्मरणीय कुरा के छ भने प्राचीन ग्रन्थहरूमा यस जात्रालाई विश्वयात्रा भनिएको र विश्वयात्राका विधिविधानसम्बन्धिी असङ्ख्य हस्तलिखितग्रन्थहरू हाल पनि राष्ट्रिय अभिलेखालय, काठमाडौँमा सुरक्षित रहेका छन्। यसरी उक्त दिन ध्वजोत्थान गरी जात्रा मनाउनाले सर्वत्र सुख, शान्ति, समृद्धि फैलिने, जीव र जगतको कल्याण हुने, शत्रु क्षय हुने जस्ता कुराहरू मनुको वचन भनेर **'गौतमीतन्त्र'** नामक प्राचीन ग्रन्थमा उल्लेख भएको पाइन्छ।[७] तर आज यो प्रथा नेपाल एक ठाउँ बाहेक अन्त कहीँ पनि अस्तित्वमा रहेको देखिँदैन।

## धार्मिक र सांस्कृतिक पक्षको विश्लेषण

यो जात्रा विशेष गरेर भक्तपुरका प्रमुख देवता विश्वनाथ भैरवको जात्राका रूपमा प्रसिद्ध रहेको छ। किनकि भैरवको प्रतीकको रूपमा चैत्र मसान्तका दिन ठडिने लिंगोको टुप्पोमा फहराइने जोडी ध्वजालाई अभिलेखीय प्रमाणका आधारमा विश्वध्वजा, वीरध्वजा, विश्वकेतु आदि भनिएबाट यस तथ्यको पुष्टि हुन्छ। सो जोडी ध्वजालाई भैरव र शक्तिको प्रतीक मानिन्छ। अनि जात्रा हुने मूल स्थान भद्रकाली पीठ नै रहेबाट यो कुरा स्पष्ट हुन्छ। लिंगो ठडिने खाल्डोलाई प्रतीकात्मक रूपमा भद्रकालीको योनी र लिंगोलाई भैरवको लिङ्ग मानिन्छ। जब त्यस खाल्डोमा परेर लिंगो ठडिन्छ तब वातावरण रोमान्चक बन्न पुग्छ। किनकि त्यस क्रियालाई भैरव र भद्रकालीबीचको समागम वा शिव र शक्ति आपसमा एकाकार भएको प्रतीक अर्थमा लिने गरिन्छ। यसबाट समस्त जगतमा सुख, शान्ति र समृद्धि फैलिने जनविश्वास रहेको पाइन्छ। यताबाट यस जात्राको खास अभिप्राय लिंगो ठड्याएर आम दर्शकलाई मनोरन्जन मात्र पुऱ्याउने नभएर भैरव र भद्रकालीलाई आपसमा समागम गराउनु पनि रहेको देखिन्छ, जुन क्रिया तान्त्रिक दृष्टिकोणले

निकै महत्त्वपूर्ण मानिन्छ । वास्तवमा लिङ्ग र योनी – यी दुई नै सृष्टिको मूल रहस्य हो । पुरुष र स्त्रीको पारस्परिक संयोग बिना सृष्टि प्रभृति हुन सक्दैन । शिव र शक्ति, ईश्वर र माया, पुरुष र प्रकृति चाहे जुनै नाम लिए पनि सर्वत्र नै यी दुई मूल शक्तिको पारस्परिक संघर्षबाट नै सृष्टि कार्य सम्पन्न हुने गर्छ ।[८] यसरी तान्त्रिक दृष्टिले हेर्दा यस जात्रालाई भैरव–भैरवीबीचको आपसी समागमको प्रतीक अर्थमा लिन सकिन्छ ।

यथार्थमा भैरव किसानहरूका देवता र भक्तपुर किसान बाहुल्य सहर भएकोले यहाँ यस किसिमको जात्रा गर्ने परम्परा चलेको देखिन्छ । समयमा पानी परोस् कृषि बाली सप्रियोस्, रोगव्याधि नफैलियोस्, कुनै किसिमको दुर्भिक्ष नहोस्, सबैतिर सुख शान्ति र समृद्धि फैलियोस् भन्ने कामनार्थ प्रत्येक वर्ष वर्षारम्भ हुनु अघि मेष संक्रान्तिका दिन सहकालका देवता आकाश भैरव र उनकी शक्ति भद्रकालीप्रति सम्मान दर्शाउनका निम्ति नै यहाँ यो लिंगो जात्रा संस्कृतिको विकास भएको हो ।

यस जात्राका प्रमुख देवता विश्वनाथ भैरव भक्तपुर शहरको केन्द्रबिन्दु मानिने टौमढीटोलस्थित मन्दिरमा निवास गर्दछन् । यी भैरवलाई आकाश भैरव, नृत्यनाथ आदि नामले पनि सम्बोधन गरिन्छ । भक्तपुरलाई राजधानी नगरको रूपमा स्थापना गर्ने संस्थापक शासक आनन्ददेव (वि.सं. १२०४–१२२४) ले नगर निर्माण गर्दा तान्त्रिक रूपमा नगरको रक्षार्थ नगरवरिपरि आठ कुनामा अष्टमातृका र माझमा भैरवनाथ स्थापना गरेको वर्णन वंशावलीमा पाइन्छ ।[९] यसैकारण नगरवासीहरू आजपनि यिनलाई आफ्ना संरक्षक देवताको रूपमा मान्दछन् ।

भैरव नै महादेव हुन् । महादेवको रौद्र रूपलाई नै भैरव भन्ने गरिन्छ । पौराणिक आख्यान अनुसार भगवान विष्णुले राम र कृष्णको अवतार लिनुको मुख्य उद्देश्य आसुरी प्रवृत्तिलाई नाश गर्नकालागि थियो भने महादेवको भैरव अवतारको मुख्य उद्देश्य भने अहंकारी ब्रम्हालाई दण्ड दिनका लागि थियो । यसरी भैरव स्वयं महादेवका अर्का रूप हुन् भन्ने थाहा हुन्छ । बिस्केट जात्राका प्रमुख देवता पनि भैरव नै हुन् । तन्त्रशक्तिका मूलआधार भएका हुनाले भक्तपुरमा भैरवनाथ र उनकी शक्ति भद्रकालीको सम्मानित स्थान रहेको पाइन्छ । यसैकारण चैत्र मसान्तका दिन साँझपख मूल जात्रास्थलमा जब भैरवनाथकै प्रतीक स्वरूप रहेको विशाल काठको लिंगो उभ्याइन्छ, तब त्यस खुसीयालीमा उनीप्रति सम्मान दर्शाउन नगरभरिका समस्त देवी–देवताका खटयात्रा निकाल्ने गरिन्छ । यस तथ्यबाट पनि उनको महत्त्व, गरिमा र स्थान कतिसम्म उच्च छ भन्ने थाहा हुन्छ । साथै भक्तपुरमा मनाइने प्रायः सबैजसो चाडपर्व, जात्रामा अनिवार्य रूपले उनको पनि पूजा, जात्रा गर्नु पर्ने परम्परा रहेबाट पनि यो तथ्य अझै स्पष्ट हुन्छ । उनी नगरसंरक्षकका अलावा सहकालका पनि प्रतीक हुन् ।[१०] उनी भक्तपुरमा रहन थालेदेखि नै यहाँको उब्जनी दोब्बर वृद्धि भएको जनविश्वास पाइन्छ । बिस्केट जात्रासँग सम्बन्धित प्रमुख गुथिहरूमा नेतृत्वदायी भूमिका किसान वर्गकै रहेबाट पनि यो कुरा स्पष्ट हुन्छ । वास्तवमा भैरवनाथ किसानहरूकै देवता हुन ।[११] यसैले उत्तर भारतपछि भैरवलाई ज्यादा पुज्ने ठाउँ भनेको उपत्यकाको भक्तपुर नै हो । यहाँका प्रत्येक टोल, चोक, गल्लीमा अनेक नामका भैरव भेट्टिन्छन् । यी भैरव अनेक रूपमा भेट्टिन्छन् । जस्तै कुनै मानवको रूपमा, कुनै जनावरको रूपमा, कुनै हिमालयको रूपमा, कुण्डको रूपमा, यन्त्रको रूपमा, भाँडाबर्तनको रूपमा, यहाँसम्मकि पेयपदार्थको रूपमा समेत भैरव भेट्टिन्छन् । तर यी समस्त भैरवहरूमा मुख्य भैरव टौमढीटोलका आकाशभैरव नै हुन्, जसलाई स्थानीयवासीहरू काशी विश्वनाथको रूपमा पुज्दछन् । तलेजु मन्दिरमा भक्तपुरको संकल्प वाक्य पढ्दा ***'तुलजा आकाश भैरव विराजित भक्त पतने महानगरे'*** भनेर पढिन्छ ।[१२] यसबाट भक्तपुरका प्रमुख देवता भैरव नै हो भन्ने कुरामा कुनै शंकाको ठाउँ रहँदैन । यसर्थ भैरवनाथको सम्मानमा वर्षको एक पटक भक्तपुरमा बिस्केट जात्रा मनाउने गरिएको हुनाले यस जात्राका मुख्य देवता पनि भैरवनाथ नै हुन् भन्ने कुरामा कसैको दुइमत हुन सक्दैन । **'द्यः क्वहाँ बिज्याकिगु', 'द्यः थाहाँ बिज्याकिगु', 'द्यः थाते लाकिगु', 'द्यः सगं बियेगु'** आदि सबै विधिविधान देवी–देवतासँग सम्बन्धित छन् । जात्रामा कुनै किसिमको गडबडी वा व्यवधान उत्पन्न भएमा त्यसलाई देवता रुष्ट भएको सम्झेर तत्काल तान्त्रिक विधिले पशुबलिसहित क्षमापूजा गरी पुनः जात्रा अघि बढाउने परम्परा पाइन्छ । भक्तपुरमा पाइएको एउटा थ्यासफुमा ने.सं. ७२३ देखि ने.सं. ९३६ सम्मको अवधिमा भएका बिस्केट जात्राहरूमा उत्पन्न व्यवधानहरू र तिनको शान्तिस्वस्ति गर्दाको प्रक्रियाबारे उल्लेख भएको पाइन्छ ।[१३]

यहाँनेर एकथरी मानिसहरू नागनागिनी सम्बन्धी किम्बदन्तीलाई नै प्रमाण मानेर लिंगोमा फहराउने ध्वजालाई नागनागिनीको मृत शरीर मानेर त्यसैको स्मृतिमा बर्सेनि यो जात्रा प्रदर्शन गरिएको हो भन्ने भनाइ राख्दछन् । **तर यो भनाइ बिल्कुलै गलत देखिन्छ ।** प्रचार प्रसारले वास्तविक कुरालाई विस्थापित गरी बिस्यातः (सर्प मारेको) जात्रा भनेर आम सञ्चार माध्यम तथा इतिहासकारहरूले समेत गलत जानकारी सम्प्रेषण गरेर इतिहास बङ्ग्याउने काम गरिरहेका छन् । यथार्थमा बिस्यातःबाट बिस्केट भएको नभई विश्वकेतुबाट बिस्केट भएको र भाषिक दृष्टिले पनि उपरोक्त भनाइ तर्कसंगत देखिन्छ ।[१४] यस जात्रासँग सम्बन्धित विधिविधान वा क्रियाकलापहरूको अध्ययन विश्लेषण गर्दा पनि यो जात्रा पूर्ण

रूपले धार्मिक पृष्ठभूमिमा आधारित र तान्त्रिक विधिले सम्पन्न हुने जात्रा रहेको तथ्य स्पष्ट हुन आउँछ । यस जात्राका मुख्य नायक भैरव हुन् । अभिलेखीय प्रमाणका आधारमा पनि यो जात्रा भैरवकै हो भन्ने थाहा हुन्छ । किनकि यदि यो जात्रा नागनागिनीको जात्रा भएको भए नागनागिनीको प्रतीक मानिएको जोडी ध्वजामा त्यससम्बन्धी कुनै संकेत पाइनु पर्ने थियो तर ध्वजामा त्यस्तो कुनै चिन्ह भेट्टिंदैन, बरु त्यसमा अष्टमंगलको प्रतीक चिन्हकासाथ आकाश भैरवको मूर्तिचित्र अंकित रहेको पाइन्छ । वि.सं. १८५४ र वि.सं. २००४ का शाहकालीन दुईवटा ध्वजा अभिलेखमा पनि लिंगोलाई स्पष्ट शब्दमा आकाश भैरव र ध्वजा (पताका) लाई वीरध्वजा सम्बोधन गरिएको पाइन्छ ।[१४] अर्को कुरा, जात्राको बेला लिंगोको टुप्पातिर प्रतीकात्मक रूपमा रहेको शिर र हातमा बेरिने ३२ हाते नीलो कपडाले पनि लिंगो भैरव कै प्रतीक हो भन्ने थाहा हुन्छ, किनकि भैरवको रूप वर्ण अक्सर गरी नीलै हुन्छ । यसैले भैरवको पूजा गर्दा नीलो बस्त्र चढाउने परम्परा आज पनि पाइन्छ । साथै भैरवनाथ गुथिले नै विश्वध्वज लिंगो जात्रा संचालन गर्दै आएकोले पनि यो जात्रा भैरवकै जात्रा हो भन्ने थाहा हुन्छ । यी उल्लिखित तथ्यहरूबाट यो जात्रा टौमढीका आकाश भैरवको जात्रा हो भन्ने बुझिन्छ । आकाश भैरव नै विश्वनाथ भैरव हुन् । विश्वनाथ भैरवको ध्वजा भएकोले यसलाई विश्वध्वजा र त्यससम्बन्धी जात्रा भएकोले यसलाई विश्वजात्रा वा विश्वध्वज जात्रा भनिएको हो । अब यहाँनेर स्मरणीय कुरा के छ भने काशीबाट जात्रा हेर्नका लागि आएका मानवरूपी विश्वनाथ भैरवलाई यहीं प्रतिस्थापन गरेदेखि मात्र यस जात्राको परम्परा थालनी भएको जस्तो देखिए पनि वास्तवमा त्यसभन्दा अघिदेखि नै यहाँ यो जात्राको प्रचलन थियो, तर त्यतिखेर भद्रकाली (नकिंजु अजिमा) को मात्र जात्रा हुने गर्दथ्यो । मातृशक्तिको पूजा गर्ने परम्परा आदिमकालदेखि प्रचलित रहेको सन्दर्भमा यहाँ यो जात्रा चलेको देखिन्छ, तर पनि यसलाई विविध प्रकारले भव्यताकासाथ मनाउने परम्पराको थालनी भने भैरवनाथ भक्तपुरमै रहन थालेदेखि मात्र हो । अस्तु ।

**परिशिष्ट (क)**

भक्तपुरमा पाइएको शीर्षक नखुलेको बिस्केटजात्रा सम्बन्धी एउटा हस्तलिखित टिपोट (थ्यासफू) को प्रतिलिपि













साभार– ज्ञानकर वज्राचार्य, साकोठा, भक्तपुर ।

यस थ्यासफूमा ने.सं. ७२३ देखि ने.सं. ९३६ सम्म बिस्केटजात्राको सिलसिलामा भएका घटना, दुर्घटना र तिनको क्षमापूजा गर्दाको विवरण परेका छन् ।।।

**परिशिष्ट (ख)**

'नेपाल वर्षक्रिया', राष्ट्रिय अभिलेखालय, हस्तलिखित ग्रन्थ, माइक्रोफिल्म नं. बी ४३७/१५ पत्र सङ्ख्या १ को प्रतिलिपि । साभार – राष्ट्रिय अभिलेखालय, पुरातत्त्व विभाग, काठमाडौं ।



प्रस्तुत ग्रन्थको यस मूलपाठमा गौतमीतन्त्रमा आधारित विश्वयात्राको महत्त्व र उपादेयता माथि प्रकाश पारिएको छ । जसअनुसार विश्वजात्रा मनाउँदा अनेक लाभ प्राप्त हुने कुरा वर्णन गरिएको छ । जस्तै चैत्र मसान्तका दिन ध्वजा फहराएर मेष संक्रान्तिका दिन सो ध्वजा ढालेर जात्रा सम्पन्न गर्नाले सर्वत्र सुख, शान्ति र खुसीयाली फैलिनुका साथै शत्रु क्षय हुनेछ भनी यस जात्राको महत्त्व बारे उल्लेख गरिएको छ ।

–अनु. विनोदराज शर्मा, भक्तपुर इपाछेँ ।

**पाद टिपोट**

१) बलराम कायस्थ, भक्तपुरको विश्वयात्रा(बिस्केट) को सामाजिक, सांस्कृतिक अध्ययन (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रि.वि., कीर्तिपुर : वि.सं. २०७०, पृ. ३४१–४२ ।

२) बलराम कायस्थ, 'बिस्केट जात्रा : जात्रा एक रूप अनेक,' प्राचीन नेपाल, सङ्ख्या १९९ (जेठ २०७६), पृ. ४१–५० ।

३) देवीप्रसाद लम्साल, भाषा वंशावली भाग २, काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ५४ ।

४) भक्तपुर निवासी स्व. ज्ञानकर वज्राचार्यको संग्रहमा रहेको ने.सं. ७२३ देखि ने.सं. ९३६ सम्मका बिस्केट जात्रासँग सम्बन्धित अनिष्ट दुर्घटना र तिनको शान्ति स्वस्ति गर्दाका प्रक्रियाका बारेमा विवरण परेको थ्यासफूको पत्र सङ्ख्या ६, ७ र ८ । यसको प्रतिलिपि परिशिष्ट (क) मा प्रस्तुत छ ।

५) रवि चालिसे, हाम्रा चाडपर्व, काठमाडौं : सूचना विभाग, वि.सं. २०३९, पृ. ७ ।

६) डि.आर.रेग्मी, मिडियभल नेपाल भाग २, कलकत्ता : के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ. ६५० ।

७) 'नेपाल वर्षक्रिया', पुरातत्त्व विभाग, राष्ट्रिय अभिलेखालय, हस्तलिखित ग्रन्थ, माइक्रोफिल्म नं. बी ४३७/१५, पत्र सङ्ख्या १ । यसको प्रतिलिपि परिशिष्ट (ख) मा प्रस्तुत छ ।

८) महामहोपाध्याय गोपीनाथ कविराज, भारतीय संस्कृति और साधना, पटना : विहार राष्ट्र भाषा परिषद, वि.सं. २०१९, पृ. ५०८ ।

९) लम्साल, पादटिपोट नं. ३, पृ. २० ।

१०) भैरवनाथ गुथिका मूलनाइके ज्ञानबहादुर छुकाडबाट मिति २०६७।४।२३ गते प्राप्त जानकारीको आधारमा ।

११) राजबली पाण्डेय, हिन्दूधर्मकोश, लखनऊ, उत्तर प्रदेश : हिन्दी संस्थान, प्रयाग, वि.सं. २०५३, पृ. ४८२ ।

१२) रमापतिराज शर्मा, 'हामीकहाँका भैरव–एक अध्ययन', पासुका, वर्ष ३, अङ्क १० (असार २०५६), पृ. ३ ।

१३) पादटिपोट नं. ४ , पृ. १–२३ ।

१४) विनोदराज शर्मा, 'भक्तपुरको बिस्केट जात्रा : जात्रा एक नाम अनेक', खोप्रिङ ,वर्ष १४, अङ्क १३ (वि.सं.२०६२), पृ. ४३–४४ ।

१५) कायस्थ, पादटिपोट नं. १, पृ. १३८ ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# पोखरीहरूको शहर-भक्तपुर



ओम धौभडेल

नेपालका ७७ जिल्लामा सबैभन्दा सानो भक्तपुरको पनि सबैभन्दा सानो नगर भक्तपुर हो । हाल १० वडामा विभाजित यो नगरको क्षेत्रफल ६ दशमलव ८८ वर्ग किमी छ । क्षेत्रफलको आधारमा सानो भएतापनि यो नगर मौलिक वास्तुले धनी भएको एउटै उदाहरण यति सानो नगर भित्र ४ दर्जनभन्दा बढी साना ठूला पोखरीहरू हुनुबाट प्रस्ट हुन्छ । किरातकालमै खोपृङ नामले प्रसिद्धी कमाइसकेको यो नगर लिच्छवि राजा शीवदेव द्वितीय र अंशुवर्माको समयसम्म आइपुग्दा माखोपृङ सतलद्रङ भइसकेको प्रमाण भक्तपुर गोल्मढीको वि.सं. ५१६ को अभिलेखबाट पुष्टि हुन्छ । यसको अर्थ तत्कालीन समयसम्ममा भक्तपुर विकसित बस्तीहरूको शहरको रूपमा विकास भएको जानकारी मिल्छ । वास्तुशास्त्र मुताविक त्यसबखत यहाँ वास्तुका विभिन्न अंगहरू जस्तै थुप्रै पोखरीहरू समेत बनेको हुनुपर्छ । तर त्यसबखतको इतिहासमा लिखित रूपमा पोखरीहरूको बारे उल्लेख भएको पाइएको छैन । भक्तपुरमा यसरी पोखरीहरूबारे ऐतिहासिक प्रमाणहरू नभेटिए पनि लिच्छविकालमै नेपालमण्डलको अन्य ठाउँहरूमा भेटिएका अभिलेखहरूमा पोखरीहरूबारे उल्लेख गरेको यथेष्ट प्रमाणहरू महत्त्वपूर्ण सम्पत्ति हो । तत्कालीन समयमा पोखरीलाई जनाउने खातक, पुष्करिणी, तोयाशये, जलाशय, मणिनागाट्टी, जस्ता शब्दहरू प्रयुक्त भएको पाईन्छ । उदाहरणको लागि ई.सं.६३५ को बलम्वुको अभिलेखमा उपयोग भएको **खातक** शब्दले पोखरी जनाउँछ । जुन लिच्छवि राजा भिमार्जुनदेव र जिष्णुगुप्तको संयुक्त शासनकालको हो । त्यस्तै इ.सं.६४३ को भृङ्गारेश्वरको अभिलेखमा पोखरीलाई इगित गर्दै **तोयाशये** शब्दको उपयोग भएको छ । यता इ.सं. ६९९ को शीवदेव द्वितीयको भृङ्गारेश्वरको अभिलेखमा पोखरीलाई **जलाशय** भनिएको छ । यसबाट यहाँ लिच्छविकालमा प्रशस्त पोखरीहरू अस्तित्वमा रहिसकेको ज्ञात हुन्छ । त्यसमा पनि इ.सं. ६३५ को थानकोट बलम्वुको भिमार्जुनदेव र जिष्णुगुप्तको अभिलेखमा पर्वतको तल र माथि अनेक पोखरीहरू भएको कुराको उल्लेख छ । सोही पोखरीहरूबाट खानेपानीको साथै सिचाइँको लागि कुलो बनाएको पनि उल्लेख छ । अर्का लिच्छवि राजा जयदेव द्वितीयको नक्साल नारायण चौरको अभिलेखमा नगरभित्र राजप्रासाद, द्वार, बाटो, शुल्कशाला, नाट्यशाला, बगैंचा, मन्दिर, वौद्ध बिहार आदि वास्तुहरूको साथ **मणिनागाट्टी** भएको उल्लेख छ । यहाँ उल्लेख भएको सो शब्दले पोखरीलाई जनाउँछ । वास्तवमा यहाँनेर कौटिल्य अर्थशास्त्रले समेत घर, जग्गा, बगैंचा,



बाँध, पर्खाल, ताल, पोखरीलाई वास्तुको संज्ञा दिएको सान्दर्भिक हुन आउँछ ।

## इतिहास बोकेका पोखरीहरू

भक्तपुर नगर स्थापना गर्ने लिच्छवि राजा आनन्ददेवले सम्पूर्ण नेपाल मण्डलको राजधानी भक्तपुर बनाउने क्रममा नगरको मध्य भागमा साततले त्रिपुर दरबारसहित तीनवटा चोक, सुनको धारा प्रतिष्ठा गरेको गोपाल राजवंशावलीमा उल्लेख छ । यसको लागि उनले आवलना विद्वानहरूलाई वास्तु सम्वन्धी थुप्रै ग्रन्थहरू समेत लेख्न सार्न लगाए । आफू स्वयंले पनि प्रतिष्ठासार जस्तो वास्तु सम्वन्धी ग्रन्थ लेखेबाट भक्तपुर नगरको स्थापनाताका यहाँ विभिन्न पर्खाल, द्वार, गढ, कोट, खाई, लगायत ठाउँ ठाउँमा पोखरीहरू पनि बनाउन लगाएको हुनुपर्छ । त्यसो त भक्तपुरको इतिहासमा भक्तपुरलाई वास्तुमय बनाउने सिलसिलामा ठाउँठाउँमा विभिन्न पोखरीहरू बनेको देखिन्छ । यसमा भक्तपुर नगरको पश्चिम दिशाको एउटा महत्त्वपूर्ण पोखरीको नाम अग्रपंक्तिमा आउँछ । तः पुखुले प्रसिद्ध सिध्द पोखरीको निर्माण ने.सं. २३९ मा भएको प्रमाण आफैंमा ऐतिहासिक दस्तावेज हो । त्यस्तै सोही तः पुखुभन्दा केही दूरी पूर्व अर्को एउटा ठूलो पोखरी रहेको छ । जसलाई नः पुखुले चिनिन्छ । यो पोखरीको निर्माण तःपुखु भन्दा ५० वर्ष पछि भएको अर्थात ने.सं. २८९ तिर भएको महत्त्वपूर्ण सूचना गोपाल राजवंशावलीबाट प्राप्त हुन्छ । भक्तपुर तलेजुभित्रको दुमाजु पोखरी अर्को एक ऐतिहासिक पोखरी हो । यहाँ भक्तपुर नगर स्थापनासित जोडिएको भोलाछेँ पोखरी र गलसी पोखरीको नाम बिर्सनु हुँदैन अझ कहावतमै सीमित भए पनि, पौराणिक कालमै लामगः पोखरी बनिसकेको देखिन्छ । रावणको घुँडाले बनेको खाल्डोमा निर्मित पोखरी रावण गः नै पछि अपभ्रंशा भई लामगः पोखरी भएको कहावत छ ।

यता मल्लकालमा भक्तपुरमा अरु थुप्रै पोखरीहरू बनेको देखिन्छ । मल्लकालको पूर्वाद्धमा नगरलाई काठको पर्खालले घेरिराखेकोमा पछि यक्ष मल्लको पालामा पक्की पर्खाल लगाई नगर पस्ने अष्टद्वारहरू बनाउन लगाए । साथै ती द्वारहरूसँगै खाई (एक प्रकारको लाम्चो आकारको पोखरी) बनाउन लगाए । जुन नगर पस्ने द्वारको भित्र वा बाहिर हुन्थ्यो । यसमा अभिलेख सहितको पोखरीको नाम लिनुपर्दा जगज्योर्ति मल्लको नाम गर्वका साथ लिन सकिन्छ । उनले ने.सं. ७५० मा भक्तपुर नगरको पश्चिमी थुम्को मुपुज्वः भन्दा केही पूर्वतर्फको अलि समथर भागमा बनाउन लगाएको रानी पोखरी भक्तपुरका पोखरीमा सबैभन्दा सुन्दर भएको कारण रानी पुखु कहलिए । सो सम्बन्धी अभिलेखमा पनि **पुष्करिणी** उल्लेख छ । यिनै राजाको पालामा ने.सं. ७७२ मा भक्तपुर तलेजुभित्रको दुमाजु

### भक्तपुरका पोखरीहरूको नामावली

१. सिद्ध पोखरी, इनागः, वडा नं १
२. रानी पोखरी, मुपुज्वः, वडा नं १
३. तेखापोखरी, तेखाचो, वडा नं १
४. भाजु पोखरी, इनागः, वडा नं १
५. इनमा पोखरी, इनागः, वडा नं १ (लुप्त)
६. नःपोखरी, इटाछेँ, वडा नं. २
७. तधां ब्यासी पोखरी, तधां ब्यासी, वडा नं २
८. कालदह पोखरी, मेगः, वडा नं २
९. नार्काबाहारे, ब्यासी, वडा नं २ (लुप्त)
१०. ख्यः पोखरी, चिधां ब्यासी, वडा नं २ (लुप्त)
११. ब्यासी पोखरी, ब्यासी, वडा नं २
१२. अलिगचा पोखरी, चिधां ब्यासी, वडा नं. २ (लुप्त)
१३. ब्यासी बाहारे पोखरी, ब्यासी, वडा नं २ (लुप्त)
१४. ख्यः पोखरी, इन्द्रायणी पीठ, वडा नं २
१५. मचाफोंग पोखरी, इन्द्रायणी पीठ, वडा नं.२
१६. छुम्ह तं क्वने पोखरी, ब्यासी, वडा नं २
१७. दुमाजु पोखरी, लायकु, वडा नं. ३
१८. भण्डारखाल पोखरी, लायकु, वडा नं.३
१९. सुन्धारा पोखरी, लायकु, वडा नं. ३
२०. लयको पोखरी, लयको, वडा नं. ४
२१. मंगलकुण्ड पोखरी, नासमना, वडा नं. ४
२२. माकचो पोखरी, मंगलाछेँ, वडा नं.४
२३. तेखाचो पोखरी, देगमना, वडा नं.४
२४. ख्यः पोखरी, योसीं ख्यः, वडा नं. ४
२५. दुईचा पोखरी, चुपिंघाट, वडा नं. ४
२६. गलसी पोखरी, गलसी, वडा नं. ५ (लुप्त)
२७. मार्कण्डेय पोखरी, तुलाछेँ, वडा नं. ५ (लुप्त)
२८. कुमारी पोखरी, कुमारी पीठ, वडा नं ५
२९. अँचा पोखरी, महाकाली पीठ, वडा नं. ६
३०. ख्यः पोखरी, महाकाली पीठ, वडा नं. ६ (लुप्त)
३१. भोलाछेँ पोखरी, भोलाछेँ, वडा नं. ६
३२. चोर्चा पोखरी, चोर्चा, वडा नं ६
३३. नाग पोखरी, थालाछेँ, वडा नं. ६
३४. खोहरे पोखरी, हनुमानघाट, वडा नं. ७ (लुप्त)
३५. खोर्चा पोखरी, भीमसेनस्थान, वडा नं. ७ (लुप्त)
३६. याता बाहारे पोखरी, याता, वडा नं. ७
३७. न्हाद पोखरी, याता, वडा नं. ७
३८. खँचा पोखरी, खँचा, वडा नं. ८
३९. जेलाँ पोखरी, जेलाँ, वडा नं. ८ (लुप्त)
४०. पुखुचा, जेलाँ, वडा नं. ८
४१. च्याम्हासिंह पोखरी, च्याम्हासिंह, वडा नं ८
४२. भुलाँ पोखरी, च्याम्हासिंह, वडा नं ९
४३. गरुडकुण्ड पोखरी, च्याम्हासिंह, वडा नं. ९
४४. लामगः पोखरी, कमलविनायक, वडा नं ९
४५. सँला गणेश पोखरी, तचपाल, वडा नं. ९
४६. तिलांचा कुण्ड पोखरी, सकोलान, वडा नं. ९ (लुप्त)
४७. यातुबाहारे पोखरी, कमलविनायक, वडा नं. १०
४८. ग्वंग पोखरी, मूलढोका, वडा नं. १०
४९. बेखाल पोखरी, बेखाल, वडा नं. १०
५०. क्वाठण्डौ पोखरी, क्वाठण्डौ, वडा नं. १०

पोखरीको पानीको सतह बढेर पूजा गर्न बसेका केही मानिसहरूको मृत्यु भएको उल्लेख छ । त्यस्तै उनले ने.सं. ७९२ मा भण्डारखाल दरबार सँगै भण्डारखाल पोखरी बनाई सो सम्बन्धित शिलापत्र राख्न लगाए । यता भक्तपुरका अर्का राजा जितामित्र मल्लको पालामा भक्तपुरको पूर्वीभेगको पहाड नगरकोटको तिंचा महादेव पोखरीदेखि राजकुलो बनाई भक्तपुर दरबारसम्म पानी ल्याई सो पानी संचित गरी एउटा पोखरी बनाउन लगाए । यो ने.सं. ७९८ को घटना हो । यिनै राजाको समयका एक प्रभावशाली मन्त्री भाजुकसले बनाउन लगाएको भनिएको भाजु पुखुबारे गहकिलो अध्ययनको खाँचो महसुस हुँदैछ । यस्तै भक्तपुरका अन्तिम मल्लराजा रणजित मल्लले आफ्नी एक मठयाहा रानी डुयिनीलाई खुशी पार्न चुपिंगघाटस्थित धौभडेल शिवालय भित्र एउटा पोखरी बनाउन लगाए, जसलाई दुइँचा पुखुले चिनिन्छ । यस्ता विविध इतिहास बोकेका भक्तपुरमा प्रशस्त पोखरीहरू यद्यपि जीवन्त नै छन् ।

## धार्मिक तथा सांस्कृतिक आस्थाको केन्द्र

भक्तपुर नगर भित्रका टोल बस्तीमा रहेका प्रायः पोखरीहरू परापूर्वकालदेखि नै यहाँको स्थानीय बासिन्दाहरूको धर्म, कर्म तथा संस्कृतिसित अभिन्न सम्बन्ध गाँस्दै आइरहेकोछ । बिहान उठ्नासाथ नित्य स्नान, मुख धुने, तर्पण दिने, देवदेवीलाई शुध्द जल चढाउने जस्ता कार्यहरूमा यहाँका पोखरीहरूको उपयोग हुँदै आएको छ । नगरको बाहिरी भेगमा रहेका पोखरीहरूमा दक्षिणी दिशा बाहेक पूर्वको यातुबाहारे कमलविनायक पोखरी, उत्तरमा मुगथौ पोखरी, पश्चिममा रानी पोखरी, भाजु पोखरी, तः पोखरी, नः पोखरीहरूको डिलमा नेवारहरूको इष्टदेवता दिगुःद्यः रहेका छन् । जहाँ दिनलाई आधार बनाएर सुभ्याके लगायत तः दिन, अक्षय तृतिया, सिथी र बारलाई आधार बनाएर आइतबार र विहीबार ठूलो मेला लाग्छ । यता धार्मिक तथा सांस्कृतिक आधारमा तःपुखु सिद्ध पोखरीको नाम अगाडि आउँछ । यहाँ भाद्रशुक्ल चर्तुदशी र पूर्णिमाको दिन ठूलो मेला लाग्छ । यस्तै भक्तपुरको यन्याँपुन्हीको अवसरमा तीन दिनसम्म फरक फरक तीन ठाँउबाट याँमता ल्याउने क्रममा पहिलो दिनको याँमताको जात्रा पछि यातुबाहारे पोखरी परिक्रमा गराउने चलन छ । दोस्रो दिनको याँमताको जात्रा पछि भ्रौख्यः को मुगथौ पोखरी परिक्रमा गराउनुपर्छ । अन्तिम दिनको याँमताको जात्रा पछि तः पोखरी घुमाउने चलन छ । त्यस्तै मोहनीको आश्विन शुक्ल षष्ठिको दिन तः पोखरीमा नवरात मेला धुमधामसित लाग्छ । त्यस्तै चारधाम, तीनधाम, सिलु जस्ता तिर्थाटनबाट फर्केका भक्तजनलाई यही पोखरीबाट बाजागाजाका साथ घर फिर्ती ल्याउने चलन छ । जनैपूर्णिमाको दिन भक्तपुर ब्यासीस्थित कालदह पोखरीमा स्नान वा मुख धोएमा रसुवाको प्रसिद्ध सिलु दहमा स्नान गरे जति नै पुण्य मिल्ने कहावतले सो दिन कालदह पोखरीमा ठूलो भिड लाग्छ । भोलाछेँबाट उत्तरको महाकाली पीठ समिप रहेको अँचा पोखरीमा प्रत्येक तीन वर्षको एकपटक एक महिना पुरुषोत्तम महिनाभरि ठूलो मेला लाग्छ । नासमनाको मंगलकुण्ड पोखरीमा प्रत्येक वर्ष ऋषि पन्चमीको दिन मेला लाग्छ । कार्तिक शुक्ल पूर्णिमाको दिन यातु महाद्यः पोखरीमा मेला लाग्छ । जनै पूर्णिमाको दिन नगरकोटको तिंचा महादेव पोखरीमा ठूलो मेला लाग्छ । यातुबाहारे कमल विनायक पोखरीमा आश्विन शुक्ल अष्टमीको दिन नवरातको मेला लाग्छ ।

## औषधिमूलोको केन्द्र

भक्तपुरमा रहेका कयौं पोखरीहरू औषधियुक्त पानीले भरिएको हुन्छ भन्दा पत्याउन नसकिएला । वास्तवमा यहाँका पोखरीहरूमा देखिएको अर्को एउटा विशेषता वा गुण, पोखरीको पानीले कतिपय अवस्थामा औषधिको समेत भूमिका निभाएको हुन्छ । उदाहरणको लागि भक्तपुर तलेजु भित्रको दुमाजु पोखरीलाई लिन सकिन्छ । यहाँ रुन्चे लागेका केटाकेटीलाई आइतबार वा बिहिबारको दिन मुख धुवाएमा रुन्चे निको हुन्छ भन्ने मान्यता छ । त्यस्तै सिपाडोलदेखि बग्दै आएको खोला चम्पकेश्वर महादेव नजिक पुगेपछि काँल्हाचा पोखरी भई चुपिंघाटमा मिसिन्छ । यही काँल्हाचा पोखरीमा नुहाएमा घाउ खटिरा निको हुन्छ भन्ने मान्यता छ । भक्तपुर तचपालबाट गछैँ जाने बाटोमा तिलांचा नामको कुण्ड पोखरी थियो । यो पोखरीमा रुन्चे लागेका बच्चाहरूलाई मुख धुवाएमा निको हुने विश्वासले यहाँ भिड लागेको हुन्थ्यो । यस्ता अरु पनि उदाहरण खोजी गरे भेटिन्छ ।

## कमलको फूल र पातको श्रोत

हाम्रो धर्म र संस्कृतिमा कमलको फूल र पातको ठूलो महत्त्व छ । फूलहरूमा सर्वश्रेष्ठ मानिएको कमलको फूल विभिन्न चाडपर्व, जात्रामा देवदेवीलाई चढाउने चलन छ । विशेषगरि चोथा, मोहनी, सापारु आदिमा कमलको फूल वा पात अति आवश्यक मानिन्छ । पानी र हिलोमा मात्र फूल्ने यस्तो महत्त्वको फूल उत्पादन हुने प्राकृतिक सिमसार नगर वरपर नभैदिंदा हाम्रा पूर्खाहरूले मानवीय रूपले नगरको चारैतिर पोखरीहरू बनाई कमलको फूल र पातको आवश्यकता पूरा गरेको देखिन्छ । यसरी कमलको फूलकै लागि बनाएको विशेष पोखरीहरूलाई यहाँ पोखरी भन्नुको साटो बाहारे भनिएको आफैमा महत्त्वपूर्ण छ । यहाँ बाहारे शब्दको शाब्दिक अर्थ के हो खोतल्न बाँकी नै छ । भक्तपुर नगरको चारै दिशामा यस्ता बाहारे पोखरीको ब्यवस्था गरेको छ । यसमा भक्तपुर नगरको पूर्वमा रहेको यातु बाहारे पोखरी सबैभन्दा ठूलो बाहारे पोखरी हो । त्यस्तै नगरको

पश्चिमको पलेस्वां बाहारे, दक्षिणमा रहेको याताको बाहारे पोखरी र उत्तरको ब्यासी बाहारे पोखरी कमलको फूल र पातको लागि निर्मित बाहारे पोखरीहरू हुन्। त्यस्तै तलेजु भवानीको पूजापर्वमा आवश्यक पर्ने कमलको फूल र पातको लागि ब्यासीटोल नेर नार्काबाहारे पोखरीसमेत अलग्ग व्यवस्था भएको देखिन्छ।

## निजी उपयोगको क्रममा पोखरीहरू

पोखरीसित मानिसको सम्बन्ध केलाउने क्रममा यी माथिका उद्देश्यहरू भन्दा पृथक तर अत्यावश्यक सम्बन्ध अझ महत्त्वपूर्ण हुन आउँछ। नगरको छेउछाउका पोखरीहरू वास्तु एवम सौन्दर्यको लागि निर्माण भएको हुन्छ भन्ने नगर भित्रका पोखरीहरू यहाँका नगरवासीहरूको दैनिक जनजीवनसँग जोडिएको हुन्थ्यो। आगलागी जस्ता प्राकृतिक विपत्तिदेखि गाईवस्तुहरूलाई नुहाउन, पानी ख्वाउन, हातखुट्टा धुन, खेतबाट ल्याएका औजार सफा गर्न, भाँडा माझ्न, लुगा धुन, तरकारी पखाल्न आदि जस्ता कार्यहरू गर्न यी पोखरीहरूको उपयोग भएको पाईन्छ। त्यस्तै आजकल यहाँका पोखरीहरू युवाहरूको लोकप्रिय स्थल बन्न पुगेको छ। अचेल यहाँका कयौं पोखरीहरू आन्तरिक एवम बाह्य पर्यटकहरूको गन्तब्यस्थल बन्न पुगेको छ। कयौं पोखरीहरूमा माछा पालेर आर्थिक फाईदा पनि लिन थालिएको छ। यसैबीच केही समय अगाडि भक्तपुरको सबैभन्दा ठूलो सिद्ध पोखरीबाट नौकाविहार शुरु गरी पोखरीको उपयोग आधुनिक तौरबाट भएकोलाई सुखद मान्नुपर्छ। अझ कयौं पोखरीहरूलाई गर्मीयाममा पौडी पोखरीको रूपमा विकास गर्न सकिन्छ। कयौं पोखरीमा रातको समयमा रंगी विरंगी प्रकाश दिई फोहरा निकाल्न सकिन्छ। यसको साथै कयौं पोखरीहरूले पुनजीर्वन पाइसकेको छ। कयौंले पाउँदैछ। लुप्त पोखरीहरूलाई पनि पुनर्जीवन दिनसके साँच्चिकै भक्तपुर पोखरीहरूको शहरको रूपमा जाज्वल्यमान हुनेछ।

## भक्तपुरको धर्म संस्कृतिसित जोडिएको नगर बाहिरका पोखरी

१. तिंचा महादेव पोखरी, नगरकोट
२. मुगथौ पोखरी, झौख्यः (लुप्त)
३. यातु महादेव पोखरी, खरिपाटी
४. अनन्तलिंगेश्वर कुण्ड पोखरी, गुण्डु

## सन्दर्भ श्रोत


१. नेपालको प्राचीन अभिलेख, हरिराम जोशी
२. प्रज्ञा, अंक ८३, वास्तुकलाको संक्षिप्त परिचय, तारानन्द मिश्र
३. कौटिल्य अर्थशास्त्र,
४. गोपाल राजवंशावली, (अनूदित), कमलप्रकाश मल्ल, धनबज्र बज्राचार्य
५. देवमाला वंशावली, पीर महन्त
६. मेडियभल नेपाल तेश्रो, डा. डिल्लीरमण रेग्मी
७. सिध्दपोखरी एक ऐतिहासिक विश्लेषण, प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ
८. नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, लिलाभक्त मुनंकर्मि
९. मध्यकालया छुं घटनावली छगु अध्ययन, डा. चुन्दा वज्राचार्य
१०. पूर्णिमा, वर्ष २, अङ्क १



पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

eQmk'/ gu/kflnsf

# ङातापोल मन्दिर जीर्णोद्धारबारे सूचना

भक्तपुरको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको सिलसिलामा सम्पदा अनुरागी जनता, विभिन्न संघ, संस्था र पर्यटकहरूलगायत चन्दादाताहरूबाट स्वेच्छाले चन्दा, दान दातब्य दिन चाहेमा तथा श्रमदान समेत गर्न चाहने व्यक्ति, संघ-संस्था, गुथि, टीम, क्लबलाई सहयोगका लागि आह्वान गरिन्छ।

उपभोक्ता समिति अध्यक्ष - केशव तमखु
नेपाल बैंक लिमिटेड खाता नं. -
०१९००१०६८२६४०९००००१

eQmk'/ gu/ sfo{fflnsfsf]sfof{no
व्यासी २, भक्तपुर

**कम्प्युटर विषयमा सीट थप**

# किन प्रवर्द्धन गरिनुपर्छ ख्वपका इन्जिनियरिङ कलेजहरू



सुनिल दुवाल

सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिने अभिप्रायले भक्तपुर नगरपालिकाले सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ। २०५६ सालमा तत्कालीन ख्वप उच्च माविको स्थापनापछि २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान र २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङको स्थापना गरेर विभिन्न विधामा उच्च शिक्षा प्रदान गराउँदै आएको छ। त्यसैगरी भक्तपुरका बुद्धिजीवीहरूले स्थापना गरेको शिक्षाशास्त्रको पढाइ हुने शारदा क्याम्पस र शारदा मावि पनि नगरपालिकालाई हस्तान्तरणपश्चात् हाल सातवटा शैक्षिक संस्थाहरू सञ्चालित छन्। शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रलाई आधार मानेर सञ्चालन भएका यी कलेजहरू नै ख्वप विश्वविद्यालयका जगहरू हुन्।

भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्र बनाउने र समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यअनुरूप ख्वप विश्वविद्यालय स्थापना गर्नको लागि संसदमा विधेयक २०६४ सालमा पेश गरिएको थियो र २०७३ सालमा संसदमा पुगेको थियो। तर, हालसम्म पनि संसदमा छलफलको लागि पेश गरिएको छैन। ख्वप विश्वविद्यालय भक्तपुरका जनताको सपना हो र यसको स्थापना गर्नका लागि आवश्यक पूर्वाधार र जनशक्ति उपलब्ध छन्। त्यसैले ख्वप विश्वविद्यालयको विधेयक चाँडै संसदमा छलफलको लागि पेश हुनेमा भक्तपुरका जनता आशावादी छन्।

विश्वविद्यालय स्थापनाको सपना पूरा नहुञ्जेल जनताका छोराछोरीलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिएर २१ औँ शताब्दीका चुनौतीहरू सामना गर्नसक्ने बनाउन नयाँ–नयाँ विषयहरूको अध्ययन–अध्यापन गराउने सोचसहित ख्वप कलेजले BBA र BSc CSIT जस्ता विषय अध्ययन/अध्यापन अनुमति मागेको थियो। त्यसैगरी ख्वप कलेज अफ इन्जिनियरिङले पनि कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रोनिक्स र आर्किटेक्चर विषय अध्यापन गराउन त्रिविसँग २०६८ सालमै निवेदन दिएको थियो।

BBA र BSc CSIT को विषय निजी लगानीका कलेजहरूलाई दिइयो। तर, सबै पूर्वाधारको व्यवस्था गरिसकेको ख्वप कलेजलाई दिइएन। ख्वप कलेज अफ इन्जिनियरिङमा सबै पूर्वाधार हुँदा पनि २०७४ साल साउनमा कम्प्युटर इन्जिनियरिङको लागि स्वीकृति दिएको थियो। भक्तपुर नगरपालिकाले सस्तोमा उच्च शिक्षा प्रदान गर्छौं भन्दा स्वीकृति नपाउनु आश्चर्यको कुरा हो।

फागुन १८ गतेको 'कान्तिपुर' दैनिक र फागुन १९ गते सम्पादकीयमा विश्वविद्यालयले दिने सम्बन्धन र कार्यक्रम थपका निर्णयहरू मन्त्रिपरिषद्ले गरेको भन्ने विषयका समाचारप्रति गम्भीर ध्यानाकर्षण भयो। समाचार र सम्पादकीय सतही जानकारीको आधारमा लेखिएको देखिन्छ। मन्त्रिपरिषद्को फागुन १२ गतेको बैठकको निर्णयअनुसार ख्वप कलेज अफ इन्जिनियरिङमा कम्प्युटर विषयमा ४८ सीट थप र माघ २७ गतेको निर्णयबाट थापाथली क्याम्पसमा अटोमोबाइल र आर्किटेक्चर ४८/४८ सीट सङ्ख्या थपको निर्णय त्रिभुवन विश्वविद्यालयबाट पहिले नै भइसकेका हुन् र अहिले नेपाल इन्जिनियरिङ परिषद्बाट स्वीकृतिका लागि मन्त्रिपरिषद्बाट गरिएका निर्णयहरू हुन्। **२०७५ साल साउनबाट कार्यक्रम थप नगर्ने भन्ने निर्णय भए पनि ख्वप कलेज अफ इन्जिनियरिङले कम्प्युटर इन्जिनियरिङमा ४८ जनाको सीट सङ्ख्या थप्ने**



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**ख्वप कलेज अफ इन्जिनियरिङ्ग**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

स्थापना २०६५

इमेल: info@khwopa.edu.np

वेब: www.khwopa.edu.np

प्रेस विज्ञप्ति

सर्वसाधारण जनताका छोराछोरीलाई सस्तोमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आएको भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस ख्वप कलेज अफ इन्जिनियरिङ्गको नाम उल्लेख गरी मन्त्रीपरिषद्बाट बी.ई. कम्प्युटर इन्जिनियरिङ्ग शैक्षिक कार्यक्रम स्वीकृति सम्बन्धमा फागुन १८ गते 'कान्तिपुर' दैनिकको समाचार, फागुन १९ गतेको 'कान्तिपुर' दैनिककै सम्पादकीय तथा फागुन २१ गतेको त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघको प्रेस विज्ञप्तिप्रति यस कलेजको ध्यानाकर्षण भयो।

यस कलेजले २०६५ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई स्नातक तह सिभिल र इलेक्ट्रिकल विषय सञ्चालन गर्दै आएकोमा २०७४ साल साउन १ गतेबाट कम्प्युटर इन्जिनियरिङ शैक्षिक कार्यक्रम सञ्चालन गर्न त्रिभुवन विश्वविद्यालय योजना निर्देशनालयबाट स्वीकृत भई शैक्षिक सत्र २०७४/७५ देखि कम्प्युटर इन्जिनियरिङ्ग शैक्षिक कार्यक्रम सञ्चालनमा रहेको स्पष्ट पार्न चाहन्छौं। सो शैक्षिक कार्यक्रमको नेपाल इन्जिनियरिङ्ग परिषद्को इन्जिनियरिङ्ग शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने विनियमावली २०६६ बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्बाट स्वीकृतिको लागि सम्बन्धित मन्त्रालयबाट नेपाल सरकार मन्त्री परिषद्मा सिफारिस गरिएको हो। मन्त्रीपरिषद्को सो निर्णयअनुसार नेपाल इन्जिनियरिङ्ग परिषद्बाट उक्त कार्यक्रम सञ्चालन गर्न अस्थायी मान्यताको स्वीकृति प्राप्त भएको छ।

कम्प्युटर इन्जिनियरिङ्ग शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धमा कुनै अन्यौल नभएको तथा समाचार तथा वक्तव्यमा उल्लेख भएबमोजिम सो निर्णय त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित नभएको व्यहोरा सम्पूर्ण विद्यार्थी, अभिभावक र सर्वसाधारणको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

मिति: २०७६ फागुन २३

ई. सुनिल दुवाल

प्राचार्य

**स्वीकृति भने २०७४ साल असार २३ गतेको त्रिवि योजना निर्देशनालयको निर्णयबाट भएको हो र सोही निर्णयबमोजिम हाल यो कार्यक्रम सञ्चालनमा छ ।**

**इन्जिनियरिङ शिक्षाको हकमा विश्वविद्यालयबाट स्वीकृति प्राप्त भए पनि नेपाल इन्जिनियरिङ परिषद्ले पनि स्वीकृत गर्नुपर्ने प्रावधान छ ।** नेपाल इन्जिनियरिङ परिषद्को इन्जिनियरिङ शिक्षण संस्थालाई मान्यता प्रदान गर्न विनियमावली २०६६ (चौथो संशोधन २०७० सहित) मा उल्लेख भएबमोजिम कार्यक्रम थप गर्न स्वीकृति प्राप्त कलेज/क्याम्पसबाट उत्तीर्ण भएका इन्जिनियरहरूले मात्र इन्जिनियरिङ पेशा अवलम्बन गर्न लाइसेन्स प्राप्त गर्नसक्ने प्रावधान छ ।

पहिले यस्तो निर्णय मन्त्रिपरिषद्बाट गरिँदैनथ्यो तर अहिले किन भयो ? पहिले सञ्चालनमा रहेका कार्यक्रमहरू के विनास्वीकृति सञ्चालन भएका हुन् ? यस्ता प्रश्न उठ्नु अस्वाभाविक भन्न मिल्दैन । नयाँ इन्जिनियरिङ कलेज सञ्चालन वा कुनै कार्यक्रम थप गर्न इन्जिनियरिङ परिषद्मा निवेदन दिइसकेपछि अनुगमन गरेर ठीक भएमा इन्जिनियरिङ परिषद्को बोर्डको सिफारिसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वीकृति प्रदान गर्छ । मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि ती कलेज/क्याम्पसबाट उत्तीर्ण विद्यार्थीले लाइसेन्स प्राप्त गर्न योग्य हुन्छन् । पछिल्लो समयमा भौतिक पूर्वाधार मन्त्रालयले स्वीकृत गर्ने कार्यका लागि मन्त्रिपरिषद्को बैठकमा पुर्‍याउने गरिएको छ ।

नेपाल इन्जिनियरिङ परिषद्को नियमावली २०६६ (चौथो संशोधनसहित २०७०) को दफा ३.३ (३) मा स्वीकृतिको लागि नेपाल सरकारमा पठाउने भन्ने बुँदालाई कानुनी व्याख्या गर्दै नेपाल सरकार भनेको मन्त्रिपरिषद् हो भन्ने व्याख्या गरिएबाट स्वीकृतिको लागि मन्त्रिपरिषद्मा लग्ने प्रावधान भएको हो । सोहीबमोजिम मन्त्रिपरिषद्को फागुन १२ को बैठकमा ख्वप कलेज अफ इन्जिनियरिङ र माघ २७ मा थापाथली क्याम्पस र सोभन्दा अगाडि विभिन्न इन्जिनियरिङ क्याम्पस/कलेजहरूका निर्णयहरू भएका हुन् । यी सबैजसो इन्जियिरिङ कलेज क्याम्पसहरूका निर्णयहरू सबै इन्जिनियरिङ परिषद्सम्बन्धी निर्णयहरू हुन् ।

पत्रिकामा प्रकाशित समाचारले सर्वसाधारणमा भ्रम सिर्जना भएको देखियो । सङ्घीयताको मूल मर्म नै विकेन्द्रीकरण भएकोले यस्ता निर्णयहरू सम्बन्धित परिषद् वा विश्वविद्यालयले नै गर्दा उचित हुन्थ्यो । मन्त्री तथा उच्चपदस्थ कर्मचारीहरूमा सानोभन्दा सानो निर्णय पनि सिंहदरबारबाटै हुनुपर्ने एकात्मक सोच भएकोले समस्या देखिएको हो ।

इन्जिनियरिङ कलेजहरूलाई स्वीकृति दिने र अनुगमन गर्ने विषयमा अहिले एउटा बहस चलेको छ– कलेजहरूलाई स्वीकृति दिने र अनुगमन विश्वविद्यालयले गर्ने वा परिषद्ले ? विज्ञहरू कलेजहरू स्वीकृति र अनुगमन विश्वविद्यालयबाट नै गर्नुपर्ने र परिषद्ले नीति नियम बनाउनुपर्ने मत राख्छन् । विश्वविद्यालयसँगै मिलेर अनुगमन गर्ने वा विश्वविद्यालयका अनुगमन समितिमा परिषद्का पदाधिकारी पनि रहने व्यवस्था गरिए उत्तम हुने तर्क पनि छ । कलेजका सञ्चालक तथा प्राध्यापकहरू विश्वविद्यालयबाटै अनुगमन हुनुपर्ने राय पेश गर्दछन् । त्रिवि इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गत स्नातक तहका इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न अध्ययन संस्थानले नै सम्बन्धन प्रदान गर्ने तथा सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूको अनुगमन गर्ने कार्य निर्देशिका २०६८ मा उल्लेख छ ।

प्रतिष्ठित राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीय सतही जानकारीको आधारमा लेखिँदा अन्योल पैदा भएको छ । मन्त्रिपरिषद्बाट यसअघि पनि त्रिविलगायत विभिन्न विश्वविद्यालयका कार्यक्रम थपसम्बन्धी निर्णय भइसकेको छ । ख्वप कलेज अफ इन्जिनियरिङले त्रिविमा कार्यक्रम थपको लागि २०६८ सालमा निवेदन दिएको थियो र २०७४ साल साउन १ गतेको त्रिवि योजना निर्देशनालयको पत्रबाट कार्यक्रम थपको स्वीकृति प्राप्त गरिसकेको थियो । साथै कलेजले नेपाल इन्जिनियरिङ परिषद्मा कार्यक्रम थपको लागि २०७२ भदौ २० गते नै निवेदन दिएको थियो र सोही आधारमा परिषद्को बोर्ड बैठकबाट कार्यक्रम थपको स्वीकृतिको निर्णय भएको परिषद्बाट २०७५ कार्तिक २५ गते प्राप्त पत्रबाट प्रस्ट छ ।

परिषद्को निर्णयबाट सिफारिस भई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा स्वीकृतिका लागि गएपछि शिक्षा मन्त्रालयबाट मनसाय पत्र चाहिने भन्ने विषयमा पत्राचारहरू भएका थिए । नेपाल सरकारको निजी लगानीमा सञ्चालन हुने प्राविधिक महाविद्यालय र कलेज/क्याम्पससम्बन्धी आधारभूत नीति २०६३ बमोजिम शिक्षा मन्त्रालयको मनसाय पत्र आवश्यक भएको भन्ने विषयमा विभिन्न चरणमा छलफल भएको थियो । सो नीतिको दफा ९ (ग) मा उल्लेखित नेपाल सरकारबाट खोल्ने प्राविधिक महाविद्यालयहरूका लागि यो नीति लागू नहुने भन्ने प्रावधान छ । ख्वप कलेज अफ इन्जिनियरिङ भक्तपुर नगरपालिकाले सञ्चालन गरेको हुँदा मनसाय पत्र आवश्यक नभएको स्पष्ट छ । सोहीबमोजिम मन्त्रिपरिषद्को फागुन १२ गतेको बैठकबाट स्वीकृत भएको हो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङलगायतका शैक्षिक संस्थाहरू देश र जनताको हितमा स्थापित भएको हुँदा सरकार वा कुनै व्यक्ति वा संस्थालाई रिझाएर नाफा कमाउने उद्देश्य छैन । ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप इन्जिनियरिङ कलेजले मनाङबाहेक ७६ वटै जिल्लाका विद्यार्थीलाई इन्जिनियरिङ विषयमा अध्ययन गर्न अवसर दिइसकेको छ । अतः ख्वप कलेजहरू सञ्चालन हुँदा देशभरिकै जनताले सुविधा पाउनेमा दुईमत नहोला । यसतर्फ विश्वविद्यालय, परिषद् र सरकारको ध्यान जान आवश्यक छ । सरकारले भक्तपुरका जनताको सपना ख्वप विश्वविद्यालय सञ्चालन गर्न स्वीकृति दिने हो भने देशको शिक्षा क्षेत्रमा थप योगदान पुग्ने निश्चित छ । यसमा सबैको ध्यान जाओस् भन्ने अपेक्षा गर्दछौँ ।

*(लेखक ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य हुनुहुन्छ ।)*

# काठमाडौँ उपत्यकाका पोखरीहरू

दामोदर न्यौपाने

काठमाडौँ उपत्यकाका 'तीन सहर'मा ११८ पोखरी छन् । काठमाडौंमा २७, भक्तपुरमा ४० र ललितपुरमा ५१ । तीमध्ये २५ पोखरीमा भवन बनेका छन् । १६ पोखरी मैदान भएका छन् । ९ पोखरी सुक्खा छन् । एउटामा मन्दिर बनेको छ । धेरै पोखरी जीर्ण र सुक्खा छन् । केही मात्र ठीक अवस्थामा छन् । मासिएका कतिपय पोखरी पुनःस्थापित गर्न स्थानीय बासिन्दा जुर्मुराएका छन् ।

पोखरी मासेर भौतिक संरचना बनाउन लागेपछि दुइटाको विवाद सर्वोच्च अदालतमा पुगेको छ । ललितपुर, थेचोको पिन पोखरीको केही भाग मासेर वृद्धाश्रम बनाउन लागिएको छ । प्रदेश सरकार र गोदावरी नगरपालिकाको बजेटमा स्थानीय उपभोक्ता समितिले निर्माणको काम अघि बढाएको हो । स्थानीयले भने निर्माण रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । हाल मुद्दा र भवन निर्माण सँगसँगै चलिरहेका छन् ।

काठमाडौं, ठमेलस्थित सिंहसार्थबाहु गुथिको पोखरीमा पाँच अर्ब रुपैयाँमा १५ तले व्यापारिक भवन छाया सेन्टर ठडिएको छ । पोखरीलाई राणा प्रधानमन्त्री चन्द्रशमशेरका छोरा केशरशमशेर र तिनका सन्ततिले जबर्जस्ती हडपेको भन्दै स्थानीय बासिन्दाले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् । छाया सेन्टरले भने त्यो पोखरी निजी भएको दाबी गर्दै आएको छ । सेन्टरका प्रबन्ध निर्देशक महेश्वर श्रेष्ठले भने, 'पहिले यो पोखरी नै हो तर केशरशमशेरले नौका विहार गर्ने पोखरी ।' स्थानीय बासिन्दा छाया सेन्टर भत्काएर पोखरी कायम गर्न माग गर्दै आन्दोलनमा छन् । उनीहरूले सरकारले नभत्काए छाया सेन्टर आफै भत्काउने चेतावनीसमेत दिए ।

ललितपुर, लगनखेलको सप्तपाताल पोखरी पुरानै अवस्थामा फर्काउन सर्वोच्च अदालतले गत असार २३ गते आदेश दिएपछि पोखरी पुनःस्थापना अभियानमा लागेकाहरू उत्साहित भएका छन् । नमुना मच्छिन्द्र स्कूलले पोखरी हडपेर भवन बनाउन थालेपछि २०६१ सालयता अदालतमा पटकपटक रिट दायर भएका थिए । अदालतले हरेकपटक पोखरीको पक्षमा फैसला गरे पनि कार्यान्वयन भएको थिएन । पछिल्लोपटक निर्माणाधीन भवन, टहरासहितका संरचना हटाएर पोखरीलाई पुरानै अवस्थामा फर्काउन सर्वोच्चले आदेश दिएपछि भवन बनाउने प्रक्रिया रोकिएको छ । पोखरी जोगाउन १५ वर्ष कानुनी लडाइँ लडेका पूर्ण स्थापितले भने, 'मुद्दा छाड्न धेरैले दबाब दिए । धेरैले धम्की दिए तर हामीले छाडेनौं ।'

विवाद लिएर अदालत नपुगे पनि मध्यपुर थिमीको प्राचीन पोखरी 'वंगा पुखु' पुनःस्थापना गर्न स्थानीय जनता अघि सरेका छन् । सो पोखरीमाथि २०३२ सालमै तत्कालीन गाउँ पञ्चायतले आफ्नो भवन बनाएको थियो । त्यसैलाई भत्काएर हालसालै मध्यपुर थिमी नगरपालिकाले करिब तीन करोड रुपैयाँमा ६ नम्बर वडा कार्यालय भवन बनाउन लागेपछि स्थानीय बासिन्दा विरोधमा उत्रेका छन् । वडाध्यक्ष इन्द्रबहादुर प्रजापति भने भवन बनाउन दृढ देखिन्छन् । 'वडा भवनको पहिचानै पोखरीमाथिको भवन भन्ने हो,' उनले भने, 'भवनको यो पहिचान जोगाउनुपर्छ । विरोध दुई–चार जना काम नपाएकाले गरेका हुन् । धेरैको माग भवन बनाउनुपर्छ भन्ने नै छ ।'

काठमाडौंमा भीमसेन थापाले खनेको नागपोखरीमा अहिले सिभिल मल खडा भएको छ । नक्सालको सिन्धुवाल पोखरीमा प्रहरी कार्यालय बसेको छ । टेकुमा बमवीर विकटेश्वर गुथिको नाममा रहेको पोखरीमा गगनचुम्बी भवन बनेका छन् ।

ललितपुर, पुल्चोकको एउटै परिसरमा ३२ रोपनीमा फैलिएका चारवटा पलेस्वाँ (कमल) पोखरी मध्ये एउटामा ललितपुर महानगरपालिकाको भवन ठडिएको छ । अर्कोमा त्रिपद्म मावि भवन बनाइएको छ भने तेस्रो पोखरीमा महानगरपालिकाले गत साउनदेखि पार्किङ सञ्चालन गर्न ठेक्का दिएको छ । पुल्चोककै नाग गाः पुखु (पोखरी) मा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र भवन रहेको छ । नः टोलको पोखरीमा मदन स्मारक विद्यालय बनेको छ । हिटी गाः पोखरीमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको कार्यालय छ । मचागाः पोखरीमा भवन बनेको छ । पाटनढोकाको लिगं पोखरीमा शौचालय बनेको छ । लगनखेलको लखन पोखरीमा प्रहरी कार्यालय छ । सप्तपातालमा नमुना मच्छिन्द्र स्कूल बनेको छ ।

१६ रोपनीमा फैलिएको कुमारीपाटीको तः पुखु (पोखरी) मा व्यक्तिगत भवन ठडिएका छन् । ०४६ सालसम्म पुरानै स्वरूपमा रहेको यो पोखरी अहिले चार आना पनि बाँकी छैन । पाँच रोपनीमा फैलिएको प्रयाग पोखरीमा ललितपुर जिल्ला खेलकुद विकास समितिको भवन रहेको छ । समितिले १० वटाभन्दा बढी सटर भाडामा लगाएको छ । 'नगरपालिकालगायत निकायले त पोखरीजस्ता ऐतिहासिक सम्पदा जोगाउने पो हो, तिनैले आफ्ना कार्यालय पोखरीमा बनाएका छन्,' स्थानीय भन्छन्, 'पहिला गरेका गल्ती सच्याऊ भन्दा

उल्टै हामीमाथि अनेक आरोप लगाइन्छ ।' पुरातत्त्व विभागले भने सम्पदा संरक्षणको जिम्मेवारी स्थानीय सरकारले पनि लिनुपर्ने बताएको छ । 'हामीले देख्ने ठाउँमा त हामी संरक्षण गर्छौं । मासिन लागेको रहेछ भनेर जोगाउँछौं,' पुरातत्त्व विभागका महानिर्देशक दामोदर गौतमले भने, 'दूरदराजमा त विभाग पुग्न सक्दैन । त्यहाँको संरक्षण गर्ने जिम्मा स्थानीय सरकारकै हो । संविधानले पनि सम्पदा जोगाउने जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।'

## सहर सभ्यताको अङ्ग

पानी विज्ञ पीएस जोशीका अनुसार उपत्यकाका पोखरी रणनीतिक दृष्टिले बस्तीको सिरानमा, बीचमा र पुछारमा तीन किसिमले बनाइएका हुन्छन् । सिरानका पोखरी बर्सातको भेल बस्तीमा नपसोस् भनेर खनिएका हुन्छन् । लैनचौरको पोखरी, रानीपोखरी, लगनखेलको पोखरी, पुल्चोकको पोखरी, कमलपोखरी सिँचाइका लागि पनि बनाइएका हुन्छन् । यिनले बस्तीमा बनाइएका इनार पनि रिचार्ज गर्थे । बस्तीबीचका पोखरीचाहिँ साना हुन्थे । तिनमा आकाशबाट बर्सिएको र नालीबाट आएको पानी जम्मा हुन्थ्यो । यस्ता पोखरीमा हाँस पालिन्थे, भैंसी आहाल बसाइन्थे । तल्लो क्षेत्रका पोखरी भने ओरालो लाग्ने ठाउँमा बनाइएका हुन्थे । जोशीले भने, 'नेवार बस्ती झुरुप्प परेका हुन्छन् । सबै नेवार बस्तीमा यस्तै रणनीतिक पोखरी थिए ।'

पोखरी निर्माण भएपछि यसलाई जीवनशैलीसँग जोड्दै लगिएको इतिहासकार पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् । 'कोही मर्दापर्दा पिण्डदान गर्न पोखरीमै गइन्छ । देवाली मनाउन सहरै खाली गरेर पोखरीमा आइन्छ,' उनी भन्छन्, 'पोखरी सहर सभ्यताका अंग हुन्, यिनलाई जोगाउनुपर्छ ।'

## भवन बनेका पोखरी

काठमाडौं

१. लाजिम्पाट पोखरी   २. टुकु पोखरी
३. सोह्रखुट्टे पोखरी   ४. नागपोखरी, बागदरबार
५. पाको पोखरी, नयाँ सडक

ललितपुर

१. पलेस्वाँ पोखरी– महानगरपालिका भवन
२. छ्याबहाल पोखरी   ३. जावलाखेल पोखरी
४. भैला पोखरी   ५. मच्छिन्द्रबहाल पोखरी
६. बालकुमारी पोखरी पश्चिम– गुथि भवन
७. पोडे पोखरी   ८. हिटीगा पोखरी– केयूकेएल भवन

## मैदान बनेका पोखरी

काठमाडौं

१. हाँडीगाउँ पोखरी 'क'   २. हाँडीगाउँ पोखरी 'ख'
३. चारुमती पोखरी, चाबहिल   ४. पचली भैरव पोखरी, टेकु
५. केटीहिटीमानिका पोखरी, कालिमाटी
६. भुइँखेल पोखरी, स्वयम्भू   ७. हरिभवन पोखरी, सुन्धारा
८. खिचापोखरी, नयाँसडक   ९. लैनचौर पोखरी

ललितपुर

१. गुह्य पोखरी   २. सुवहाल पोखरी
३. नागपोखरी   ४. खाः पोखरी
५. उ वहा पोखरी   ६. हनुमानस्थान पोखरी
७. द्यो पोखरी   ८. इखा पोखरी

## अतिक्रमित, सुक्खा र ढलान गरिएका

काठमाडौं

१. गहना पोखरी, हाँडीगाउँ– ढलान
२. बौद्ध पोखरी– ढलान
३. कुबहाल लामपोखरी, चाबहिल–ढलान र सुक्खा
४. बहटी पोखरी, सोह्रखुट्टे– अतिक्रमित
५. भण्डारखाल पोखरी, हनुमानढोका– सुक्खा
६. इखापोखरी, न्ह्योखा– सुक्खा

ललितपुर

१. तब पोखरी– अतिक्रमित
२. लाखुसी पोखरी– ढलान र सुक्खा
३. बालकुमारी पूर्व– अतिक्रमित   ४. बालकुमारी उत्तर– सुक्खा
५. चिंधपोखरी– सुक्खा   ६. खपिंछें पोखरी– ढलान
७. कमलपोखरी– अतिक्रमित   ८. पूर्णचण्डी पोखरी– सुक्खा
९. ख्वालया पोखरी– सुक्खा   १०. कुम्भेश्वर पोखरी– सुक्खा

भक्तपुर

१. दुईमाजु पोखरी– धाप

## विद्यालय बनेका पोखरी

ललितपुर

१. लः पोखरी– मदन स्मारक स्कुल
२. मदन स्मारक पोखरी   ३. दुरुपोखरी
४. पाटनढोका पोखरी   ५. लाखे पोखरी
६. भाजु पोखरी   ७. ख्वायबही पोखरी

भक्तपुर

१. अष्टांग भैरव पोखरी, तौंलाछें   २. भेलुखेल पोखरी

## प्रहरी कार्यालय रहेका

सिन्धुवाल पोखरी, नक्साल
लगनखेल पोखरी

## सार्वजनिक स्थल बनेका

लिगं पोखरी (ललितपुर)– सार्वजनिक शौचालय
नागपोखरी (ललितपुर)– मन्दिर

*(कान्तिपुर, माघ ४, २०७६ बाट केही अंश)*

# भक्तपुर नगर क्षेत्रका पोखरीहरू

| साविक वडा नं. | | पोखरी | लम्बाई/ चौडाई (फीटमा) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| १ | १ | च्याम्हासिंह पुखु | ७०'-३०' | विद्यालय | घर/चक्रपथ | बाटो | खेत |
| २ | १ | जेंला पुखु | ४५'-४०' | घर /बाटो | घर | घर/बाटो | बाटो |
| ३ | १ | सलाँ पुखु | १३५'-३५' | घर | घर | बाटो | पाटी |
| | २ | लामगः पुख | १००'-४०' | बाटो | चौर/स्कूल | बाटो | चौर |
| ४ | १ | बेखः पुखु | ८९'-६३' | बारी | धारा/बाटो | बाटो | बाटो |
| | १ | क्वाठण्डौं पुखु | १७५'-६०' | बाटो | चैत्य | बाटो | बाटो |
| | २ | यातु बहारे पुखु | ३००'-१२५' | पाटी/देवल | बाटो | पाटी/देवल | बाटो/पाटी |
| | ३ | ग्वंग पुखु | ८०'-३०' | पर्खाल | पर्खाल | धारा/बाटो | बाटो |
| ५ | १ | भोला पुखु | १००'-६०' | बाटो/पाटी | घर | बाटो/घर | बाटो |
| | २ | नाग पुखु | ८४'-७२' | बाटो | बाटो | बाटो | बाटो |
| | ३ | अँचा पुखु | ७६'-४९' | खेत | सत्तल | सत्तल | धारा |
| ६ | १ | खँचा पुखु | १५८'-३८' | धारा/बाटो | बाटो | बाटो | घर |
| ७ | १ | न्हाद पुखु | ४०'-४०' | खेत/घर | बाटो | विद्यालय/बाटो | सार्वजनिक जमिन |
| ८ | १ | गलसी पुखु | ५०'-३०' | हाल ईँटा छापिएको | | | |
| १० | १ | यालाछँ ब्यासी पुखु | ९३'-५९' | बाटो | बाटो | बाटो | बाटो/मन्दिर |
| | २ | ब्यासी पुखु | ३९'-३५' | बाटो/घर | बाटो | चोक | बाटो |
| | ३ | ब्यासी पुखु | ३२'-२०' | हाल विद्यालय | | | |
| ११ | १ | लैको पुखु | ४०'-३०' | बाटो/घर | घर | घर | बाटो/घर |
| | २ | कुमारी पुखु | ११०'-३०' | पिपल बोट | पाटी | बारी | बाटो |
| | ३ | ख्यो:पुखु | ४७'-२५' | बाटो | बाटो | बाटो | बाटो |
| | ४ | दुईचा पुखु | ४०'-४०' | हाल विद्यालय | | | |
| १३ | १ | मंगलाछँ पुखु | ३२'-२५' | घर | मन्दिर | घर | धारा |
| | १ | भण्डाः पुखु | १००'-८०' | प्रहरी चौकी | पाटी/चौर | प्रहरी चौकी | बाटो |
| १४ | १ | देगमना पुखु | ३४'-३४' | घर | बाटो | घर | घर |
| | २ | मंगलतिर्थ पुखु | ५०'-४०' | बाटो | खेत | सा.जमिन | खेत |
| १५ | १ | इन्द्रायणी पुखु | ९०'-४०' | सा.जमिन | खेत | बाटो | खेत |
| | २ | इन्द्रायणी पुखु | ३५'-३५' | सा.जमिन | बारी | बाटो | खेत |
| | ३ | ब्यासी पुखु | १५'-१५' | हाल बसपार्क | | | |
| | ४ | कालदह पुखु | १७'-१७' | खेत | खेत | खेत | खेत |
| | ५ | मचाफोंग पुखु | | खेत | सा.जमिन | बाटो | खेत |
| १६ | १ | तेखाचो पुखु | ९४'-७०' | बाटो/स्कूल | बाटो घर | बाटो | बाटो/घर |
| १७ | १ | न.पुखु | ४३१'-२५०' | बाटो | बाटो | सा.जमिन | बाटो |
| | २ | तः पुखु | ५७४'-२४९' | बाटो/अस्पताल | चौर | चौर | बाटो |
| | ३ | भाजुया पुखु | ४६०'-३६७' | क्याम्पस बाटो | खेत | घर | क्याम्पस |
| | ४ | रानी पुखु | ३८१.६'-२२१' | चौर | सैनिक क्वाटर | सैनिक क्वाटर | पाटी/बाटो |

'भक्तपुर' २०५० साउनबाट पुनः मुद्रित

# भक्तपुर नपा क्षेत्रका ढुङ्गेधाराहरू

| क्र.सं. | ढुङ्गेधारा रहेको स्थान | वडा नं. |
|---|---|---|
| १ | श्रृजनानगर, नपली | १ |
| २ | सल्लाघारी, तीन दोपात | १ |
| ३ | चोडा गणेश स्थान | १ |
| ४ | धालाखुसी | १ |
| ५ | भार्वाचो गणेश नि.मा.वि.को उत्तर दायाँ पूर्वाभिमुख | १ |
| ६ | भार्वाचो गणेश स्कूल अगाडि ओरालो बायाँ पूर्वाभिमुख | १ |
| ७ | ईचाडोल सा. शौचालयको दक्षिण पश्चिम पूर्वाभिमुख | १ |
| ८ | हनुमान पाटी अगाडि ईचाडोल जाने बाटो बायाँ | १ |
| ९ | भार्वाचोबाट धालाखुसी जाने बाटो भत्किएको सत्तलनिर | १ |
| १० | नगरकोट सडक इतापाके तारा लाँ जाने बाटो पश्चिम | २ |
| ११ | मिन्हफल्चा अगाडि | २ |
| १२ | हाकुफ हिति | २ |
| १३ | शहीद उद्यान अगाडि | २ |
| १४ | ईन्द्रायणी पीठ पछाडि | २ |
| १५ | ईन्द्रायणी पीठ अगाडि | २ |
| १६ | खौमा चोक | २ |
| १७ | नगरकोट सडकबाट सानो ब्यासी प्रवेश गर्ने चोक | २ |
| १८ | ठूलो ब्यासी नगरकोट सडक चोक | २ |
| १९ | सोही चोकबाट कासं जाने बाटोमा बायाँ | २ |
| २० | कासंघाट परिसर | २ |
| २१ | ब्यासी सुलमला जाने पाटीसँगै (तीनधारा) | २ |
| २२ | ठूलो ब्यासी पोखरीको दक्षिण-पश्चिमतर्फ | २ |
| २३ | यालाछेँ उकालो शारदा स्कूलको उत्तर | २ |
| २४ | बालाखु गणेश अगाडि दायाँ भित्तामा जहं हिति | २ |
| २५ | फसि देगको उत्तर (जनज्योति पुस्तकालयको पश्चिम) सानो धारा | २ |
| २६ | बाराही पीठ परिसर | ३ |
| २४ | दरबार क्षेत्र च्यासीदेगको दक्षिणतर्फ | ३ |
| २५ | दरबार स्क्वायर लुंहिति | ३ |
| २६ | कुमारी चोक | ३ |
| २७ | तलेजु पछाडि जहं चोक | ३ |
| २८ | मालती चोक (चित्र सङ्ग्रहालयभित्र) | ३ |
| २९ | नासमना डबलीको दक्षिण बाटोसँगै | ३ |
| ३० | मंगलकुण्ड पोखरीसँगै | ३ |
| ३१ | ईन्द्रप्रसाद साहुको बारीमा (पूर्वाभिमुख) | ३ |
| ३२ | लायकु जगन्नाथ मन्दिर उत्तरतर्फ | ३ |
| ३३ | लायकु कृष्ण मन्दिर पछाडि उत्तरतर्फ | ३ |
| ३४ | लायकु कृष्ण मन्दिरमा | ३ |
| ३५ | लायकु खौमा गेट पूर्वदक्षिण मन्दिरमा | ३ |
| ३६ | गपली पाटीसँगै | ४ |
| ३७ | मंगलाछेँ पोखरीसँगै | ४ |
| ३८ | देगमना उकालो राईस मिल (पुरिएको) | ४ |
| ३९ | गःहिति (लुप्त) | ४ |
| ४० | बुलुचा हिति | ४ |
| ४१ | टौमढी भैरव मन्दिरको दक्षिण | ५ |
| ४२ | भैरव मन्दिरसँगै | ५ |
| ४३ | पाँचतले मन्दिरको उतरपश्चिम बाटोको पर्खालमा जहं | ५ |
| ४४ | बालाखु गणेश अगाडि विद्यार्थी निकेतनको गेटसँगै | ५ |
| ४५ | त्रिपुरसुन्दरी मन्दिरसँगै | ५ |
| ४६ | सुकुलढोका चोक जहं हिति | ५ |
| ४७ | टिबुक्छेँ सुकुलढोका बुलबुल हिति | ५ |
| ४८ | टिबुक्छेँ कर्माचार्य परिवारको चोकमा | ५ |
| ४९ | टिबुक्छेँ भुई साहुको घर पछाडि चोकमा | ५ |
| ५० | त्रिपुरसुन्दरी जगन्नाथको मन्दिरमा | ५ |
| ५१ | क्वाछेँ महादेवको सेतो मन्दिरमा | ५ |
| ५२ | चण्डेश्वरी मन्दिरको अगाडि दायाँ | ५ |
| ५३ | चण्डेश्वरी मन्दिरकै केहीं तल बायाँ जहं हिति | ५ |
| ५४ | भेलुखेल कुमारी मन्दिर जाने चोकमा | ५ |
| ५५ | भगवती मन्दिरको अगाडि बाटो पारी उकालोमा | ५ |
| ५६ | सिद्धि स्मृति अस्पताल अगाडि बाटोमा | ५ |
| ५७ | भीमसेन स्थान परिसर सत्तलपाटी भत्केको स्थानमा | ५ |
| ५८ | चोछेँ पुरानो वडा कार्यालय अगाडि | ६ |
| ५९ | भोलाछेँ चोकबाट महाकाली पीठ जाने दायाँतर्फ | ६ |
| ६० | महाकाली पीठ पीचसँगै अरिं हिति | ६ |
| ६१ | महाकाली पीठ परिसर ख्योपुखु जाने बाटोमा | ६ |
| ६२ | ख्योपुखु परिसर भित्र | ६ |
| ६३ | लिगंचा पीचसँगै | ६ |
| ६४ | देकोचा चाँगु जाने सडक, ख्वप कलेज गेट अगाडि | ६ |
| ६५ | लालाछेँ पाटीसँगै | ६ |
| ६६ | याछेँ गणेश मन्दिर अगाडि दाम्लाचा जाने बाटोमा | ६ |
| ६७ | थालाछेंबाट चोर्चा जाने बाटो ओरालोमा | ७ |
| ६८ | गोल्मढी गःहिति | ७ |
| ६९ | गोल्मढी पसिखेलमा | ७ |
| ७० | याता हनुमानघाट जानेबाटोमा | ७ |
| ७१ | पाटिंगः हिति - २ (नेसं ६२४ को शिलालेख रहेको) | ७ |
| ७२ | याता ओरालोको दायाँ | ७ |
| ७३ | वासिकचा पुरानो शिशु स्याहार भित्र | ८ |
| ७४ | वाचुत्व ओरालो | ८ |
| ७५ | महेश्वरी पीठ पश्चिम ध्वाखासँगै | ८ |
| ७६ | महेश्वरी पीठ पुल नजिक | ८ |
| ७७ | जेलाँ पुखुको पूर्व-उत्तरतर्फ | ८ |

| | | |
|---|---|---|
| ७८ | जेलाँ पुखुको पश्चिम-उत्तरतर्फ | ८ |
| ७९ | दत्तात्रय मन्दिरको अगाडि बायाँ | ९ |
| ८० | भीमसेन मन्दिर पछाडि पूर्वाभिमुख - २ | ९ |
| ८१ | सलाँ गणेश पोखरीको उत्तर कुना | ९ |
| ८२ | सलाँ गणेश मन्दिर पछाडि | ९ |
| ८३ | नवदुर्गा द्योछें अगाडि उत्तर | ९ |
| ८४ | वाकुपती नारायण भित्र | ९ |
| ८५ | सूर्यमढी टोल उत्तर पाटीसँगै | ९ |
| ८६ | सूर्यमढी दबुको पूर्व केहीं तल बाटो दायाँ | ९ |
| ८७ | च्याम्हासिंह चोक जनस्वास्थ्य अगाडि | ९ |
| ८८ | च्याम्हासिंह पोखरीबाट उत्तर | ९ |
| ८९ | देगईना | ९ |
| ९० | ब्रम्हायणी पीठ पुल नपुग्दै पीचसँगै | ९ |
| ९१ | गछें करुणामयको मूर्ति भएकोस्थान अगाडि | ९ |
| ९२ | लामग: पुखुको पूर्व कुना | ९ |
| ९३ | मूलढोका पाईपलाईन जाने चोक | १० |
| ९४ | नगांचा | १० |
| ९५ | क्वाथण्डौं पोखरी उत्तर कुना | १० |
| ९६ | क्वाथण्डौं टोलको दक्षिण पश्चिम कुना पाटीसँगै | १० |
| ९७ | क्वाथण्डौं धर्मकिर्ति विहार (जोंबहाल) बाहिर | १० |
| ९८ | क्वाठण्डौं स्कूल अगाडि | १० |
| ९९ | ज्याख्वपाटी अगाडि उत्तर नगरकोट जाने पीचसँगै | १० |
| १०० | ज्याख्वपाटी अगाडि पूर्व नगरकोटसडकबाट क्वाथण्डौजाने बाटो | १० |
| १०१ | ग्वंग पुखु सँगै | १० |
| १०२ | महालक्ष्मी मन्दिर अगाडि दायाँ | १० |
| १०३ | नागपोखरी उत्तर कुना | १० |
| १०४ | मूलढोका खरिपाटी | |

संकलन : श्यानिटेशन शाखा, भक्तपुर नपा ('भक्तपुर' सङ्ख्या २४१ को सहयोगसाथ)

## जनज्योति पुस्तकालयको सूचना

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयबाट विगतका वर्षहरूदेखि पुस्तकालयका सदस्यहरूबाट अध्ययन हेतुले लगेका पुस्तकहरू यथाशीघ्र पुस्तकालयमा फिर्ता गरिदिनुहुन अनुरोध गरिन्छ । साथै सदस्यता नवीकरणको लागि पनि हार्दिक अनुरोध छ ।

**जनज्योति पुस्तकालय**

इताछेँ -२, न:पुखुको उत्तरतर्फ

शहीद स्मृति खेल मैदानसँगै

भक्तपुर नगरपालिका क्षेत्रमा रहेका

## सार्वजनिक शौचालयहरू

| क्र.सं. | वडा नं. | स्थान/टोल | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | ९ | च्याम्हासिंह | पुरुष/महिला | |
| २ | १० | कमलविनायक बसपार्क | पुरुष/महिला | |
| ३ | १० | कमलविनायक पोखरी पूर्व | पुरुष/महिला | |
| ४ | ७ | खंचा | महिला | |
| ५ | ७ | महेश्वरी खेल मैदान | पुरुष/महिला | |
| ६ | २ | दरबार क्षेत्र | पुरुष/महिला | |
| ७ | ५ | भगवती स्थान | पुरुष/महिला | |
| ८ | ४ | राममन्दिर | पुरुष/महिला | |
| ९ | १ | इचाछोल | पुरुष/महिला | |
| १० | १ | मुस्यामी तं | पुरुष/महिला | खुल्ला भइनसकेको |
| ११ | १ | मिनिबस पार्क | पुरुष/महिला | |
| १२ | १ | सिद्ध पोखरी | पुरुष/महिला | |
| १३ | ९ | दत्तात्रय | | |
| | | **पर्यटकहरूको लागिमात्र** | | |
| १ | ९ | च्याम्हासिंह | पुरुष/महिला | |
| २ | १० | लामगाल काउन्टर | पुरुष/महिला | |
| ३ | १० | बेखाल काउन्टर | पुरुष/महिला | |
| ४ | ३ | दरबार क्षेत्र | पुरुष/महिला | |
| ५ | ३ | खौमा काउन्टर | पुरुष/महिला | |
| ६ | ४ | राममन्दिर काउन्टर | पुरुष/महिला | |
| ७ | २ | ब्यासी पर्यटक बसपार्क | पुरुष/महिला | हाल न.पा. भवन |
| ८ | ५ | भगबतीमा छिंडीमा पर्यटक शौचालय बनाउने | पुरुष/महिला | |
| ९ | ९ | दत्तात्रय सलाँ गणेश पर्यटक सूचना केन्द्रसहित पर्यटक शौचालय | पुरुष/महिला | मेला पर्वमा मात्र संचालन |
| १० | २ | दरबार क्षेत्र जनज्योति पुस्तकालय पछाडि | | |
| | | **नयाँ बनाउने** | | |
| १ | २ | व्यासी नपा भवन अगाडि ई-ट्वाइलेट | | निर्माणाधिन |
| २ | | पर्यटक सूचना केन्द्र व्यासी | | खुल्ला भइनसकेको |

श्रोत-श्यानिटेशन शाखा, भनपा

# द्रुतमार्ग र भारत निर्भरताको बाटो दलाल पूँजीवादी सोच

एन.वि. दुवाल

ललितपुर जिल्लाको खोकना र बुङ्गमती ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक बस्ती हुन् । सम्पदा क्षेत्रको संरक्षण र सबर्द्धन गर्नु राज्यको दायित्व हो । तर, नेपाल सरकार आफ्नो दायित्वबाट विमुख भएर त्यस क्षेत्रमा राष्ट्रिय गौरवको आयोजना भन्दै जिरो कि.मी. सहितको फास्ट ट्र्याक, बाहिरी चक्रपथ, १३२ के.भि. को विद्युत् प्रसारण लाइन, बागमती कोरिडोर र बाँकी रहन गएको जग्गामा नयाँ बस्ती (स्मार्ट सिटी) समेत घोषणा गरी त्यस पुरातात्त्विक सम्पदा स्थल समाप्त गर्ने तर्फ लागेको छ । मानव बस्ती म्हास्ने गरी आयोजना ल्याएको छ, यो गलत छ । विकास भनेको रैथाने आदीवासीको उठिबास होइन । सांस्कृतिक संहार होइन । यो त विनास हो । साम्प्रदायिक झगडाको बीऊ हो ।

हालै फास्ट ट्र्याकको विस्तृत आयोजना प्रतिवेदन ( डिपिआर) नेपाल सरकारले पास गरेको छ । त्यसमा पुल र सुरुङ्गको विस्तृत प्रतिवेदन नै छैन । 'कहिं नभएको जात्रा हाँडी गाउँमा' भनेझैं नेपालमा ओली–दाहाल सरकारले सुरुङ्ग र पुलको विस्तृत आयोजना प्रतिवेदन नभइकनै फास्ट ट्र्याकको "विस्तृत आयोजना प्रतिवेदन" (डिपिआर) पास गर्‍यो । त्यसमा फास्ट ट्र्याकको लम्बाइ ७२.५ कि.मी., पुल सङ्ख्या ८७, सुरुङ्ग सङ्ख्या ३, दूरी १ घण्टा २ मिनेट ३३ सेकेण्ड समय लाग्ने उल्लेख गरिएको छ । यात्रु अन्डर पास १२, यात्रु ओभर पास ४, गाडी अन्डर पास ५, गाडी ओभर पास ४ र कुल लागत १ खर्ब ७५ अरब (भ्याट समेत) उल्लेख गरेको छ । लागत हचुवामा राखिएको देखिन्छ । शुरुमा ५६ अर्ब उल्लेख गरिएको उक्त फास्ट ट्र्याक आयोजनामा अहिले ११९ अर्ब लागत थप गरेर १ खर्ब ७५ अर्ब उल्लेख भएबाट मिलेमतोमा भ्रष्टाचार हुने आशंका उब्जाएको छ ।

"फास्ट ट्र्याक" लगायत ती विभिन्न परियोजनाहरू लागु गर्नसक्ने वा नसक्ने दोस्रो कुरा हो । यदि ती परियोजना लागु गरिएमा ऐतिहासिक सम्पदास्थलहरू खोकना र बुङ्गमतीका अधिकांश वासी सर्वहारामा परिणत हुने छन् । बुङ्गमती क्षेत्रमा मात्र करुणामय (रातो मछिन्द्रनाथ) को करिब ३०० रोपनी जग्गाको कुनै मुआब्जा दिने उल्लेख छैन । सरकारले त्यो जग्गा सरकारी स्वामित्वको मान्दैछ । बुङ्गमती खोइचाका पुतुवार समुदायले करुणामयको रथ निर्माण गर्न हरेक वर्ष गोदावरीबाट ३२ वटा भन्दा बढी रुख काटेर काठ ल्याउने बोसी खलका १२ परिवार छन् । उनीहरूले दशौं पुस्तादेखि जोत्दै आइरहेको १४४ रोपनी जग्गा छ । त्यो जग्गाको मुआब्जा उनीहरूलाई नदिने योजना सरकारले बनाएको छ । उनीहरू विचलीमा परिरहेका छन् । वि.सं. २०७२ साल वैशाख १२ को भूकम्प उनीहरूको लागि थप पीडाको विषय रहन गएको छ । घर भत्किसकेको छ तर अब पुनःनिर्माण गर्न स्वीकृति दिएन । सरकारले निस्सा माग्यो । उनीहरूको निस्सा भनेका उनीहरूले पहिलादेखि करुणामय ( मछिन्द्रनाथ) को रथ निर्माण गर्न गोदावरीबाट रुख काटेर ल्याइदिनु थियो । हरेक वर्ष रातो मछिन्द्रनाथको रथ बन्नु र जात्रा चल्नु नै निस्सा हो । जसले जग्गा जोत्छ उसको अधिकार हुनु प्राकृतिक न्याय हो । सरकारले किसानहरूको हक कायम गरिदिनु कर्तव्य हो । तर उल्टो विभिन्न जाल बुनेर जग्गा जोतिआएका किसानलाई सरकार आफैले जग्गाबाट बञ्चित गर्न खोज्नु अन्याय हो । पर्तिजग्गा कब्जा गरी बसेका देशका विभिन्न ठाउँका जनतालाई सुकुम्वासीको नाउँमा जग्गा भोग चलन गरेकैलाई सरकारले जग्गा कायम गरिदिएको छ । जग्गा जोत्दै आएका किसानले मोहियानी हक आधा पाउने भूमी सम्बन्धी नियम छ । वि.सं. २०२० सालमा जग्गा कमाउन शुरु गरेका किसानले वि.सं.२०२१ सालको नापीमा आफूले "जोत भोग" गरेको आधारमा "मोहियानी हक" पाएको छ । अथवा आधा जग्गा पाएको उदाहरण छ । सयौ वर्षदेखि जोत भोग गरिआएका पुतवार समुदायका किसानहरूलाई जग्गाबाट बन्चित गर्नु अन्यायपूर्ण छ ।

उपत्यकामा मात्रै सडक, अस्पताल, विद्यालय–महाविद्यालय, आवास क्षेत्र विकास गर्ने कार्य सरकारले गरिरहेको छ । दूर्गम, पीछडिएको जिल्ला, क्षेत्र र स्थानलाई पीछडिएकै अवस्थामा राख्ने कार्य भइरहेको छ । यो देशको असन्तुलित विकास हो । यसले देशमा पुनः द्वन्द्व निम्त्याउन सक्छ । वि.सं. २०५२ बाट सुरु गरिएको माओवादी 'जनयुद्ध' र वि.सं २०६३/६४ मा भएको 'मधेस आन्दोलन' हुनुको कारणहरूमध्ये देशको असन्तुलित विकास पनि हो । अब पनि राज्यसत्तामा जाने पार्टीहरूको घैंटोमा घाम लागेन भने पुनःत्यस्तै अरु जटिल समस्या निम्तिने छ । यी समस्याहरू सृजना हुनु अरु आन्दोलन उठ्न मलजल गर्नु हो ।

देशको सन्तुलित विकास गर्न देशको राजधानी दाङमा सार्नु पर्दछ भन्ने सुझाव २०४८ मै नेमकिपाका श्रद्धेय अध्यक्ष एवम् तत्कालीन प्रतिनिधिसभाका माननीय सांसद नारायणमान बिजुक्छें (रोहित) ले नेपाल सरकारलाई दिनुभएको थियो । काठमाडौँ उपत्यकालाई कला संस्कृतिको केन्द्रको रूपमा विकास गर्नुपर्ने, त्यसको लागि काठमाडौँ उपत्यका बाहिरका सांसदहरूलाई उपत्यकामा घर बनाउन नपाउने बनाउनुपर्दछ भनी संसदमा प्रस्ताव पेश गर्नुभएको थियो । तर, त्यसबेलाको नेपाली काङ्ग्रेसको सरकारलाई

यो प्रस्ताव स्वीकार्य भएन। फलस्वरूप उपत्यका बाहिरबाट प्रतिनिधित्व गर्नुहुने माननीय सांसद, मन्त्री र अन्य वरिष्ठ ओहदामा पुगेका व्यक्तिहरू काठमाडौँ उपत्यकामा घर बनाई बसाइँसराइ गरे। जिल्ला र गाउँमा चुनाव लड्न र जित्नमात्र जाने भए। गरिब कामदार जनतामात्र दुर्गम क्षेत्रमा रहे। विभिन्न जिल्ला र गाउँ झन् पछाडि पऱ्यो। यसले गर्दा गाउँ र जिल्लाको विकास गर्नुपर्ने ठूलाबडा ब्यक्तिहरूको बसाइँ सराइ काठमाण्डौमै भयो। आवास पनि काठमाण्डौमै भए। गाउँमा सुविधा नथपिएको र रोजगार नभएकोले गरिब जनता पनि अस्थायी रूपमा काठमाण्डौमा आउन थाले। काठमाण्डौ जनसङ्ख्या बढी भएर अव्यवस्थित भयो। अहिले काठमाडौँ उपत्यका प्रदूषण स्थलको रूपमा परिणत भयो। विज्ञहरूका अनुसार काठमाण्डौको प्रदूषणमा १.६६ प्रतिशत अक्वा पुगिसकेको छ। उनीहरूका अनुसार वायुमा मानिसको स्वास्थ्य राम्रो गर्न अक्वा १.४० प्रतिशत भन्दा बढ्नु हुन्न। यसले गर्दा दम, खोकी र स्वासप्रश्वासको समस्या उपत्यकावासी जनतामा अत्यधिक वृद्धि भयो। दिल्लीमा मात्र एक करोड जनतामा प्रदूषणको कारण स्वासप्रश्वासको समस्या निम्तियो भनी समाचार आयो। अब काठमाडौँ पनि त्यही स्थितिमा जाँदैछ। यो दुःखद कुरा हो। यसलाई तत्काल नियन्त्रण गर्न सकिएन भने पछि ठूलो क्षति हुनेछ। तसर्थ उपत्यकामा बसाइँसराइ नियन्त्रण गर्नु आवश्यक छ। उपत्यकामा थप ४ वटा शहर निर्माण गर्ने प्रस्ताव केन्द्रिकृत विकासका पक्षपातिहरूको हो। यसले देशमा थप द्वन्द्व निम्त्याउने छ।

नेपाल कृषिप्रधान देश हो तर कृषिमा देश झन्झन् परनिर्भर बन्दै छ। विगतका दिनमा चामल भारततर्फ निकासी गर्ने नेपाल आज प्रतिदिन ९ करोड ४४ लाख रूपैयाँको चामल भारतबाट आयात गर्नुपर्ने स्थितिमा छ। हिजो खाद्य तेलमा आत्मनिर्भर देशले आज दैनिक ८ करोड १६ लाख रूपैयाँको आयात भारतबाट गर्दैछ। पहिला तरकारी निर्यात गर्ने क्षमता भएको मुलुक अहिले हरेक दिन ४ करोड ५७ लाख रकमको आयात गर्दैछ। नेपाल अचेल २४ घण्टामा २ करोड ६० लाखको तरकारी पैठारी गर्ने देश बनेको छ। यही हो त विकास ? केही समय अगाडि नेपाल राष्ट्र बैङ्कले वैदेशिक व्यापारको स्थितिबारे एक आँकडा प्रकाशन गऱ्यो। उक्त तथ्याङ्कअनुसार पछिल्लो ६ महिनामा नेपालले रु. ७२४ अर्बको आयात र रु.४५ अर्बको निर्यात गऱ्यो। यो भनेको रु. १०० को खरिद गरेर रु.६ को मात्र बिक्री गर्नु हो अर्थात् १ रूपैयाँको बेच्दा १६ रूपैयाँको किन्नु हो। जसमा भारतबाट ६४.४ प्रतिशत, चीनबाट १४.६ प्रतिशत र अन्य देशबाट २१ प्रतिशत खरिद गर्दैछ। नेपालमा उत्पादन भएका सामग्री समेत भारतबाट आयात गरिरहेका छन्। नेपाली कृषक डुबाउने कार्य नेपाल सरकारले नै गरिरहेको छ। कमिशन पाउने भएकाले नेपाल सरकारले नेपाली उत्पादन खरिद नगरी भारतीय उत्पादन खरिद गर्न छुट दिइरहेको अवस्था छ। नेपाली ऊखु कृषकहरूको ऊखु खरिद नगरी सुक्न दिएर भारतीय ऊखु खरिद गर्न बाटो खोल्नु सरकारले भारतीय पूँजीको दलाली गरेको हो भन्ने कुरा प्रष्ट छ। साथै ऊखु कृषकहरूको रकम तीन वर्षसम्म पनि नदिइकन नेपालका चिनी कारखानाले कृषक डुबाउने कार्य गर्नु पनि नेपाल सरकारले भारतीय पूँजीकै सेवा गरेको ठहरिन्छ। ऊखु कृषकको लागि प्रदान गरिने अनुदान रकम पनि विभिन्न बहानामा दुई-दुई वर्ष ढिलो गरिनु नेपाली कृषक डुवाई भारतीय पूँजी कै पक्ष लिनु हो। यसरी नेपालको वर्तमान ओली-दाहाल सरकार भारतीय दलाल पूँजीपती वर्गको रूपमा अगाडि बढिरहेको छ। फलस्वरूप नेपाललाई १२ खर्ब रूपैयाँ वार्षिक ब्यापार घाटा भैइरहेको छ। घाटाकै कारण ऋण माथि ऋण लिंदा प्रत्येक नेपालीको टाउकोमा रु.३५०००।- रकम ऋण छ।

काठमाडौँ उपत्यकामा अहिले करिब ६० लाख मानिस बसोबास गरिरहेका छन्। बस्ती अव्यवस्थित बन्दैछ। खानेपानीको अभाव उत्तिकै छ। हाल उपत्यकामा करिब दैनिक ४१ करोड ५० लाख लिटर पानी आवश्यक छ। मेलम्ची खानेपानी आयोजनाबाट पानी व्यवस्थापन गरेमा पनि सुरुमा १७ करोड लिटरमात्र पूर्ति हुने उल्लेख भएबाट उपत्यकाको खाने पानी समस्या समाधान हुने सम्भावना छैन। त्यसमाथि सरकारको अकर्मण्यताको कारण मेलम्ची परियोजनाबाट इटालियन ठेकेदार भागेको छ। दिनुपर्ने ३६ करोड रकममा ५-१० करोड घूस मागेको कारणबाट कामबाट भागेको समाचार आउनु दुःखद हो। मेलम्ची आयोजनाको कुरा उठेदेखि काठमाडौँ उपत्यकाको वरिपरि रहेका डाँडाहरूको मूल व्यवस्थित गर्ने र खानेपानी पूर्ति गर्ने योजना सरकारले पूर्णरूपमा त्याग्यो। तसर्थ पानीको मूल बढेन तर जनसङ्ख्या भने ४.७ प्रतिशतका दरले उपत्यकामा वृद्धि भइरहेको छ। यदि ४.७ प्रतिशतको दरले वार्षिक जनसङ्ख्या वृद्धि भइरहेमा १५ वर्षमा अहिलेको जनसङ्ख्याको दोब्बर जनसङ्ख्या हुनेछ अथवा १ करोड २० लाख जनसङ्ख्या पुग्नेछ। परिणाम प्रदूषित, अव्यवस्थित, अभाव, विकृतिपूर्ण स्थलको रूपमा काठमाडौं उपत्यका परिणत हुनेछ। अभाव र अपराध बढ्नेछ। काठमाडौँ उपत्यकाको कला संस्कृति समाप्त हुने स्थिति सृजना हुनेछ। एउटा सम्हाल्नै नसकिने, अस्तव्यस्त स्थलको रूपमा काठमाडौँ उपत्यका पुग्नेछ। तसर्थ वर्तमान सरकारले समयमै सचेत भई देशको ७ वटै प्रदेशका विभिन्न सहरहरूमा भौतिक पूर्वाधार बढाउँदै शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ, रोजगारको व्यवस्था गरी आ-आफ्नो प्रदेश, जिल्ला र गाउँमा नै जनता रहनसक्ने वातावरण तयार गर्नु आवश्यक छ। यदि जनता र देशको हित चाहने सरकार हो भने यो सरकारले सन्तुलित विकासको नीति लिनु पर्दछ। अन्यथा यो ओली-दाहाल सरकार पाखण्डी सरकारको रूपमा परिचित हुने छ। भारतीय दलाल सरकारको रूपमा परिचित हुने छ। भोलिका पुस्ताले धिक्कार्नेछ।

*(आयाम, बुलेटिन-९, २०७६ बाट केही अंश)*

# खेलकुद विश्वविद्यालयको आवश्यकता

*मुना बासुकला*

कुनै पनि देशको वास्तविक परिचय त्यस देशमा रहेका प्राकृतिक सौन्दर्य, संस्कृति, सम्पदा प्राविधिक र वैज्ञानिक विकासका साथै खेलकुदले पनि दिएको हुन्छ । यी सबै उल्लेखित विषयको विशिष्टता र सफलताका लागि शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षाले माथिका सबै कुरालाई व्यवहारिक र व्यवस्थित बनाउनका लागि सहयोग गरेको हुन्छ । यस अर्थमा एक जना सक्षम, स्वस्थ र सफल नागरिकको व्यक्तित्व विकास गर्नमा शिक्षा र खेलकुदको बराबर भूमिका हुन्छ । शिक्षाले सीप दिन्छ, खेलकुदले स्वस्थ शरीर दिन्छ । तर भोगेको समस्या भनेको शैक्षिक पद्धति हो । देश विकासको लागि घोकन्ते विद्या होइन व्यवहारिक शिक्षा लागू गर्नुपर्ने हुन्छ । उचित शिक्षाका साथै शारीरिक, मानसिक र सामाजिक रूपले सक्षम पार्नको लागि खेलकुदको पनि उतिकै महत्त्वपूर्ण भूमिका हुन्छ । जसरी शिक्षालाई अनिवार्य स्थानमा राखेको छ त्यसैगरी खेलकुदलाई पनि अनिवार्य बनाउन सरकारले पहल गर्न आवश्यक छ ।

प्राध्यापक, चिकित्सक, इन्जिनीयर, शिक्षक, वकिल आदि पेशागत रूपले प्रतिष्ठित व्यक्तित्व समाज विकासका आधार हुन् । यदि यी सबै व्यक्तिहरू कुनै न कुनै खेलको खेलाडी र खेलसँग नजिकीएको व्यक्तित्व भइदिएको भए तिनीहरूको कार्य दक्षता अझ बढ्ने कुरामा विवाद रहन्न । अल्छी भएर पढाउने प्राध्यापक तथा शिक्षक हाम्रो समाजका समस्या हुन् । म धेरै हिंड्न सक्दिन भन्ने इन्जिनीयर अर्को समस्या हो । म पहाड चढ्न सक्दिन भन्ने चिकित्सक पनि गाउँका समाजको समस्या हुन् । किताबमा मात्र सीमित भएर बहस गर्ने वकिलहरू पनि समस्या हुन् । यी सबै समस्याहरूबाट छुट्कारा पाउन प्रत्येक स्कूल, कलेज र विश्वविद्यालयमा अनिवार्य खेलकुद शिक्षाको आवश्यकता छ । यसो भए समाजका नागरिक अझ बढी स्वस्थ र जागरुक हुन्थे ।

सरकारले सबै शैक्षिक संस्थाहरूमा खेलकुदलाई स्थान दिए खेलकुदको स्तरमा छिट्टै परिवर्तन आउन सक्छ । त्यसले देशलाई अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा उच्चस्तरको प्रदर्शन गर्न मद्दत गर्छ । तर अहिलेसम्म यो सोच जिम्मेवार निकायमा देख्न पाइएको छैन ।

खेलकुद र खेलाडीको विकासका लागि समर्पित हुनु पर्ने खेलकुद परिषद राजनैतिक कार्यकर्ताको भर्ती केन्द्रको रूपमा छ । कुनै पनि संघ-संस्थाको स्थापना गर्नु भनेको त्यस संघ-संस्था सम्बन्धी क्षेत्र विकास गर्नका लागि हुनुपर्छ । कतै नबिकेकाहरूको भर्ती केन्द्र होइन ।

प्रत्येक वर्ष नयाँ तालिका बनाएर अगाडि बढ्न खेलसँग सम्बन्धित व्यक्तित्व, खेलाडी र खेलकुदलाई आवश्यक पूर्वाधारको निम्ति ध्यान केन्द्रित गर्नु आवश्यक छ । त्यसै अनुकुल योजना बनाउनु खेलकुद परिषद्को महत्त्वपूर्ण जिम्मेवारी हो । खेलको विकास आधारभूत तहबाट योजनालाई वडा, नगर, जिल्ला, क्षेत्र हुँदै प्रदेशसम्म पुऱ्याउने र स्थानीय तहदेखि कार्यान्वयनको वातावरण बनाइदिने काम सरकार कै हो ।

खेलकुदको विकास र राम्रा प्रशिक्षक तयार गर्नका लागि खेलकुद विश्वविद्यालयको स्थापना गर्न राज्यले तयारी गर्नु आवश्यक छ । अहिले कार्यरत प्रशिक्षकहरूको कार्य दक्षताको सही मापन भएको छैन । प्रशिक्षकले राम्रो प्रशिक्षण गरे मात्र योग्य खेलाडी तयरा हुन्छ र आफ्नो देशको झण्डा शान र गौरवका साथ विश्व माझ माथि उठाउन सक्छ । समस्या यो मात्र होइन, समस्या राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्राप्त पदक विजेता खेलाडीहरूको सही तरीकाबाट मूल्याङ्कन र व्यवस्था नहुनु पनि हो ।

विद्यार्थीले वर्षभरि पढेर आफ्नो स्तर अनुसारको प्रमाणपत्र पाएको हुन्छ । यसै प्रमाणपत्रको आधारमा तिनीहरूले आफ्नो भविष्यको बाटो बनाउँछन् । यस्तै मिहिनेत खेलाडीले पनि गरेका हुन्छन् । त्यसै मिहिनेतले मात्र तिनीहरू आफ्नो क्षेत्रमा स्थापित हुन्छन् र देशको नाम राख्न मरिमेत्ने हुन्छन् । तर खेलाडीको उचित व्यवस्था नहुँदा तिनै स्टारहरू समयको अन्तरालमा निचोरेको कागती सरहमात्र हुन्छ । के खेलाडीको जीवन खेललाई निरन्तरता दिउँजेलसम्म मात्र हो ?

एउटा राम्रो खेलाडीको भविष्य के हो भन्ने प्रश्न सम्बन्धित निकायले सोच्न ढिलो भइसकेको छ । यी सबै समस्या मूल समाधान भनेकै खेलकुदलाई शिक्षाको एउटा अनिवार्य विषयको रूपमा समावेश गर्नु नै हो । खेलाडीको भविष्यको सुरक्षा र प्रतिष्ठालाई अभिवृद्धि गर्नु नै यसको उत्तम उपाय हो ।

*(लेखक टेबल टेनिसका खेलाडी एवम् प्रशिक्षक हुनुहुन्छ)*

# सामुदायिक विद्यालयको गुणस्तर

कमल के.

बागमती प्रदेश सामाजिक विकास मन्त्री युवराज दुलालले हेटौंडामा सम्पन्न एक कार्यक्रममा बोल्ने क्रममा सामुदायिक विद्यालयको गुणस्तर बढाउने आधारभूत शर्त विद्यालय मर्ज भएको बताए । उनले विद्यालय मर्ज गर्ने निर्णय धेरैका लागि अप्रिय हुनसक्ने उल्लेख गर्दै तीतो औषधी नखाई रोग निको नहुने तर्क समेत गरे ।

मन्त्रीले सामुदायिक विद्यालयमा राज्यको लगानी बढाउनु पर्नेमा जोड दिंदै गर्दा सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण नबढेको र शिक्षकहरू अधिकांश तालिम प्राप्त भएर पनि 'अल्छि' बनेको आरोप लगाए । ग्रामीण भेगमा दरबन्दीमा रहेका शिक्षकहरूले विद्यार्थीहरूलाई पढाउन छोडिसकेको तर्क गर्दै उनले हिजो जुन परिस्थितिमा जति दुःख गरेर स्थानीयले ठाउँ–ठाउँमा विद्यालयहरू खोले, आज त्यति सङ्ख्यामा विद्यालयहरू आवश्यक नरहेको भनाइ राखे । 'त्यसकारण विद्यालयहरू मर्ज हुनुपर्छ,' उनको कथन थियो ।

मन्त्रीज्यूको भनाइअनुसार के साँच्चै विद्यालयहरू आपसमा मर्ज गरेपछि गुणस्तरीय शिक्षाको प्रत्याभूति हुन्छ होला ? शिक्षामा राज्यको लगानी बढाउन सामुदायिक विद्यालयको सङ्ख्या घटाउनु पर्ने पूर्व शर्त हुन सक्ला र ? मन्त्रीज्यूकै भनाइअनुसार तालिमप्राप्त तर 'अल्छि' शिक्षकहरूलाई अर्को विद्यालयमा मर्ज गर्दा तिनको पढाउने जाँगर बढ्ने पक्का हो त ? सामुदायिक विद्यालयलाई माया गर्ने सरोकारवालाहरूबीच बहस गर्न आवश्यक छ ।

हरेक नेपाली नागरिकले विद्यालयतहको शिक्षा निःशुल्क पाउने संविधान प्रदत्त अधिकार हो । तर नेपालको यथार्थ फरक छ । यहाँ शिक्षा महँगो शुल्कमा किन्न पर्छ । गुणस्तरीय शिक्षाको मानक शुल्क बनेको छ अर्थात विद्यालयको फिस जति महँगो भयो त्यति गुणस्तरीय शिक्षा पाउन सकिन्छ भन्ने भ्रम छ । त्यसैले गाउँका बस्ती बस्ती र शहरका गल्ली तथा चोकहरूमा संस्थागत विद्यालयका नाममा निजी विद्यालयहरूले शिक्षाको पसल थापेका छन् । राज्यले तिनै विद्यालयहरूलाई प्रोत्साहन दिइरहेको छ । नियम कानुन बनाउने संसदमा प्रतिनिधित्व गर्ने शासक दलका अधिकांश सांसदहरू कुनै न कुनै निजी शैक्षिक संस्थासँग संलग्न छन्, संस्थापक,लगानीकर्ता वा प्रिन्सिपलको रूपमा । निजी विद्यालयलाई नीतिगत रूपमै संरक्षण र प्रोत्साहन दिने, सामुदायिक विद्यालयहरू आपसमा मर्ज गर्ने, र अनि सबै नागरिकहरूलाई गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउने भन्ने तर्कबीच कुन हदसम्म सामञ्जस्यता राख्न सकिएला ?

निश्चय पनि हरेक विद्यालय स्थापनाको ऐतिहासिक पृष्ठभूमि र इतिहासदेखि अहिलेसम्मको आरोह अवरोहमा संघर्षका कथा व्यथा हुन्छ । दुःखकष्टले हुर्काएका विद्यालयहरू कुनै पनि बहानामा अस्तित्व समाप्त होस् भन्ने कसैको पनि चाहना हुँदैन । त्यसैले विद्यालय मर्ज कसैका लागि प्रिय निर्णय हुन सक्दैन । सबै औषधी तीतो नै हुनुपर्छ भन्ने पनि त होइन । सामुदायिक विद्यालयहरूको व्यवस्थापन गर्ने विकल्प यस्तो पनि हुन सक्छ–

### १) सबल विद्यालयले दुर्वल विद्यालयलाई अभिभावकत्व प्रदान गर्ने

तुलनात्मक रूपमा विद्यार्थी सङ्ख्या बढी रहेको र व्यवस्थापन गर्न सक्ने क्षमता रहेको विद्यालयले आफू नजिकका एक वा एकभन्दा बढी कमजोर सामुदायिक विद्यालय आफ्नै विद्यालयको हाता भित्र वा तत् विद्यालयको हातामा कक्षा संचालन गर्नेगरी व्यवस्थापनको जिम्मेवारी दिन सकिन्छ । अभिभावकीय जिम्मेवारी वहन गर्ने विद्यालयलाई ती विद्यालयको शिक्षक व्यवस्थापन गर्ने र आर्थिक मामिला हेर्ने समेत जिम्मेवारी प्रदान गर्न सकिन्छ । तोकिएको समयावधिभित्र दुर्वल विद्यालयलाई सबल बनाउने शर्तमा राज्यले अभिभावकीय जिम्मेवारी वहन गर्ने विद्यालयलाई भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक सहयोग गर्ने नीति लिन सकिन्छ ।

### २) विद्यालयको कक्षा तह निर्धारण

कुनै स्थानीयतह (गाउँपालिका वा नगरपालिका) भित्र हाल रहेका सामुदायिक विद्यालयहरूको म्यापिङ (नक्साङ्कन) गर्ने, त्यसपछि स्थानीय जनतासँग छलफल गरेर स्कूल जाने उमेर समूहका बालवालिकाहरूको तथ्याङ्क विश्लेषण गरी त्यस ठाउँमा विद्यमान रहेका सामुदायिक विद्यालयहरूको कक्षा तह निर्धारण गर्न सकिन्छ । सबै विद्यालयमा कक्षा ५ सम्म वा कक्षा ८ सम्म वा कक्षा १० सम्म वा कक्षा १२ सम्म नै चल्नुपर्ने भन्ने धारणाबाट मुक्त होऔं । हाल विद्यमान रहेका स्कूलमध्ये कुनैलाई प्रारम्भिक वालविकास केन्द्र (प्रि स्कूल) मात्र संचालन गर्न दिऊँ, अर्कोलाई आधारभूत तहसम्ममात्र संचालन स्वीकृति दिऊँ, केहीलाई मात्र कक्षा १० वा कक्षा १२ सम्मको माध्यमिक तह संचालन गर्ने स्वीकृति दिऊँ । प्रि स्कूलमात्र संचालन अनुमति दिइने विद्यालयमा सोहीबमोजिम आवश्यक शिक्षक कर्मचारीको व्यवस्था गरेर त्यस विद्यालयमा हाल दरबन्दीमा रहेका प्रावि वा सोभन्दा माथिल्लो तहको दरबन्दी अर्को विद्यालयमा स्थानान्तरण गर्न सकिन्छ ।

आधारभूत तह संचालन स्वीकृति दिइने विद्यालयमा पनि आवश्यक दरबन्दीमात्र कायम गर्ने गरी बाँकी दरबन्दी मावितह संचालन स्वीकृति दिइने विद्यालयमा स्थानान्तरण

गर्न सकिन्छ। स्थानीय जनतासँगको सहकार्य र स्थानीय सरकारसँगको समन्वयमा विद्यालयहरूको पुनः नक्सांकन गरी विद्यालयहरूबीच आपसी सहकार्य गर्ने नीति अवलम्बन गर्न सकिन्छ। तल्लो तह उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई माथिल्लो तह अध्ययनका लागि नजिकैको माथिल्लो तह संचालन स्वीकृतिप्राप्त सामुदायिक विद्यालयमा भर्ना हुन सक्ने वातावरण तयार गर्न सकिन्छ। यसका लागि सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउने नीति सरकारले तय गर्नु उचित हुन्छ।

माथि उल्लेखित दुवै विकल्प अघि सार्न राज्यले सबैभन्दा पहिला सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार विकासमा विशेष पहल गर्ने र सबै विद्यालयहरूमा तहअनुसार आवश्यक शिक्षक कर्मचारी दरबन्दी तथा शैक्षिक सामग्रीहरूको प्रचुर उपलब्धता हुने वातावरण तयार गर्नुपर्छ। सामुदायिक विद्यालय सुधारको प्रष्ट खाकासहित स्थानीय सरकारसँगको समन्वयमा विद्यमान विद्यालयहरूको अनुगमन गर्ने, योग्य शिक्षक कर्मचारीहरूलाई प्रोत्साहित गर्ने तथा केही अयोग्यहरूलाई न्यायोचित उपाय अवलम्बन गरी विदावारी गर्ने आँट गर्नुपर्छ। राजनैतिक आस्था वा नातावाद, कृपावादको आधारमा अयोग्यलाई संरक्षण गर्ने नीति निर्ममतापूर्वक त्याग्नु जरुरी हुन्छ।

अर्को महत्त्वपूर्ण कुरा राज्यले निजी विद्यालयलाई प्रोत्साहन दिन बन्द गरिनु पर्छ। माध्यमिक तहसम्मको शिक्षा हरेक नागरिकको मौलिक हक भनी संविधानमा उल्लेख गर्ने, अनि शिक्षालयलाई पसल बनाउने र शिक्षा किनबेचको वस्तु बनाउने सरकारी नीति दोधारेपन छ। कम्तिमा माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण जिम्मेवारी राज्यले बोक्नुपर्छ। त्यसको अर्थ अहिले नै सबै निजी विद्यालयहरू बन्द गरिनु पर्छ भन्ने होइन। निश्चित समयावधि दिएर ती विद्यालयहरूलाई सामुदायिक विद्यालयमा परिणत गर्ने खाका प्रस्तुत गरिनु पर्छ। नयाँ निजी विद्यालय संचालन अनुमति भने पूर्णतः बन्द गरिनु पर्छ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले सामुदायिक विद्यालयको सुधारका केही योजनाहरू अघि सारेको देखिन्छ। विद्यालयको भौतिक सबलीकरण, विद्यायलमा आइसीटी र प्रयोगशाला निर्माण, खेल मैदान निर्माण तथा खेलकुद प्रशिक्षक बन्दोबस्तीमा सहयोग, शुद्ध पिउने पानी सफा विद्यालयअभियान लगायतमा आर्थिक अनुदान दिने नीति अगाडि सारेर केही विद्यालयहरूलाई अनुदान दिइरहेको छ। हाल १२१ वटा विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम संचालन गर्ने नीति पनि सकारात्मक पहल नै मान्न सकिन्छ। यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण बढाउने मूल उपायसम्म भने प्रदेश सरकार अझै पनि पुग्न सकेको छैन। गुणस्तरीय शिक्षाको लागि भएका सामुदायिक विद्यालय मर्ज गर्ने मात्र अचुक उपाय हो भन्ने मन्त्रीज्यूको दृष्टिकोणमा परिवर्तन आवश्यक छ। हामी आफूले नयाँ सामुदायिक विद्यालय स्थापना गर्न त सकेनौं, कम्तिमा हाम्रा अग्रजहरूले अनेक संघर्ष गरी स्थापना गरेका सामुदायिक विद्यालयको इतिहास मेट्ने कार्य नगरौं।

---

पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

# eQmk'/ gu/kflnsf

gu/ sfo{kflnsfsf] sfof{no

व्यासी २, भक्तपुर

# भक्तपुर महोत्सवबारे जरुरी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ चैत ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सव आयोजना गर्ने निर्णय गरिएकोमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको उच्च जोखिममा नेपाल रहेको र नेपाल सरकारले पनि ठूला खालका सभा सम्मेलन, महोत्सव नगर्न आह्वान गरेको सन्दर्भमा हाललाई **भक्तपुर महोत्सव स्थगित** गरिएको व्यहोरा सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# वडाध्यक्ष डायरी

- रसिक

## अष्ट्रेलियाजाने लोभमा नक्कली विवाह

'नमस्ते वडाध्यक्षज्यू' ।

'नमस्ते भाइ । आज त एकदम फुर्तिलो र हँसिलो देखिन्छौ नि । केही विशेष ?'

'हो वडाध्यक्षज्यू । म त वडामा विवाह दर्ता गर्न आएको । हामी दुवै जना छौं ।'

'कतिवर्ष भयौ र ? विवाहगर्ने उमेर पुगेको छैन कि ? फेरि जेल जानुपर्ला नि ?'

'बीस वर्ष कटेर २१ लागेँ नि । अलिअलि कानुन त हामीले पनि जानेका छौं नि वडाध्यक्षज्यू ।'

'अनि उनी को हुन् त ? यहाँको जस्तो त लागेन नि । भागी विहा हो कि क्याहो ?'

'उनी धरानकी । उनी मभन्दा २ वर्षले जेठी । हाम्रो विहा त न मागी, न भागी । कन्सल्टेन्सी थ्रु विहा वडाध्यक्षज्यू ।'

'कन्सल्टेन्सी थ्रु विहा भन्या चैं के हो नि ? विहा गर्ने नयाँ तरिका आयो कि क्याहो ?'

'ल, तपाईँलाई थाहै रैनछ । अष्ट्रेलिया जान काठमाण्डौको कन्सल्टेन्सी धाउँदा उसैले उनीसँग चिनापर्ची गराइदिएको । उनी पनि अष्ट्रेलिया जान कन्सल्टेन्सी आएकी रैछन् । कन्सल्टेन्सीको सरले दुवैले विहा गरे अष्ट्रेलिया सजिलै पुग्न सकिन्छ भन्नुभयो, अनि यहाँ आएको ।'

'गज्जब रै छ बाबु । आमाबाबुलाई जानकारी छ कि छैन त ?'

'आमाबाबुलाई जानकारी दिएर के गर्ने ? खासमा यो सक्कली विहे नै होइन नि । अष्ट्रेलियामा एप्लाइ गर्न डकुमेन्ट चाहिने भएर मात्र आएको नि । यहाँबाट प्लेन चढेर उता नपुगुन्जेलसम्मका लागि हो । उता पुगेपछि उनी आफ्नै बाटो लाग्नेछिन् र म पनि आफ्नै ढंगबाट काम गरिहाल्छु । अष्ट्रेलियामा त हामी साथी जस्तै बस्छौं । अलिअलि कमाएपछि आमाबाबुसँग सल्लाह गरेर मैले मन पराएको केटीसँग विहे गरिहाल्छु । त्यतिबेला तपाइँलाई पनि भोज बोलाउँछु नि वडाध्यक्षज्यू ।'

'के भनेको बाबु ? वडा कार्यालयमा विहा दर्ता भएपछि त कानुनी विहा भइहाल्यो नि । पछि अर्को विहे गर्दा त तिमीलाई बहुविवाहको मुद्दा लगाएर प्रहरीले समाति हाल्छ नि ।'

'त्यतिबेला त हेरौंला नि वडाध्यक्षज्यू । हामीसँग आइडिया छ नि ।'

'के आइडिया बाबु ?'

'डिभोर्स गर्ने ।'

'डिभोर्स गर्न त्यति सजिलो छ र ? अदालती प्रकृया छ । त्यसमाथि डिभोर्स गरेपछि तिम्रो भागमा आउने पैत्रिक सम्पतिको आधा श्रीमतिलाई दिनुपर्ने कुरा थाहा छ कि छैन ?'

'ए त्यसो पो । मलाई त थाहा छैन । अब के गर्ने त ? मैले त मन्दिरमा गएर विहे गरेको फोटो समेत खिचेँ र भोज खुवाएको भिडियो पनि बनाएँ त वडाध्यक्षज्यू ।'

'आमाबाबुको अनुपस्थितिमा कसरी विहे गरी भोज खुवायौ ?'

'विहे गर्न भनेर काठमाण्डौको एउटा मन्दिरमा साथीहरूसँग गएको, त्यहाँ बसिरहनुहुने पण्डितले अष्ट्रेलिया जाने विहे हो भनी सोध्नुभयो । हामीले हो भन्यौं । उहाँले त पैसामात्र देऊ, सबै म मिलाउँछु भन्नुभयो ।'

'कति पैसा माग्यो बाहुनले ?'

'२० हजार माग्यो नि वडाध्यक्षज्यू ।'

'बाहुनले कसरी मिलायो त ?'

'हामीले दुलाहा र दुलहीको ड्रेस लगायौं, त्यहाँ त विवाह मण्डप अगाडि नै तयार थियो । पण्डितले सर्टकट मन्त्र पढेर विहा गराउनुभयो । हाम्रो फोटो पनि खिच्ने बन्दोबस्त रहेछ ।'

'अनि भोजको भिडियो कसरी खिचियो त ?'

'त्यही मन्दिर परिसरमा एकजनाको विहे भोज रहेछ । पण्डितले त्यही भोजको भिडियो खिच्न भन्नुभयो । हामीले पनि एकैछिन विहे भोजमा अतिथि सत्कार गरेको नाटक गर्‍यौं । अष्ट्रेलियाका कुइरेहरूले कसको भोज भनेर सोध्ने होइन क्यारे । उनीहरूलाई विहा र भोजको फोटो र भिडियो प्रमाण चाहिने त हो नि ।'

'गज्जबको जुक्ति निकाल्यौ त बाबु । बडो राम्रो काम गर्‍यौ । विहे पनि नक्कली, भोज पनि नक्कली, आमाबाबु पनि नक्कली र श्रीमती समेत नक्कली ।'

'अब के गर्ने त वडाध्यक्षज्यू, आफूलाई जसरी भएपनि अष्ट्रेलिया जानु छ । घरमा आमाबाबुले मलाई अष्ट्रेलिया पठाउन आवश्यक पैसाको बन्दोबस्त गरिसक्नुभयो ।'

'तिम्रो सबै काम नक्कली भएपछि विवाह दर्ता मात्र म कसरी सक्कली गर्न सक्छु र बाबु ? मबाट त यस्तो काम हुन्न । के गर्छौ ?'

'त्यसो नभन्नु न वडाध्यक्षज्यू । मेरो जीवन वर्वाद हुन्छ त । बरु तपाइँलाई के चाहिन्छ, कति चाहिन्छ ?'

'धत् मूर्ख । जनप्रतिनिधिलाई घुस खुवाउन खोजेको ? तिम्रो काम हुन्न ।'

'सरी वडाध्यक्षज्यू । मेरो यति काम गरिदिनुस् न प्लिज । मैले तपाईंलाई सबै साँचो कुरा बताएँ त ।'

'अहँ, हुन्न । नक्कली विहेको सक्कली प्रमाणिकरण मबाट हुन्न ।'

'ठट्टा नगर्नुस् न वडाध्यक्षज्यू । तपाईंलाई हामीले भोट हालेर जिताएका हौं नि ।'

'त्यसैले त जिम्मेवारी लिएर तिमीलाई गलत काम गर्नबाट रोक्नु खोजेको बाबु ? कर्मचारीले भए किन मतलब राख्थ्यो ? तिम्रो विवाह दर्ता र सिफारिस दिएपछि वडाको आम्दानी बढ्थ्यो । हामी त जनप्रनितिनिधि, समाजको भलो गर्न हामीलाई जिताएर पठाइएको हो । हामीले गलत काम गर्‍यौं भने यो समाज झन् पछाडि पर्छ बाबु । तिम्रो भविष्य बवार्द हुनबाट जोगाउनु मेरो कर्तव्य हो । अष्ट्रेलिया जाने लोभमा गलत काम नगर बाबु ।'

विचरा अष्ट्रेलिया जाने सपना देखेका भाइको मुख रातो भयो, उसले आफ्नो मुन्टो माथि उठाउन पनि सकेन । लामो समय मौन बस्यो, आँखाबाट आँसु बगिरह्यो । वडाध्यक्ष अन्य सेवाग्राहीको काममा व्यस्त भए ।

## अमेरिकी ग्रीनकार्डको लागि विवाह

शुक्रबार कार्यालय समयमा एक जना अभिभावक आफ्नो छोरी अमेरिकामा रहेको र निजको नेपाली स्थायी ठेगाना प्रमाणिकरणको सिफारिस लिन वडाध्यक्षलाई भेट्न आउनुभयो । वडाध्यक्षले अंग्रेजीमा लेखिएको सिफारिस खेस्रा पढे र रातो कलमले केही सच्याउन थाले ।

'अंग्रेजीमा एम.ए. गरेका भान्जाले लेखेको, यहाँ त सचिवलाई टाइप मात्र गर्न लगाएको वडाध्यक्षज्यू ।'

'राम्रै हो दाइ । तपाईंको छोरीको विहे भएको होइन र ? विहे भएपछि त मिसेस लेख्नुपर्‍यो नि । त्यसमाथि विहे गरेपछि श्रीमान्‌को ठेगाना लेख्नुपर्ने, तपाईंले त छोरीको माइतीको ठेगाना लेख्नुभयो । यो मिलेन दाइ ।'

'होइन वडाध्यक्षज्यू, मलाई छोरीको माइतीकै ठेगाना राख्नुपर्ने । मिल्दैन र ?'

'अहँ, हुँदैन दाइ । फेरि विवाहित छोरीलाई मैले अविवाहित भनेर वडा कार्यालयको लेटर प्याडमा सिफारिस गर्न मिल्दैन नि । छोरीको त विवाह दर्ता छ होला नि ?'

'छ वडाध्यक्षज्यू । तर पनि मलाई यसरी नै सिफारिस चाहिने । नभए समस्या हुन्छ ।'

'किन र दाइ ? छोरी र ज्वाइँबीच केही समस्या छ कि ?'

अभिभावकको मुख निन्याउरो देखियो । उहाँले कार्यालयमा आफूबाहेक अन्य सेवाग्राही पनि भएकोले खुलस्त पार्न चाहनुभएन । उहाँको अप्ठेरोपन बुझ्ेपछि वडाध्यक्षले अन्य सेवाग्राहीलाई एकछिन बाहिर बस्न आग्रह गरे ।

सबैजना बाहिर गएपछि अभिभावकले बिस्तारै आफ्नो छोरीको विषयमा कुरा राख्न थाल्नुभयो ।

'खै, कुरा कसरी शुरु गरुँ ? बीएनको पढाइ सिध्याएर एउटा प्रतिष्ठित सरकारी अस्पतालमा मेट्रोन भई बिरामीको सेवा गरिरहेकी छोरीलाई एकजना आफन्त लमी भएर विवाह गराउने प्रस्ताव आयो । केटा पनि अंग्रेजीमा एमफिल गरेको र पीएचडीको लागि अमेरिका जाने तयारी गरिरहेको भनेपछि हामी पनि मख्ख भयौं । छोरीले त एक दुई वर्ष पर्खन भनेकी थिइन् तर हामी नै पछि त्यति राम्रो र अध्ययनशील केटा पाइएला कि नपाइएला भन्ने लागेर विवाहको निम्ति छोरीलाई सम्झाउन थाल्यौं । छोरीले हाम्रो कुरा काट्न सकिनन् र विवाहको लागि राजी भइन् । विवाह धुमधामले गरियो । दुवै परिवार निकै खुशी थियौं ।

विवाहको केही महिनापछि ज्वाइँ र छोरी दुवैजना अमेरिका जाने तयारीमा लागे । छोरी नर्स भएकीले तिनलाई अमेरिकाको भिसा लगाउन सजिलो हुने र तिनैको डिपेन्डेन्ट भिसामा ज्वाइँ पनि सँगै जाने कुरा गरियो । हामीलाई पनि ठिकै लाग्यो । एक जना नेपालमा र अर्को अमेरिकामा बस्नुभन्दा दुवैजना अमेरिका गए भने दुवैलाई सजिलो हुने र पैसा पनि कमाइने आशले छोरीले सरकारी अस्पतालको नर्सबाट राजीनामा दिइन् । छोरीको भिसा पनि लाग्यो, ज्वाइँले डिपेन्डेन्ट भिसामा एप्लाइ गर्नुभयो । दुवैजना अमेरिका उडे ।

अमेरिका पुगेपछि छोरी र ज्वाइँसँग बारम्बार अनलाइन कुराकानी भइरहन्थ्यो । राम्रै काम पाइरहेका थिए । ज्वाइँले पीएचडीका लागि विश्वविद्यालयमा दरखास्त दिनुभयो । अमेरिकाको जीवन कहाँ सजिलो हुन्थ्यो र ? छोरीले दुई सिफ्टमा काम गर्थिन्, ज्वाइँले पनि एउटा डिपार्टमेन्टल स्टोरमा काम गर्नुहुन्थ्यो । दुई जना सँगै भेट्न र खाना खान आइतबार कुर्नुपर्थ्यो रे । अनलाइनमा कहिले ज्वाइँले अमेरिकाको जीवन सजिलो नभएको गुनासो गर्नुहुन्थ्यो त कहिले छोरीको थकित अनुहार देखिन्थ्यो । जे भए पनि दुवैजना खुशी भएकोमा हामीलाई सन्तोष लाग्थ्यो ।

ज्वाइँले अमेरिकाको ग्रीनकार्ड पाएको खबर पाएसँगै हामी निकै दंग भयौं । अब दुवैको भविष्य राम्रो बन्ने भयो भन्ने लाग्यो ।

वर्षदिनको अमेरिका बसाइपछि एक महिनाको लागि छोरी र ज्वाइँ दुवै नेपाल फर्किए । यहाँ आउँदा दुवैजना असाध्यै खुशी देखिन्थे । पोखरा, धरानलगायत विभिन्न ठाउँमा घुम्न गएका थिए । ज्वाइँ बरोबर घर आउनुहुन्थ्यो, अमेरिका बसाइको विषयमा र त्यहाँको काम गराइको विषयमा पनि हामीलाई जानकारी दिनुहुन्थ्यो । अमेरिकामा कसैले कसैलाई वास्ता नगर्ने, सबैजना काम र पैसाको पछि दगुर्ने गरिएको बताउनु हुन्थ्यो । अमेरिकाभन्दा नेपाल स्वर्ग भएको र आफ्नो पीएचडी भ्याएर केही पैसा कमाएपछि नेपाल नै फर्किने बताउनु हुन्थ्यो ।

छोरी र ज्वाइँले नेपाल आउने क्रममा नै अमेरिकाको फिर्ती टिकट समेत काटेका थिए। त्यसैले अमेरिका फर्किने समय नजिकिँदै गर्दा दुवैजना आफन्तहरूलाई भेट्न र विदावारी गर्न व्यस्त भए। अमेरिका फर्कनुभन्दा दुईदिन अघि दुवैजना बेलुकी ढिलासम्म हामीसँग रमाइलो छलफल गरिरहेका थिए। छोरी र ज्वाइँ फेरि अमेरिका जाने भयो भनी हामीलाई न्यास्रो लागिरहेको थियो। दुवैले चाँडै नेपाल फर्किने बाचा गरिरहेका थिए। त्यो दिन दुवैलाई घरमै सुत्न आग्रह गऱ्यौं। छोरीले हुन्छ भनिन् तर ज्वाइँ घर जाने कुरा गर्दै हुनुहुन्थ्यो। हामीले ज्वाइँलाई ससुराली घरमा रात बिताउन कर गर्न सकेनौं र चाहेनौं पनि। भोलि फेरि आउने वचनसहित राति ढिलो गरी ज्वाइँ फर्किनु भयो।

भोलिपल्ट ज्वाइँ घर आउनुभएन। साथीभाइसँग भेटघाटमा व्यस्त हुनुभयो कि भन्ने लाग्यो। बेलुका ज्वाइँको फोन स्वीच अफ भयो। अबेलासम्म फोन गर्दा पनि ज्वाइँको फोन स्वीच अन भएन। फोनमा केही समस्या भयो कि भन्ने मात्र लाग्यो, अरु केही सोचेनौं।

अमेरिका फर्कने दिनमा पनि विहानैदेखि ज्वाइँको फोन स्वीच अफ थियो। छोरी अमेरिका फर्कने तयारीमा थिइन्। के गर्ने, के नगर्ने भयो। छोरीसँग जेठानको नम्बर रहेछ। जेठानलाई फोन सम्पर्क गर्दा उहाँले भाइ घरको जरुरी कामले अचानक चितवन जान परेको र कसैलाई सम्पर्क नगरी गएको जवाफ दिनुभयो। केही दिनपछि फर्किने कुरा आएपछि छोरीको मन थामियो। शंका गर्ने कुनै ठाउँ नै थिएन।

केही दिनपछि अमेरिकामा आफ्नो कोठा नजिकैको छिमेकी भारतीय साथीले अनलाइन कुराकानीको क्रममा 'तिम्रो श्रीमान अमेरिका पुगेको तर तिमी विरामी भएर नआएको हो ?' भनी सोधेपछि छोरीको होस गुम्यो। छोरीले त्यसपछि पटक पटक ज्वाइँसँग फोनमा, अनलाइन म्यासेन्जर, फेसबुक र भाइबरमा सम्पर्क गर्ने कोसिस गरिन्। ज्वाइँले छोरीलाई सबै सामाजिक सञ्जालमा 'अनफ्रेन्ड' गरिसक्नुभएको रहेछ। ज्वाइँसँग सम्पर्क हुन नसकेपछि छोरी बेचैन भइन्, क्वाँ क्वाँ रुन थालिन्। श्रीमानसँगको विछोड सहन नसकेर आत्महत्या गर्ने प्रयास समेत गरिन्।

हामीले छोरीलाई सम्झाउने प्रयास गऱ्यौं। मिल्ने साथीहरूले पनि तिनलाई धेरै सम्झाए। हामीलाई त छोरीले केही भनिन, तर मिल्ने साथीसँग एक्लै कुरा गर्ने क्रममा छोरीले अमेरिका बसाइको क्रममा कहिलेकाहीं सानो सानो कुरामा पनि ज्वाइँले निहुँ खोज्ने गरेको र विभिन्न कागजमा सही गर्न लगाएको बताइन्। अंग्रेजीमा लखिएको कागज १५-१६ पेजको थियो रे, केही बेर पढ्न खोज्दा ज्वाइँले के पढिरहेको ? मेरो विश्वास छैन ? भन्थ्यो रे। ज्वाइँले भनेको ठाउँमा सही गरेको कुरा छोरीको साथीबाट हामीले थाहा पायौं। त्यो के कागज थियो, स्वयं छोरीलाई थाहा थिएन, त्यसको एक प्रति फोटोकपी पनि नगरिएको रहेछ।

त्यसबीचमा छोरी पटक पटक श्रीमानको घर पनि गइन्। तर पोइले छोडेकी भनेर हेलाहोचो गरेपछि त्यहाँ बस्न सकिनन् र माइत बस्न थालिन्। दिनदिनैको छोरीको आँसु र निराशा हामीले देख्न सकेनौं। हामीले पनि विभिन्न माध्यमबाट ज्वाइँसँग सम्पर्क गर्ने प्रयत्न गऱ्यौं तर सम्भव भएन। अनेक प्रयास गर्दा पनि नभएपछि हामी कानुनी उपचारमा गयौं। छोरीले ज्वाइँविरुद्ध अदालतमा मुद्दा हालिन्। प्रतिवादीको अदालती प्रतिउत्तरको क्रममा ज्वाइँको तर्फबाट छोरीले अमेरिकामा बस्दै गर्दा सही गरेको १५-१६ पेजको पत्र प्राप्त भयो। नेपालीमा अनुवाद गरी पढ्दा मात्र थाहा पाइयो कि त्यो पत्र सम्बन्ध विच्छेदको कानुनी कागजात रहेछ। पत्र पढ्दै गर्दा छोरी बेहोस भइन्।

पत्रमा सम्बन्ध विच्छेदसँगै पतिको नाउँमा अमेरिकामा र नेपालमा रहेको सम्पतिमा समेत पत्नीको कुनै दाबी नहुने समेत लेखिएको रहेछ। दुवैजना राजीखुशीले एक अर्काबाट छुटिन चाहेको कुरा प्रष्टसँग कागजमा लेखिएको थियो। हामीलाई त आकासै खसेजस्तो भयो। केही भन्नै सकेनौं। बेहोस भएकी छोरीलाई नजिकैको स्वास्थ्य केन्द्रमा इमर्जेन्सीमा राख्यौं। छोरीको हालत खराब हुन थाल्यो, कहिले होस खुल्ने, बर्बराउने र एकैछिनमा बेहोस हुने। हामी आत्तियौं। चिकित्सकको सल्लाहमा छोरीलाई मनोसामाजिक परामर्शमा लग्न थाल्यौं। हामीसँग अर्को कुनै उपाय थिएन।

महिनौंको उपचारपछि छोरीले अमेरिका फर्कने अड्डी कसिन्। 'मेरो श्रीमान जहाँ छ, म त्यहीं जान्छु, किन मलाई छोडेको भनी सोध्छु, झगडा गर्छु र त्यही बस्छु' भन्न थालिन्। छोरीको जिद्दीको अगाडि हाम्रो केही चलेन। छोरी अमेरिका गइन्। हामी आत्तिएका थियौं। तिनले ज्वाइँलाई भेटिन् रे तर ज्वाइँले सम्बन्ध विच्छेदको कागज देखाएर अमेरिकी प्रहरीको सहायता लिनुहुन्थ्यो रे। त्यहाँ पनि छोरी बेसहारा बनिन्।

छोरी अमेरिका गएको दुई महिनापछि तिनको अमेरिकी भिसाको अवधि समाप्त भयो। अहिले उनी गैरकानुनी रूपमा अमेरिका बसिरहेकी छिन्। कानुनी संघर्षका लागि नेपालबाट ठेगाना प्रमाणिकरणसहितको सिफारिस चाहिने भनेकीले म तपाईंकोमा आएको हुँ बाबु। मलाई सहयोग गर्नु वडाध्यक्ष बाबु, नत्र मेरी छोरी विरानो देशमा विचल्लीमै पर्ने भइन्।

निकै भावुक र रुन्चे आवाजमा अभिभावकको कुरा सुनेर वडाध्यक्ष गम्भीर भए। उनले फोनबाट केही कानुनविद् साथीहरूसँग छलफल गरे, नगरपालिकाको कानुनी सल्लाहकारसँग पनि सल्लाह मागे।

वडाध्यक्षले अभिभावकलाई ढाडस दिंदै भोलिपल्ट उनकै घरमा भेट्न आउने र केही कानुनी उपचारको उपाय लिएर आउने वचन दिए। वडाध्यक्षको आश्वासनपछि अभिभावकको अनुहारमा केही चमकता देखियो। वडाध्यक्षलाई नमस्कार गरी उहाँ कार्यालयबाट बाहिर निस्कनुभयो।




# ङातापोल निर्माण कथा

*(देशकै सबभन्दा अग्लो एवम् विश्वप्रसिद्ध ङातापोल मन्दिरको जीर्णोद्धार भक्तपुर नगरपालिकाले गरिरहेको छ । २०७२ सालको भूकम्पले यस मन्दिरको विशेष गरी माथिल्लो तलामा बढी क्षति पुऱ्याएको थियो । ने.सं. ८२२ अर्थात ३१८ वर्ष अघि निर्मित ङातापोल मन्दिर १९९० सालको महाभूकम्पमा पाँचौ एक तला मात्र भत्केको थियो ।*

*यस मन्दिरको अभिलेख ग्रन्थबारे विद्वान **डा.जनकलाल वैद्य**ले अनुसन्धानात्मक विश्लेषणात्मक अध्ययन गरी **'सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा'** शीर्षकमा पुस्तक लेख्नुभयो । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट २०६१ सालमा प्रकाशित उक्त पुस्तकबाट पाठकहरूको जानकारीको लागि केही अंश क्रमश: प्रकाशन गरिएको छ- 'भक्तपुर' ।)*

## मन्तव्य

प्रस्तुत **सिद्धाग्नि कोट्याहुति देवलप्रतिष्ठाः पाँचतले मन्दिर न्यातापोलल देवलको निर्माण र प्रतिष्ठा** कार्यसम्बन्धी अभिलेखग्रन्थको अनुसन्धानात्मक-विश्लेषणात्मक अध्ययनग्रन्थ डा.जनकलाल वैद्य (वि.सं. १९९१ : ललितपुर) को अथक साधनापूर्ण अध्ययनशीलता र विद्वत्ताको फलस्वरूप तयार भएको एक अनमोल शोधकृति हो । उहाँ नेपालभाषा (नेवारभाषा) का कथाकार र नाटककार एवम् वरिष्ठ प्राध्यापनकर्मी र समालोचकका साथै उक्त भाषा र साहित्यका प्रथम विद्यावारिधि उपाधि प्राप्त शोधकर्ता (२०४१, त्रि.वि.) तथा सुप्रतिष्ठित विद्वान् पनि हुनुहुन्छ भने यो उहाँको लामो ग्रन्थ प्रकाशनक्रमको नवीनतम ग्रन्थ हो ।

राष्ट्रिय अभिलेखालय र आशा सफू कुथिका अभिलेख ग्रन्थहरूको वर्णनात्मक टिप्पणीयुक्त चिनारीमूलक सूचीग्रन्थ तथा नेपालभाषा गीतिकाव्य विधाको विशद शोधस्वरूप **नेपालभाषाया प्राचीन काव्य सिर्जना** (ने.रा.प्र.प्र. : २०५९) जस्ता शोधग्रन्थसमेत उहाँबाट हामीलाई प्राप्त भइसकेका छन् र ती नेपालका ऐतिहासिक, सांस्कृतिक, वाङ्मयिक र साहित्यिक अध्येताहरूका निम्ति अत्यन्त उपादेय रहेका छन् भने अहिले उहाँबाट प्रस्तुत **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा**सम्बन्धी यस ग्रन्थबाट भक्तपुरको प्रख्यात पाँचतले मन्दिर न्यातापोल देवलको निर्माण र प्रतिष्ठाकार्य सुसम्पन्न हुँदाको (वि.सं.१७५९ तिरको) समयका अध्ययन गर्न लायकका अति महत्त्वपूर्ण तथ्य सर्वप्रथम प्रकाशमा आएका छन् र यो ग्रन्थ पनि उपर्युक्त विभिन्न दृष्टिले उतिकै शोधपूर्ण र महत्त्वपूर्ण छ भन्ने म ठान्दछु ।

यस्तो अत्यन्त महत्त्वपूर्ण प्राज्ञिक शोधकार्यलाई यस रूपमा प्रस्तुत हुन सघाउने सबै सम्बद्ध संस्था तथा महानुभावहरू नेपाली प्रज्ञाजगत्का साधुवादका भागी भएको अभिमत व्यक्त गर्दै यस ग्रन्थका लेखक डा. जनकलाल वैद्यज्यूप्रति यस्तो सांस्कृतिक निधिको प्रकाशनको अवसर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानलाई प्रदान गरेकोमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नेपाली समाजका विज्ञ तथा गुणग्राही पाठकजनहरूबाट यस ग्रन्थको प्राज्ञिक महिमाअनुरूप नै यसलाई स्वागत गरी आफ्ना सङ्ग्रहमा स्थान दिई यसका लेखक र यस कार्यमा संलग्न सबैलाई अनि प्रज्ञा-प्रतिष्ठानको प्रकाशनमालालाई पनि प्रोत्साहन प्रदान गरिने दृढ विश्वाससमेत म व्यक्त गर्दछु ।

२०६१ मंसिर २४ गते, कमलादी, काठमाडौं — प्रा.डा. वासुदेव त्रिपाठी, उपकुलपति

*(पुस्तकको मन्तव्य अंश)*

## प्रकाशकीय

प्रसिद्ध विद्वान डा.जनकलाल वैद्यको **'सिद्धाग्नि कोट्याहुती देवल प्रतिष्ठा'** नामक विश्लेषणात्मक ग्रन्थ प्रकाशित हुँदैछ । आधुनिक संस्कृतिको क्षेत्रमा विशिष्ट स्थान स्थापित गरिसक्नु भएका डा.वैद्यज्यूका प्रस्तुत ग्रन्थले नेपाली काव्य जगतमा एउटा नयाँ कीर्तिमान कायम गर्नेछ भन्ने कुरामा हामी आशावादी छौं ।

प्रस्तुत ग्रन्थ प्रकाशित गर्न पाएकोमा हामी हर्षित छौं । यसको लागि लेखप्रति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ ।

*(पुस्तकको प्रकाशकीय अंश)*

# मेरो भनाइ

वि.सं. २०४१ सालमा प्रकाशित राष्ट्रिय अभिलेखालयस्थित नेपालभाषा/नेवारी अभिलेख ग्रन्थ सूची पुस्तक तयार गर्ने सिलसिलामा **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** अभिलेख ग्रन्थ राष्ट्रिय अभिलेखालयमा यस पंक्तिकारले पत्ता लगाएको थियो। उक्त अभिलेख ग्रन्थमा भक्तपुर टौमढी टोल अवस्थित विश्व प्रख्यात ङातापोलल देवल अर्थात् पाँचतले मन्दिर निर्माण कार्य र त्यस मन्दिरको प्रतिष्ठा अनुष्ठान कृत्यमा त्यस बखत भए गरेका खर्च सम्बन्धी अभिलेख पूर्णः नेपालभाषामा नेवाराक्षर लिपिमा लेखिएको देख्ता जिज्ञासावश उक्त अभिलेख ग्रन्थ अध्ययन गरियो। उक्त ग्रन्थबाट राजा भूपतीन्द्र मल्लले शासन गरिरहेको बेलाको ने.सं. ८२२ तदनुसार वि.सं. १७५९ तिरको भक्तपुरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक र वास्तु-निर्माण (मन्दिर निर्माण) सम्बन्धी धेरै रोचक तथ्यहरूका जानकारी यस पंक्तिकारलाई मिल्यो। तत्कालै, ती तथ्य ज्ञान अनुसन्धानार्थी विद्वद्वर्गलाई उपयोगी सिद्ध होला भन्ने लागेर राष्ट्रिय अभिलेखालयबाट प्रकाशित हुने वार्षिक पत्रिका **अभिलेख**को अंक ८ मा अंग्रेजीमा र सोही पत्रिकाको अंक १४ मा नेपालीमा र ललितपुरबाट प्रकाशित हुने नेपालभाषाको **खेलुइताः** वार्षिक पत्रिकामा पाँचतले मन्दिर निर्माण र प्रतिष्ठा अनुष्ठान कृत्य सम्बन्धी ती ताजा र रोचक तथ्य आधारित लेखहरू प्रकाशित गराएको थियो- यस पंक्तिकारले। ती लेखहरूमा विद्वान् लेखक अन्वेषकहरूका ध्यान आकृष्ट भए। पश्चिम जर्मनीका अन्वेषक विद्वान प्रा.डा.बर्नहार्ड कोल्भरले त्यस अभिलेख ग्रन्थमा अझ गहिरिएर अध्ययन विश्लेषण गरी पुस्तक तयार गर्नुपर्छ भनी मौखिक र पत्राचारद्वारा अनुरोध भयो। त्यसै अनुसार अंग्रेजीमा एक पुस्तक तयार गरी एक प्रति (टाइप गरिएको) पाण्डुलिपि उहाँलाई दिएको त्यतिकै रह्यो।

वि.सं. २०५७ श्रावन महिनामा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सदस्यद्वय श्री चित्तरञ्जन नेपाली र श्री माधवलाल कर्माचार्यका सुदृष्टि पनि उक्त अभिलेख ग्रन्थ **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा**मा परेको फलस्वरूप यो पुस्तक नेपाली भाषामा सम्पादन गर्ने अभिभारा यस पंक्तिकारलाई मिल्यो। त्यहीं भएको सहमति-सम्झौता-पत्रअनुसार काम शुरु गरियो। त्यसैको फलस्वरूप यो पुस्तक तयार हुन आएको छ। यस पुस्तकमा मूलतः तीन भाग छन्-

क) अभिलेख ग्रन्थमा विश्लेषणात्मक अध्ययन गरेर पत्ता लागेका तथ्य आधारित पाँच अध्यायहरूमा विभाजित प्रबन्ध लेखन र सम्बन्धित अनुसन्धेय तथ्यहरूलाई अध्ययन सुविधा हुने गरी क्रम मिलाएर राखिएका परिशिष्टहरू, यी पहिलो भागमा परेका छन्।

ख) दोस्रो भागमा मूल अनुसन्धेय ग्रन्थ **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा**का नागरी लिप्यन्तरित आद्योपान्त पाठ छन्।

ग) तेस्रो भागमा मूल अभिलेख ग्रन्थको छविचित्र प्रतिलिपि। उक्त अभिलेख ग्रन्थमा प्रविष्ट भएका प्रायः खर्च हिसाबहरू, सूची तथ्यहरू भिन्नाभिन्नै खर्च टिप्ने र सूची धरोट बनाउने अधिकारी चिताइदारबाट जे जस्तो उपलब्ध भए ती लिपिबद्ध हुँदै गएका र अभिलेख ग्रन्थमा ती तथ्यहरू अव्यवस्थित रूपमा लिपिबद्ध भइराखेका बुझिन्छन्। त्यस सूचीपत्रबाट अनुसन्धानार्थी बन्धुलाई त्यस ग्रन्थमा के के तथ्य कहाँ कहाँ छन् थाहा पाउन सुगम नै होला।

अर्को कुरा, उक्त अभिलेख ग्रन्थमा पाँचतले मन्दिर निर्माण कार्यको क्रमबद्ध विषयगत वर्णन शब्दशः गरिएको कतै देखिंदैन। त्यस्तै पाँचतले मन्दिरको प्रतिष्ठा अनुष्ठान कृत्यहरू, भोज ख्वाइएको दृश्य, नाच गान नाटक प्रदर्शन भएका पनि शाब्दिक वर्णन विस्तार कतै देखिंदैन। जे जति तथ्य त्यसमा लिपिबद्ध भएका छन् ती निर्माण कार्यमा भए गरेका खर्च टिपोट, खर्च गर्नलाई राजाबाट र खजाञ्चीको काम गर्ने अधिकृतहरूबाट उपलब्ध भएका जिन्सी रकमका टिपोटहरू, पाँचतले मन्दिर निर्माण कार्यका निम्ति आवश्यक निर्माण सामग्री जोहो गरेका तथ्यहरू, कालिगडहरूका ज्याला रकम, ज्यालादर, निर्माण सामग्री, निर्माण सामग्री अनुदान दिई सहयोग गर्नेहरूका सूची छन्। त्यस्तै अनुष्ठान कृत्य विशेषका निम्ति आवश्यक पूजा सामग्री सूची, ती सारजाम जोरजाम गर्दा भए गरेका खर्च रकम, ती कृत्यहरूका सम्बन्धित पुरोहित वर्ग र कामदारहरूका सूची इत्यादि छन्। वास्तवमा प्रस्तुत अभिलेख ग्रन्थमा प्रविष्ट भएका प्रायः तथ्यहरू तत्कालीन इतिहास, धर्म-संस्कृति, जनसमाज, जनभावना, विविध पेशा, धर्म, भाषा, स्थानीयताका सम्बन्धी तथ्य, तत्कालीन घरेलु उद्योग धन्दा इत्यादि सम्बन्धी, सिपाहीहरू र प्रमाणजनहरू सम्बन्धी तथ्य, खस पञ्चहरूसित र उपत्यका बाहिर गोरखा, पाल्पा, मकवानपुर र अन्य पहाडी भेगका निवासीसित उपत्यका भित्रका भक्तपुर र ललितपुरका निवासीका सुमधुर सहयोगात्मक सम्बन्ध सम्बन्धी तथ्य अति उपयोगी लागेकाले ती सबलाई परिशिष्टहरूमा राखेर विषय-क्रम मिल्ने गरी पुस्तकमा समावेश गरिएका छन्।

प्रस्तुत अभिलेख ग्रन्थबाट पाँचतले मन्दिर निर्माण कार्य र त्यस मन्दिरका प्रतिष्ठा कृत्यहरू सम्बन्धी जे जति तथ्यहरू छरपस्त भएर रहेका भएतापनि यस पुस्तकमा क्रम मिलाई उनिएका परिशिष्टहरूका सूचीहरू मात्र लहरै हेर्दै गएमा पनि ती परिशिष्टका विषय तथ्यबाट पाँचतले मन्दिरको नवनिर्मित साङ्गोपाङ्गो स्वरूप पाठकहरूका दृष्टि सामू साक्षात्कार हुन आएको अनुभूत हुन सक्लान् जस्ता छन्। त्यस्तै, पाँचतले मन्दिर प्रतिष्ठा अनुष्ठान सम्बन्धी तथ्यहरू ती परिशिष्ट विषय शीर्षकहरू आद्योपान्त➲

# ङातापोलल देवल अर्थात् पाँचतले मन्दिरको निर्माण कार्य र प्रतिष्ठा कृत्य

## (सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा अभिलेख ग्रन्थ आधारमा)

## -विश्लेषणात्मक अध्ययन-

## पहिलो भाग

### अध्याय–१

### विषय प्रवेश

नेपाल अधिराज्यको एक प्राचीन शहर वर्तमान भक्तपुर नगरपालिकाको टौमढी टोल अवस्थित ङातापोलल देवल अर्थात् न्यत पोलःद्योगः अर्थात् पाँचतले मन्दिर विश्वप्रसिद्ध सांस्कृतिक सम्पदा भइरहेको छ, भइरहने छ। देशविदेशका श्रद्धालु भक्तजनहरूका निम्ति पवित्र देवस्थल तथा पर्यटकहरूका लागि आकर्षक र दर्शनीय वास्तुकलाको अनुपम नमुना भइरहेको छ। यो भव्य मन्दिरलाई पुग नपुग ३०० वर्षसम्म (वि.सं. २०५३ असोजदेखि २०५४ जेठभित्र भक्तपुरको नगरपालिका र श्री ५ को सरकारको पुरातत्त्व विभागको संयुक्त सत्प्रयासबाट सम्पन्न मर्मत कार्य हुनु अगिसम्म) हुरी–पानी, विनाशकारी भूकम्पहरू ( वि.सं. १८९०, १९९०, २०४५) जस्ता प्राकृतिक प्रकोपबाट क्षति नपुऱ्याइएको रहेछ। यो मन्दिर अद्यापि नेपाली एकताको गौरवमय प्रतीक तथा उपत्यकाकै सर्वोच्च (१०८ फीट, ३३.२३ मीटर अग्लो) यो भव्य मन्दिर नेपाली वास्तुकलाको प्रेरक ध्वजा स्वरूप भक्तपुरका झिँगटी छाना भएका नेपाली घरहरूका केन्द्र स्थलमा अटल भई उभिरहेको छ। ने.सं. ८२२ कार्तिक (वि.सं. १७५८) देखि ८२२ जेठ (वि.सं. १७५९) भित्र निर्माण कार्यको प्रत्येक चरणमा तान्त्रिक कर्मकाण्ड कृत्य सम्पन्न गराइकन वास्तुशास्त्रीय विधि रीत पुऱ्याइकन यसको निर्माण कार्य र प्रतिष्ठा भएको थियो। तत्कालीन भक्तपुरका राजा श्री श्री भूपतीन्द्र मल्ल, भक्तपुरका तत्कालीन स्थानीय निवासीहरू, पञ्चप्रमानहरू, उक्त मन्दिर निर्माण कार्यमा प्रत्यक्षतः संलग्न कालिगडहरू सिकर्मी, डकर्मी–अवाले, नकर्मी, टमोटे, बाला, गाथा, एघाट इत्यादिहरूः प्रतिष्ठा अनुष्ठान कृत्यमा प्रत्यक्षतःसंलग्न पुरोहित ब्राम्हण, जोशी, आचातहरू र कर्मचारी वर्ग तथा तत्कालीन भक्तपुर राज्य अन्तर्गतका ठिमी, बोडे, नगदेश, नाला, सांगा, बनेपा, धुलिखेल, पनौति, चौकोट, श्रीखण्डपुरका स्थानीयबासिन्दाहरू, छिमेकी राज्य ललितपुरका टोलटोल र गाउँ गाउँका बासीन्दाहरू एवं ज्यामी कालिगडहरू सहर्ष स्वेच्छापूर्वक मन्दिरको निर्माण कार्यमा, निर्माण सकिएपछिको प्रतिष्ठा कर्मकाण्ड कृत्यमा र विभिन्न हर्षोत्सवहरूमा सहयोग गरी सहभागी भएका थिए। उक्त पाँचतले मन्दिरका निर्माण कार्यहरू प्रतिष्ठा कर्मकाण्ड कृत्यहरूमा भए गरेका विस्तृत खर्च, रकम सामग्री स्रोत, कार्यक्रम, सम्बद्ध पात्रहरू, सामग्री सूची

➲ हेर्दै गएमा पनि ती अनुष्ठान कृत्यहरू पनि पुनर्जीवित भएर साक्षात्कार हुन आए जस्तो अनुभूति पाठकहरूलाई हुन सक्छन् कि जस्ता छन्। यिनै सारा तथ्यहरूका कारणले उपर्युक्त अभिलेख ग्रन्थको महत्ता भएको हो भनी ठानेको छु। उपर्युक्त अभिलेख ग्रन्थमा ठाउँठाउँमा उल्लेख र केही तथ्य सामग्रीहरूका प्रविष्टि भएर पनि देवल छँ नामक भवनको तथ्य अपर्याप्त र अपूरो भएर हो कि सो भवन बारेमा भने पाँचतले मन्दिरको जस्तो साङ्गोपाङ्गो रूप यस पंक्तिकारलाई साक्षात्कार भए जस्तो लागेन। त्यसबारे अरु खोज अनुसन्धान अध्ययन गर्न समयको अपर्याप्तताका कारणले देवल छँ सम्बन्धी नचाहँदा नचाहँदै पनि चर्चा लेख्न छोड्न बाध्य भयो।

यो पुस्तक मूलतः उपर्युक्त **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** अभिलेख ग्रन्थमा भेटिएका तथ्यहरूमै केन्द्रित रहेर तयार गरिएको छ। भावुकता, कल्पना, अनुमान र पूर्वाग्रहबाट यथाशक्य निर्लिप्त भएर यो पुस्तक तयार गरिएको छ। उपलब्ध भएसम्मका अन्य पत्र पत्रिकामा प्रकाशित तथ्य पनि साभार ग्रहण गरिएको छ। पाँचतले मन्दिर निर्माणकालीन भक्तपुर राज्य र नेपाल राष्ट्र एकताको यथार्थ सत्य तथ्य प्रकाशमा ल्याउने प्रयत्न गरिएको छ। विश्व सम्पदा सूचीमा स्थान पाएको पाँचतले मन्दिर–ङातापोलल देवलले सदियौं वर्षसम्म अडिग रहेर नेपाली राष्ट्रिय एकता एवं विश्व मानवीय प्रेम सहयोग शान्तिको सन्देश उक्त ङातापोलल देवल अर्थात् पाँचतले मन्दिरका मनोरम पाँचैतलाका छानाहरूद्वारा र मन्दिरका सम्पूर्ण भार वहन गरिरहेका कलापूर्ण खामाहरू र टुनालहरूले बोध गराइरहे झैं लाग्छ।

यो पुस्तक तयार गर्ने काममा बडो मिहिनेत र होसियारीसाथ कम्प्यूटर टाइप गरी सहयोग गर्नेहरू इमेज डिजाइनर्सका ज्योतिमान डंगोल, विश्वेश्वर श्रेष्ठ, सुवास श्रेष्ठ र राजेश्वर वैद्यलाई धन्यवाद। साथै, प्राज्ञ द्वय श्री चित्तरञ्जन नेपाली र श्री माधवलाल कर्माचार्यमा सादर कृतज्ञता ज्ञापन गर्दछु।

*जनकलाल वैद्य (पुस्तकबाट)*

इत्यादिका विस्तृतविवरण भएको प्रस्तुत अभिलेख ग्रन्थ **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** यस पंक्तिकारले राष्ट्रिय अभिलेखालय स्थित नेपालभाषा अभिलेख ग्रन्थहरूका वर्णनात्मक सूची तयार गर्ने कार्यको सिलसिलामा अनुसन्धान अध्ययन गर्दा पत्ता लागेको हो। झ्वाट्ट हेर्दा र शीर्षक पढ्दा तान्त्रिक कर्मकाण्ड विधि सम्बन्धी ग्रन्थ जस्तो लाग्ने उपर्युक्त अभिलेख ग्रन्थ प्रख्यात पाँचतले मन्दिरको निर्माण कार्य सम्बन्धी अत्यन्त उपयोगी तथ्ययुक्त पठनीय ग्रन्थ रहेको छ। सोही अभिलेख ग्रन्थका पूरै पाठका छविचित्र, ती पाठको देवनागरी लिपिकृत पूरै पाठका, ती पाठका आधारमा पाँचतले मन्दिर निर्माण कार्य र सो मन्दिरको प्रतिष्ठा कृत्य कर्मकाण्ड, ती पाठबाट देखिने तत्कालीन राजनैतिक स्थिति, धार्मिक, सांस्कृतिक, सामाजिक र आर्थिक स्थितिबारे महत्त्वपूर्ण तथ्य विश्लेषण व्याख्यासहित सो अभिलेख ग्रन्थको नेपाली भाषामा यो सम्पादन कार्य गरिएको छ।

## अभिलेख ग्रन्थको स्वरूप लक्षण

**सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** भन्ने संस्कृतमय यो नामकरण सम्भवतः पछिबाट अभिलेख ग्रन्थहरूका लगत सूची बनाइँदा गरिएको बुझिन्छ। उक्त अभिलेख ग्रन्थको आदि वाक्य र मूल पाठ अंशभित्र कतै उक्त शीर्षक हालिएको तथ्य विवरण देखापरेको छैन। यसको समाप्ति वाक्य पनि अभिलेख ग्रन्थै पत्राङ्क २६३ (क) सम्म पुगेर अपुरै लेख्न छोडिएको देखिन्छ। पत्राङ्क २६४ त खाली नै छ। राष्ट्रिय अभिलेखालयको अभिलेख ग्रन्थको प्रथम भाग लगत सूचीमा प्रस्तुत अभिलेख ग्रन्थको लगत नम्बर १११५ र विषय सङ्ख्या १३५८ चढाइएको देखिन्छ। यसको छविचित्र नम्बर ए २४९/५ हो। यस ग्रन्थ एकापट्टि मात्र हरिताल लगाइएको मड्याएको नेपाली पाको कागतमा प्रचलित नेपाललिपि (नेवाराक्षर) सुन्दर हस्ताक्षरमा पूर्णतः नेपालभाषामा लेखिएको छ। यसका पत्रहरूको नापो ४६ः ५X१२ सेन्टि मीटर हुँदा ठूलै आकारको ग्रन्थ देखिन्छ। यस अभिलेख ग्रन्थको प्रत्येक पत्रमा ९ पंक्ति छन् औ प्रत्येक पंक्तिमा औसत ४६/४७ अक्षर बाउबाट दाउतिर लहरै एकनाससित लेखिएका छन्। यसमा पद छुट्टिएका जोडिएका स्पष्टतः देखिँदैनन्। कुनै पंक्तिमा सिंगो अक्षर नअटाएमा (:) चिन्ह तथा एकारहरूदेखि औकारसम्मका मात्रा चिन्हलाई ठाउँ नपुगेमा (≥) संकेत चिन्ह राखेका देखिन्छन्। पत्राङ्क ७१ ख देखि ७६ क सम्मका पत्रहरूमा कालम कालम छुट्याई लेखिएका छन्। सतहत्तरौं पत्राङ्क जनिएको पत्र देखिँदैन। पत्राङ्क २६४ खाली छ र त्यसपछिका पत्र छैनन्। यस अभिलेख ग्रन्थका कुनै कुनै पत्रका छेउछेउमा मुसाले काटेका, कुनै पत्रमा मसीको केही दाग लागेका, औ कुनै पत्रमा कागतको टुक्रा नष्ट भइसकेकाले त्यसको अक्षर छैन (पत्राङ्क २९-४० र २५८-२६२)। यस अभिलेख ग्रन्थको प्रत्येक पत्रको दाउपट्टि तल्लो छेउतिर कुनामा मसीना हस्ताक्षरले पत्राङ्क लेखिएका छन्। उक्त अभिलेख ग्रन्थमा विराम र अर्द्धविराम संकेत गर्नु पर्दा (।।) चिन्ह र पूर्ण विराम संकेत गर्नु परेमा अथवा वर्ण्य तथ्यको शीर्षक-उपशीर्षक छुट्याउनु परेमा (।। ।।) जस्ता विराम चिन्ह राखिएका छन्। यस अभिलेख ग्रन्थमा पछिपछि लेखिएका अथवा सारिएका अभिलेख ग्रन्थहरूमा जस्तो ठाउँ गाउँमा अर्थ न बर्थका विसर्ग चिन्ह हालेर सिंगारिएको भने देखिँदैन।

यस अभिलेख ग्रन्थमा कतै कतै व्यक्ति, ठाउँ बार, महिना, तिथिका नाम नदोहोरियोस् भनी संक्षिप्तमा ती नाम शब्दका अगिल्लो एक एक अक्षरमात्र लेखिराखेका देखिन्छन्- जस्तो 'भागीराम' को 'भा', 'तलमाधि' टोलको 'त', 'आचार्य' को 'आ' 'आदित्यबारको' 'आ', 'माघको' 'मा', 'आढकको' 'आ' इत्यादि मात्र प्रयोग गर्ने गरेका छन्। कतै कतै भने यस्ता संक्षिप्तिकृत प्रयोग अस्पष्ट जस्ता भएका छन्। जस्तो 'कु' अक्षरले 'भारी' जनाएको हो कि 'तौल' जनाएको हो कि 'नापो' जनाएको हो कि स्पष्ट नभएर पाठक केहीबेर अल्मलिन पर्ने हुन्छ। यति कुरा छोडेर अभिलेख ग्रन्थको अवस्था स्वरूप राम्रै छन्।

## अभिलेख ग्रन्थमा समाविष्ट विषय-वस्तु

यस अभिलेख ग्रन्थमा मुख्यतः दुइ मुख्य विषयवस्तुले स्थान पाएका देखिन्छन्-

क) न्यातपोलल द्योगः अर्थात पाँचतले मन्दिर र द्यो छेँ निर्माण कार्य र

ख) न्यातपोलल द्योगः अर्थात् पाँचतले मन्दिर प्रतिष्ठा कृत्यका तान्त्रिक एवं धार्मिक कर्मकाण्ड कृत्य।

यी दुई विषयमध्ये पनि तान्त्रिक एवं धार्मिक कर्मकाण्ड कृत्य विषयका सूची विवरणले बढी ठाउँ ओगटेका देखिन्छन्। कर्मकाण्ड कृत्य सम्बन्धी सामग्री सूची ठाउँ गाउँमा दोहोरिएका जस्ता पनि देखिन्छन्।

## विषय-तथ्य प्रविष्टि विधि

प्रस्तुत अभिलेख ग्रन्थमा विषय तथ्य प्रविष्टि गर्दा पहिले एक परिचायक वाक्यद्वारा अथवा केही शब्दद्वारा वर्ण्य विषय तथ्यबारे संक्षिप्तमा यसरी संकेत गरिन्छ-

१. ॥ संवत ८२२ वैशाष शुदि ८ कोट्याहुति यज्ञस चितायाकया धलोत ॥ (पत्राङ्क ८१ ख)
दं ४७ भोट ङ्याङा दं २ कलश छेतकेयात बिया ॥
संवत ८२२ वैशाख शुक्ल ८ कोट्याहुति यज्ञका चिताइदारले तयार गरेको धरोत सूची ॥ ॥
दम्म ४७ को कागत किनेको दाम २ कलश रंगाउनेलाई तिरेको।

उपर्युक्त दुई उद्घृतांशमा चिताइदारले कोट्याहुति यज्ञका निम्ति र सेवा गरेबापतका मूल्य र ज्याला टिपिएका छन् ...)

२. उपा कर्म्मि
रामहरि न्हु १९ शुकि ३ दं २४ दिन १९ काम गरेको ज्याला शुका ३ दाम २४
जयहरि न्हु २१ मो १ दं ७ दिनको २१ को ज्याला मोहर १ दाम ७
गंगाराम न्हु १९ शुकि ३ दं २४
रछेरां न्हु १९ शुकि ३ दं २४
मन न्हु १९ शुकि ३ दं २४

धर्म्मदेव न्हु १९ शुकि ३ दं २४
गयाराम न्हु २० मो १ दं १
रत्नसिं न्हु १५ शुकि ३
जगन्नाथ न्हु ३८ मो २ X दं १९
थिक मो ३४ दं २८

यसमा इँटको काम गर्ने कालिगडहरू जम्मा जवान ९ का नाम उल्लिखित गरेर प्रत्येकले काम गरेका समयावधि सङ्ख्या (दिन सङ्ख्या) र त्यस अवधिभित्र पाएका ज्याला रकम लेखिएका छन् । पुच्छारमा जम्मा रकम उल्लेख गरिएको छ । जम्मा गरेको हिसाव मिलेको देखिंदैन ।

३. संवत् ८२२ मार्ग्गशिर वदि १२ ङातापोलल देवल ज्याया सथिक मूल धलोत''

| | |
|---|---|
| गाथा'' | (पत्राङ्क २२६ ख-२२९ ख) |
| नमसिं न्हु २६ मो १/दं ७ | न्हु ५ दं ३६ ॥ |
| विशवदेव न्हु २६ मो १/दं ७ | न्हु ६ दं ३६ ॥ |
| शिकीन्ह न्हु २६ मो १/दं ७ | न्हु ६ दं ३६ ॥ |
| शिलिराम न्हु २७ मो १/दं १३ | न्हु ५ दं ३० ॥ |
| रामहरि न्हु २७ मो १/दं १३ | न्हु ५ दं ३० ॥ |
| पिरागराम न्हु २७ मो १/दं १३ | न्हु ५ दं ३० ॥ |

म्ह १९१ म्हाया थिक ॥ मो ९Xद१२ थिक
(जम्मा १९१ जना ॥ मोहर साढे नौ दं १२ ॥ जम्मा)

यो सूचीबाट प्रत्येक कालिगडले जनही दैनिक दाम ६ दरको ज्यालामा काम गरेको बुझिन आएको छ । ती ६ जना कालिगडहरूले काम गरेको दिन सङ्ख्याको कुल योगलाई यसमा १९१ जना भनी देखाइएको हो । अर्थात् १९१ जनाका श्रमशक्ति परेको भन्ने अर्थ बुझाउँछ । प्रत्येकले औसत ३१ दिन काम गरेको देखिन्छ । त्यसबेलाको कालिगड ज्यामीका काम र ज्यालाको हिसाव राख्ने यस्तै विधि थियो ।

४. संवत् ८२२ माघ शुदि ६ यंलाया पनिस्यं धुनसिं हव दुकाया ॥ (संवत ८२२ माघ शुल्क ६ तिथिका दिनमा पाटनेहरूले ल्याएका सालका काठ बुझिलिने काम भयो)

| | |
|---|---|
| मंगलया १ | (पत्राङ्क - १५५ ख) |
| ग्व ३ दु ६ X फी फा ६, | ग्व २ दु ८ की फा ८, |
| ग्व १ दु ९ फी ७ फा १०, | ग्व १ दु ३ X फी १५ फा १९, |
| ग्व २ दु ८ फी फा ८, | ग्व १ दु ८ X फी फा ८, |

म्हं १०४, मोट २ दं ४४ ॥

(मंगलबजार टोल ललितपुरबाट पठाइएका सालको काठ थान ३ लमाई ६X मोटाइ चौडाइ ६ हात अर्थात १६४ वर्ग मिटर ५९२ वर्ग सेन्टिमीटर जति)

उपर्युक्त सूचीमा सालकाठ सयहोग पठाउने ठाउँको नाम उल्लेख गर्नुका साथै त्यस ठाउँबाट पठाइएका काठ थान, काठका नापो, र १०४ जना अर्थात् ती काठ ढुवानीमा १०४ जनाको श्रमशक्ति लागेको भन्ने तथ्य सूचित छ । बय ज्याला खर्च जम्मा मोटं २ दं ४४ लागेथ्यो । जनही दाम १ भन्दा केही बढी ज्याला तिनीहरूले पाएको बुझिन्छ ।

५. संवत् ८२२ माघ शुदि ५ तरमंढेस दाङा देवलया पादुका स्थापना ॥ जु १ पुजा, ताय सलावचा १, पोताय सलावचा १, धुन पु ५०, इताल थु ४, चेकन कु १, जजमकापु ६०, अवमत पा ३२, सोसि मालक्व, सोसिग्वल का २, सिमता प्वात १, सिमता मालको, कलस ताहापो ग्व २, माच पु २, सिधर मुङ ग्व २, न्हसकन पा २, दुवाल्याख पु २, मताफा १, तालचा १, इनाय दलुत १, बलि भाल पा २५ .... इत्यादि पत्राङ्क १३० ख-१३२ क)

(संवत् ८२२ माघ शुल्क पञ्चमीका दिन टौमढी टोलमा निर्माण हुने पाँचतले मन्दिरको पादुका स्थापना अर्थात जग हाल्ने अनुष्ठान कृत्य । त्यसका लागि चाहिने साराजाम- पूजा सामग्री सहितको पात्र १, माटोको पाला भरी लावा, माटोको पालाभरी पहेलो चामल पीठो, अगरबत्ती धुप ५० ओटा, बत्ती सुत मुठा ४, तेल १ कुरूवा, जजम्का (देवतालाई पहिराउने धागो विशेष) ६० ओटा, माटाका पालाको बत्ती ३२ ओटा फलाँटका दाउरा चाहिएजति, फलाँटको मुढा १, दियालो १ मुठा, कलश ताहापो २ ओटा, माच (कलश बसाल्ने उपकरण विशेष) २ ओटा, सिन्घ्र मुङ (ढलोटको टलकदार कलापूर्ण सिन्धुर दानी) २ ओटा, न्हसकन (ढलोटको टलकदार कलापूर्ण बुट्टा भएको ऐना विशेष) २ ओटा, दुवाल्याख २ ओटा, (स्वागत सत्कार गर्नलाई प्रवेशद्वारका दाञा बाञा दुवैतिर बत्ती बाल्नालाई राखिने सांस्कृतिक कलात्मक ढलोटका पानस), मताफा (बत्ती बसाल्न चामल भरिएको पाथी भाँडो विशेष) एक ओटा, साँचो एउटा, गणेश मूर्ति भएको दियो दानी (सुकुन्दा) एउटा, बलिदिने पात्र धातुका २५ ओटा ......

उपर्युक्त उद्धरणांशमा नञा बनिने पाँचतले मन्दिरको पादुका स्थापनाका लागि गरिने तान्त्रिक कर्मकाण्ड कृत्यलाई चाहिने सामग्री सूची मात्र उल्लिखित भएका देखिन्छन् । सो कृत्यको विधि प्रक्रिया वर्णित भएको देखिंदैन । नञा बनिने मन्दिरको कुनै पनि चरणको निर्माण कार्यको प्रारम्भमा त्यस्तै वास्तु शास्त्रीय एवं तान्त्रिक कर्मकाण्ड कृत्य गर्ने चलन त्यसबेला भएको बुझिन्छ । प्रस्तुत सूची एवं तिनमा भएका खर्च अभिलेख टिपोटकै बाहुल्य देखिन्छ ।

६. सम्वत् ८२२ मार्ग्गशिर वदि १ थ्व कुन्हुनिसें ङातापोलल देवलयता न्याकल्मि ज्या छुङा दिन ॥

जुजुयाके पिफोङा, न्या काया, धा ६३ कु २ छपतक, धा ५१ छपतक, धा ५२ कु १X छपतक

न्याङाययाता दाम, पिफोङा काया, मो २० धा दं २६ छपतक, मो २० धा दं १० छपतक, मोदं २० धा दं ८ छपतक, ...

देवल मितम्हुयाया, मुगलचा ल्प १, पर्शल्प २, धानि १ कु १, न्याकिल पु, १६ ॥ ....

(सम्वत् ८२२/वि.सं. १७५९ मार्गशिर कृष्णपक्ष प्रतिपदाका दिनदेखि पाँचतले मन्दिर निर्माण कार्यको सिलसिलामा नकर्मीहरूलाई काममा लगाइए ॥

राजासित निकासा निम्ति निवेदन गरी फलाम बुझी लिएको-धार्नी ६३ कु २ एकपटक, धार्नी ५१ एक पटक, धार्नी ५२ कु १ X एक पटक ॥

फलाम किन्नलाई दाम निकासा पाउन निवेदन गरी लिएको-मो २० घटी दम्म २६ एक पटक, मो २० घटी दाम १० एक पटक, मो २० दाम ८ घटी एक पटक.......

मन्दिरको जग खन्नलाई चाहिने फलामे ज्यावल उपकरणहरू बनाइ दिएको – घन एक ल्प १ तौलको, पर्शु ल्प २ (तौलको धार्नी १ कु १) फलामे किला १६ ओटा .....)

उपर्युक्त उद्धारणांशबाट पाँचतले मन्दिर निर्माण हुँदा नियुक्त गरिएका कालिगडहरू मध्ये फलामको काम गर्ने नकर्मीहरूलाई काम गराउन नियुक्त गरिएको संवत् महिना र तिथि उल्लिखित भएको छ । काम गर्नलाई चाहिने कच्ची सामग्री फलाम राजाबाट निकासा भएका फलाम (तौल सहित) पटक पटक गरी तीन पटकमा पाएको औ फलाम किन्नलाई पटक पटक गरी तीन पटकमा रकम निकासा पाएको अंक उल्लिखित भएका देखिन्छन् । त्यस्तै ती नकर्मीहरूले बनाई तयार गरेका फलामे वस्तुहरू मध्ये मन्दिरको जग खन्नलाई चाहिने फलामे ज्यावलहरू घन, पर्शू र किलाहरू (तौल र सङ्ख्या सहित) उल्लिखित छन् । यी उद्धरणबाट त्यसबेला रकम निकासा दिनेलिने प्रक्रिया, कालिगडलाई काम लगाउन अगिबाटै फलाम उपलब्ध गर्ने, फलाम किन्न रकम निकासा दिने औ नकर्मीले बनाई तयार गरेका फलामे वस्तुहरूका सङ्ख्या र तौल समेत उल्लेख गरी बुझाउने बुझिलिने चलन रहेको थाहा हुन्छ ।

७. संवत् ८२२ ज्येष्ठ शुक्ल, नवमि आदित्यवार, थ्व कुन्हुनिसे सोथान वलिस हाङाया ॥

जु ३ पूजा ॥ स ३ ताय ॥ सलै ३ पतवास ॥ पु १४० जजोमका ॥ पु १४१ धुन ॥ जु ३ कर्णपताका ॥ पा १ सुल्हे, जु ५० पच पताका ॥ पा ३ अदुवाल ॥ जु ३ दृष्टि ॥ ता २ सिधर,

तो १ गुगुल, पो ३ धूपवास, थु ६ इताल, कु १X चेकन, पु ३ त्वाकदिवा, लिकाय, ग्व ३ घलिचा, ग्व ३ धाला, ग्व ३ पातचा, ङा, म्वात, सुखुलि ला, फं ३ जाके, ग्व ३ कासे, मताके, जु ३ मताके, माधे, ल्प १ अक्षत, फं ३ सभुन, वित पेशचा ग्व ३, गो ३ पात, लावालेयाता, कु ३ के गोल, जाके फं १४ वलियाता, स्, स्वान, सिन्हाल, ग्व ३ मेला निवत, ग्व ३ तवगोर गोर्जा, पु ८० निवत, ग्व ८० द्वन्दु, ग्व ५० खाल, द्वल, ग्व ३ बोकल भेवत, ग्व १२३ भेवतचा, पा ११ सलै बलि, फं १ बलिस तय याता स्वान, प्र १X चि, ग्व १ ला वालेयाता पात, फं १६ सभुन, समय वियताता, म्ह ३ दुगु ॥ १ ॥

(सम्वत् ८२२/वि.सं. १७५९ ज्येष्ठ शुल्क नवमि आदित्यबारका दिनदेखि ४५ दिनसम्म सोथान बलिपूजा उपलब्ध गराइएका सामग्री सूची)

जोर ३ पूजा सामग्री युक्त भाँडा । पाला ३ भरी लावा । पाला ३ भरी पहेंलो रंगाइएको चामल पीठो पतवास । जजमका धागो १४० । धुप अगरबत्ती १४१ । कर्णपताका ३ जोर । सुलहे १ । पचपताका ५० जोर । अदुवाल ३ । दृष्टि ३ । सिन्दुर २ तागर । तोला १ गोकुल धुप । पोका ३ धुप । मुठा ३ बत्ती सुता । साढे एक कुरूवा तेल । पानस ३ ओटा । लिकाय (?) । गाग्री ३ ओटा । धाला (देवतालाई चढाइने रक्सी राख्ने भाँडो विशेष) ३ ओटा, पातचा (रिकापी जस्तो माटोको पात्र विशेष) ३ ओटामा माछा, भटमास, सुकुटी मासु, तीन पाथी चामल । तीन ओटा कसीमा (माटोको भाँडो सानो चामल बत्ती बसाल्नलाई), तीन भाग मताके चामल र रोटी । ल्प १ अक्षता । तीन पाथी सभुन (स्याबजी च्यूरा) । पिचा (बेतले बुनेको भाँडो विशेष) ३ ओटा । तीन ओटा (माटोको चेप्टो पात्र) पात मासु मुछनलाई, तीन कुरुवा पूजा गर्ने चामल । बलि दिनलाई चामल चौध पाथी । फलफूल, सिन्दूर । मेला निवत ३ ओटा । गोजा (भात मुछेर बनाइएको शिवलिङ्ग आकारको प्रतीकात्मक वस्तु विशेष) तीन ओटा (ठूलो), निवत ८० ओटा । द्वन्दु ८० ओटा खाल, द्वल (?) ५० ओटा । बोकल भिउँट ३ ओटा । ससाना भिउँट २२३ ओटा । माटाका पाला १२३ ओटामा बलि भाग । बलिमा राख्ने फूल १ पाथी, साढे १ प्र नुन । माटोको चेप्टो पात्र एउटा-मासु मुछ्नलाई । पाथी १६ सभुन सम्हे बाँड्नलाई । बोका ३ ओटा ॥ १ ॥

उपर्युक्त उद्धरणांश सोथान बलि कृत्यलाई चाहिने सारजाम सूची हो । यसमा शुरू वाक्यमा साल संवत् तिथि बार पूरा उल्लेख गरिएको छ । पहिलो दिनको साराजाम सूचीको अन्त्यमा १ अंक जनिएको छ । त्यसपछि क्रमैसँग आउने दिनहरूमा बारहरूका क्रमिक नाम मात्र उल्लेख गरिएका छन् । साराजाम प्रायः उही उही दोहरिएर आएका छन् । परिमाण सङ्ख्या पनि उति उति नै देखिन्छन् । साराजाम सूची लेख्न सकिएपछि अन्तमा क्रम सङ्ख्या २, ३, ४, ५..... लेख्दै जाने गरेको देखिन्छन् । अन्तमा चित्ताइदारहरूका नाम उल्लिखित छन् । पत्राङ्क १७- २८ क भित्र)

८. पाँचले मन्दिर निर्माण कार्य विशेष साथ साथै वास्तुशात्रीय एवं कर्मकाण्ड कृत्य विशेषका तिथि, त्यस अवसरमा कालिगडहरूलाई दिइएका दक्षिणा रकमका अभिलेख यसरी लिपिबद्ध भएका छन्-

मो ५ शुकि १ मित म्हया दक्षिणा (अर्थात् जग खनेकोको दक्षिणा)
मो ११X घात ७X मित सोङा कुन्हु दक्षिणा, मा.सु. ५ (माघ शुल्क पञ्चमीका दिन जग हाल्दाको दक्षिणा मो साढे एघाह घात ७X)
मो १० दं २१ द्वार स्थापनाया, दगिणा फा. व. ६ (फाल्गुण कृष्ण षष्ठी ६ का दिन द्वार स्थापना गर्दाको दक्षिणा मो १० दं २१)

यसै क्रमले पाँचै तलामा झ्याल र निनाल जडान गर्दाका र छाना छाउँदाका दक्षिणा रकम उल्लिखित भएका छन् । यी टिपोटबाट सम्बन्धित निर्माण कार्य, कर्मकाण्ड कृत्यका तिथि तथा त्यसबेला प्रचलित दक्षिणा दर एकसाथ जान्न सकिन्छ ।(क्रमशः)

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ फागुन ४ गते, आइतबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री ईन्द्रप्रसाद बस्याल | ऐ |

## निर्णयहरू

### हरियाली पार्क

१. भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित चोडा पाँ क्षेत्र र भनपा वडा नं. ९ स्थित ब्रम्हायणी मन्दिर परिसरमा हरियाली पार्क बनाउन नेपाल सरकार काठमाण्डौ उपत्यका विकास प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो । (छैटौं नगर सभाबाट पारित)

२. भक्तपुर नगरपालिका वडा नं. ७ स्थित हनुमानघाट परिसरमा घाट सुधार कार्यका लागि गुरुयोजना बमोजिम हरियाली पार्क निर्माण कार्यका लागि श्री अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो । (छैटौं नगर सभाबाट पारित)

### सामाजिक सुरक्षा भत्ता

नगरपालिकाभित्रका सामाजिक सुरक्षा भत्ता पाउने सबै जेष्ठ नागरिक, एकल महिला, पूर्ण तथा आंशिक अपांगता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको दोश्रो किस्ता सबै वडा कार्यालयहरूमार्फत् यही २०७६ फागुन १५, १६ र १८ गते वितरण गर्ने निर्णय गरियो ।

### एम्बुलेन्स र शववाहन खरिद

यस नपा.को आ.व. ०७६/०७७ को नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रममा १ थान एम्बुलेन्स र १ थान शव वाहन खरिद गर्नको लागि बजेट विनियोजन भएको छ । स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट सम्बन्धी मापदण्ड, २०७५ मा व्यवस्था भए बमोजिम कर छुटसहित एम्बुलेन्स थान १ र शव वाहन थान एक खरिदमा राजस्व छुटको पूर्व सहमतिको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउनको लागि नगर सभाबाट निर्णय हुनको लागि नगरसभा पेश गर्ने निर्णय गरियो । (छैटौं नगर सभाबाट पारित)

### समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोष संचालन कार्य समिति**
**मिति २०७६।१०।२७ गते**

भक्तपुर नगरपालिकाले व्यवस्थापन गर्दै आएको नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोषबाट हालसम्म प्राप्त ब्याज रु.७४,०००।– (अक्षरूपी रु. चौहत्तर हजार) मुकुण्डो निर्माणकर्ता श्री पूर्ण चित्रकारलाई प्रमुख श्री सुनिल प्रजापतिबाट हस्तान्तरण गरिएको जानकारी गराइयो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**
**मिति २०७६।११।२ गते**

१. यस भक्तपुर नगरपालिकाको आयोजनमा यही २०७६ माघ २५ र २६ गते सम्पन्न भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता स्थलगत एवं बजार परिक्रमाको मूल्यांकन गर्नु हुने सांस्कृतिक गुरुहरूलाई देहाय बमोजिमको प्रति दिन पारिश्रमिकको व्यवस्था गर्ने निर्णय गरियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

स्थलगत मूल्यांकनकर्ता

| क्र.सं. | मूल्यांकनकर्ता | दिन | दर | भुक्तानी गर्ने/दिने |
|---|---|---|---|---|
| १ | शेषनारायण महर्जन | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| २ | बालमुकुन्द प्रजापति | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ३ | मोहन ब्यञ्जनकार | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ४ | विष्णुबहादुर मानन्धर | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ५ | इन्दिरा लाछिमस्यु | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ६ | रवि कपाली | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ७ | राजकुमार त्वायना | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ८ | शारदा डंगोल | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| ९ | मुक्तिसुन्दर जधारी | २ दिन | रु.४०००।- | रु.८,०००।- |
| १० | कृष्णकुमार कोजु | २ दिन | रु.४०००।- | रु.८,०००।- |

बजार परिक्रमाको मूल्यांकनकर्ता

| क्र.सं. | मूल्यांकनकर्ता | दिन | दर |
|---|---|---|---|
| १ | नारायण प्रसाद मचामसी | १ दिन | रु.३,०००।- |
| २ | विश्वराम मचामसी | १ दिन | रु.३,०००।- |

२. भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता संयोजन समिति र मूल्यांकन समितिका पदाधिकारीहरूलाई **बैठक भत्ता** वापत प्रति बैठक नगद रु.१०००।- (एक हजार रूपैया) प्रदान गर्ने निर्णय गरियो ।

३. भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगतामा उद्घोषकको जिम्मेवारी वहन गरेका तथा फोटोग्राफी खिच्ने देहाय बमोमिका महानुभावहरूलाई प्रतिव्यक्ति प्रति दिन रु.३०००।- (तीन हजार रूपैयाँ) **प्रदान गर्ने** निर्णय गरियो :

उद्घोषक

| क्र.सं. | उद्घोषक | दिन | दर | भुक्तानी गर्ने/दिने |
|---|---|---|---|---|
| १ | रविन्द्रप्रसाद कुसी | २ दिन | रु.३०००।- | रु.६,०००।- |
| २ | सन्ध्या हेंग्व | २ दिन | रु.३०००।- | रु.६,०००।- |
| ३ | सरिता दुवाल | २ दिन | रु.३०००।- | रु.६,०००।- |

फोटोग्राफर

| क्र.सं. | फोटोग्राफरको नाम | दिन | दर | भुक्तानी गर्ने/दिने |
|---|---|---|---|---|
| १ | कृष्णश्वरी दुवाल | २ दिन | रु.३०००।- | रु.६,०००।- |
| २ | बालकृष्ण बनमाला | २ दिन | रु.३०००।- | रु.६,०००।- |

४. भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिताको क्रममा निर्णायक मण्डलका सदस्य सांस्कृतिक गुरु शेष नारायण महर्जनद्वारा लिखित पुस्तकहरू 'बाँसुरी स्वर लिपि' र 'पछिमा बोल लिपी' पुस्तक क्रमशः ७५ र ८६ प्रति नगरपालिकाको तर्फबाट **खरिद गर्ने** निर्णय गरियो ।

५. यस वर्षको राष्ट्रिय भूकम्प सुरक्षा दिवस मूल समारोह यही मिति २०७६ माघ २ गते सम्पन्न गर्दा उद्घोषणको जिम्मेवारी निर्वाह गरेका मैयाँ त्वानाबासुलाई पारिश्रमिकवापत नगद रु.७,०००।- (सात हजार रूपैयाँ) **प्रदान गर्ने** निर्णय गरियो ।

६. यस नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा पठन पाठन, शैक्षिक स्तर तथा भौतिक पूर्वाधार सम्बन्धी अनुगमन गर्ने कार्यका लागि नगरपालिकाको तर्फबाट नियुक्त गरिएका प्राध्यापक सिद्धिरत्न शाक्य र पूर्व प्र.अ. उद्धव सुजखूलाई चालू आ.व. २०७६।०७७ को असार मसान्त (२०७७ असार मसान्तसम्म) **सेवा करारको म्याद** अवधि थप गर्ने निर्णय गरियो ।

७. भक्तपुर नगरपालिकाभित्रका विद्यालयहरूमा यस नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी अध्ययन/अध्यापन गराइरहेको सन्दर्भमा पठन पाठनमा सहजताको निम्ति **'ख्वपको पहिचान' पुस्तक प्रकाशित गर्ने** निर्णय गरियो । उक्त पुस्तक छपाइका लागि देहाय बमोजिमका संस्थाहरूबाट दररेटको कोटेशन प्राप्त भएको व्यहोरा अवगत गराइयो :

**१. इन्द्रेणी छापाखाना**

किताब सङ्ख्या - २००० प्रति

जम्मा पेज - २८० पेज

कलर पेज - ४० पेज

प्रति किताब रु. १३५।-

कुल लागत : रु.२,७०,०००।- (अक्षेरूपी दुई लाख सत्तरी हजार रूपैयाँ)

**२. सिस्को फ्लेक्स प्रिन्ट**

किताब सङ्ख्या - २००० प्रति

जम्मा पेज - २८० पेज

कलर पेज - ४० पेज

प्रति किताब - रु. १५५।-

रु. ३,१०,०००।- (अक्षेरूपी तीन लाख दश हजार रूपैयाँ)

**३. मेडिया प्लस**

किताब सङ्ख्या - २००० प्रति

जम्मा पेज - २८० पेज

कलर पेज - ४० पेज

प्रति किताब - रु. १४५।-

रु. २,९०,०००।- (अक्षेरूपी दुई लाख नब्बे हजार रूपैयाँ)

उपरोक्त दररेट कोटेशनको विवरण तुलना गर्दा इन्द्रेणी छापाखानाबाट प्राप्त दररेट न्यूनत्तम भएकोले उक्त संस्थालाई पुस्तक प्रकाशनको लागि जिम्मेवारी दिने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस नपाको गाडी नं. बा १ क ३५५९ को ट्रिपर गाडीको मर्मत वापत रु.१२,८००।- र गाडी नं. बा १ क ३५५८ ट्रिपर गाडीको मर्मत वापत रु.१७,६००।- गरी कुल रु. ३०,४००।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ख. नपाबाट संचालित एम्बुलेन्स नं. ७१४९ को मर्मत वापत रु.४५,४२६।- र गाडी नं. बा १ भ ८७४८ मर्मत गर्दाको रु.५६,८०५।१० गरी कुल रु.१०,२,२३१।१० अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. यस नपाको गाडी नं. बा २२६४ को मर्मत वापत रु.८६,३२०।७० सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. न.पा. द्वारा संचालित फोहोर संकलन गर्ने तीन पांग्रे मोटरसाइकल को १ स १६७१ को मर्मत वापत रु.३९२५।- तीनपांग्रे मोटर साइकलको १ स १६७९ को मर्मत वापत रु.४,३७५।- र तीनपांग्रे मोटरसाइकलको १ स १६७२ को मर्मत वापत रु.६,३५०।- गरी कुल रु.१४,६५०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. यस नपामा विभिन्न समयमा खाजा वापत रु.३८,९४५।- ब्रदर्श क्याफेलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. मिति ०७६।१०।२५ र २६ गते भएको धिमेबाजा प्रतियोगितामा खाजा खर्च रु.१,२२,०४०।- सूर्यविनायक पार्टी भेन्यूलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. भक्तपुर महोत्सव र एथ्लेटिक्स प्रतियोगिता प्रचारार्थ पूर्वाञ्चल नगरपालिकाको भ्रमणको लागि वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले रु.५०,०००।- पेश्की लिनु भई रु.४७,८६१।- मात्र खर्च भएको समर्थन गरी बाँकी रकम रु.२,१३९।- बैंक दाखिला गर्नु भएकोले निजको नाउँको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ज. सफाइ गाडी नं. ८७५० को रु.२६६६६८।-, सफाइ गाडी नं. ८७७ को ३६४४२।-, सफाइ गाडी नं. ८३७ को ६१६४१,- , सफाइ गाडी नं. ८७६ को रु.५६,१०४।-, सफाइ गाडी नं. ८७८ को रु.४२,८६६।- गरी जम्मा रु.२,२४,७२१।- अजिमा अटो वर्कशपलाई मर्मतको **भुक्तानी** दिने निर्णय गरियो ।

झ. सफाइ गाडी नं. २२६७ को रु. ९३७९०।- सिद्धि गणेश मोटर्स पार्टलाई मर्मतको **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. न.पा.मा विभिन्न समयमा खाजा उपलब्ध गराउँदाको रु.१३,८४०।- बालकृष्ण खाजाघरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

# मिति २०७६ फागुन १७ गते, शनिबार

## निर्णयहरू

### रसियन सांस्कृतिक कार्यक्रम

**भक्तपुर नगरपालिका परिवार**

## xflb{s ;dj]bgf



**स्व. राम कबु**

**जन्म : २००० फागुन ४ | निधन : २०७६ चैत ६**

भक्तपुर नगरपालिकाका कर्मचारी विष्णु केशरी कबुका पूजनीय पिता **राम कबु**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

## xflb{s ;dj]bgf



**स्व. कृष्णभक्त सुवाल**

**जन्म : २००२ चैत २५ | निधन : २०७६ चैत ९**

भक्तपुर नगरपालिकाका ड्राइभर लक्ष्मीनारायण सुवालका पूजनीय पिता **कृष्णभक्त सुवाल**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# ‘लकडाउन’ मा दैनिक उपभोग्य सामग्रीको आपूर्ति व्यवस्थापन गर्ने विषयमा बैठक

नेपाल सरकारले जारी गरेको ‘लकडाउन’को समयमा दैनिक उपभोग्य र अति आवश्यक खाद्यान्न सामग्रीहरूको आपूर्ति प्रणाली व्यवस्थापन गर्ने विषयमा गृहमन्त्रालयमा चैत १६ गते उपत्यकाका स्थानीय तहका प्रमुख, जिल्ला प्रशासन कार्यालय प्रमुख र सम्बन्धित सुरक्षा निकायबीच एक बैठक भयो ।

गृहमन्त्री रामबहादुर थापा बादलको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा विभिन्न नपाका प्रमुख, जिल्ला प्रशासन कार्यालयका प्रजिअ र सुरक्षा निकायका पदाधिकारीहरूले लकडाउनको समयमा खाद्यान्न आपूर्तिलाई प्रभावकारी बनाउन आ–आफ्नो राय प्रस्तुत गरेका थिए ।



बैठकमा गृहमन्त्री थापाले विभिन्न समयमा निम्तिने ठूलठूला महामारी र संकटले जनजीवनमा अपूरणीय क्षति पुग्ने बताउनुहुँदै संकटबाट देशलाई मुक्त पार्न र दैनिक उपभोग्य सामग्रीहरू जनतामाझ सहज आपूर्ति गर्नु प्रमुख विषय भएको बताउनुभयो ।

कोरोना भाइरसको सङ्क्रमणबाट बच्न विश्वका धेरै देशहरूमा लकडाउन गरिएको प्रसङ्ग कोट्याउनुहुँदै उहाँले आपूर्ति प्रणालीको व्यवस्थापनले जनजीवन सहज हुने प्रष्ट पार्नुभयो । खाद्यान्नको समस्या गाउँमा भन्दा सहरमा बढी हुने औंल्याउनुहुँदै गृहमन्त्री थापाले दैनिक काम गरी खाने श्रमिकहरूलाई खाद्यान्न आपूर्ति गर्नु प्रमुख विषय भएको बताउनुभयो ।

बैठकमा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले विदेशबाट आएका नेपालीहरूको तथ्याङ्क संकलन गरिरहेको जानकारी दिनहुँदै विदेशबाट आएका र सेल्फ क्वारेन्टाइनमा बसेका नेपाली नागरिकहरूलाई केन्द्रीय सरकारले सुरक्षित ढङ्गले राख्ने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सर्वसाधारण नागरिकबाट लकडाउन उल्लंघन भइरहेको र त्यसले थप जोखिम उत्पन्न गर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले तरकारी व्यापारी र थोक विक्रेताहरूलाई पास उपलब्ध गराई तरकारी तथा खाद्यान्न आपूर्तिको व्यवस्था गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

बैठकमा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, ललितपुर उपमहानपाका प्रमुख चिरिबाबु महर्जन, मध्यपुर थिमी नपाका प्रमुख मदनसुन्दर श्रेष्ठलगायतले कोरोना भाइरसको जोखिमले भयावह स्थिति नलिएको समयमै आवश्यक सावधानी अपनाउनुपर्ने, तरकारी पसलहरूमा हुने भिडभाडलाई उचित व्यवस्थापन गर्नुपर्ने, एकद्वार प्रणालीमार्फत राहत वितरण गर्नुपर्ने, श्रमिक मजदुरहरूको वडागत रूपमा पहिचान गरी खाद्य सामग्री वितरण गर्नुपर्ने, व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) उपलब्ध गराउनुपर्ने, उपत्यकाका सबै स्थानीय तहहरूमा समान रूपमा राहत सामग्रीको बन्दोबस्त गरिनुपर्नेलगायतका सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

### बैठकले लिएका निर्णयहरू

- ☐ प्रत्येक नगरपालिकाले वडागत तहमा वडाध्यक्षको संयोजकत्वमा समिति गठन गरी लगत संकलन गर्ने र दैनिक उपभोगका खाद्यवस्तुसहितको राहत वितरणमा व्यवस्थापन गर्ने ।
- ☐ कुनै पनि संघ–संस्थाहरूले राहत वितरण गर्न चाहेको खण्डमा नगरपालिका मार्फत मात्र गर्न पाइने ।
- ☐ दैनिक उपभोग्य वस्तुहरू १ मिटरको दूरीमा बिक्री वितरण गर्न कडाइका साथ लागू गर्ने ।
- ☐ राहतको नाममा कुनै पनि संघ–संस्थाले चन्दा संकलन गर्न नपाउने ।
- ☐ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दैनिक उपभोग्य वस्तुहरूको मौज्दात नियमित रूपमा अद्यावधिक गरी सार्वजनिक गर्ने ।

# भक्तपुर नगरपालिकाद्वारा तरकारी बजार लाग्ने स्थानहरूमा एक मिटरको दूरी कायम

भक्तपुर नगरपालिकाले चैत १४ गते साँझबाट नगरका विभिन्न स्थानका तरकारी बजार व्यवस्थित गरेको छ। तरकारी र अन्य दैनिक आवश्यकताका सामग्री खरिद गर्न आउने मानिस एक आपसमा निश्चित दुरी कायम नगरी किनमेल गर्दा भाइरस संक्रमण हुने सम्भावनालाई ध्यानमा राखी नगरपालिकाले तरकारी बजार लाग्ने स्थानहरूमा एक मिटरको दूरीमा बक्स कोरेको छ। तरकारी किन्न आउने उपभोक्ताले ती बक्सभित्र उभिएर लामबद्ध भई सामान खरिद गर्नुपर्ने छ।



lj iff0f'gfzs emf]n 5lsg{b}

यस्तो गर्दा सामान खरिद गर्न आउने मानिस–मानिसबीच संक्रमणको सम्भावना कम हुनेछ। यसले बजार व्यवस्थित पनि हुनेछ।

यो व्यवस्था हाललाई टौमढी, ग:हिटी, नासमना, दत्तात्रय, च्याम्हासिंह, कमलविनायकमा गरिएको छ।

यसैबीच भक्तपुर नगरपालिकाले कोभिड–१९ भाइरसको संक्रमणबाट सर्वसाधारणलाई सुरक्षित गर्न विभिन्न स्थानमा विषाणु नाशक झोल छर्केको छ। चैत १४ र १५ गते भक्तपुरको च्याम्हासिंह, बाराहीस्थान, ग:पली, इचाडोल, डोक्छें, तालाक्व, बुलुचा, खौमा, इताछें, मिवाछें, कमलविनायक आवास क्षेत्र, तुमचो दुगुरे आवास क्षेत्र, व्यासीदेखि कमलविनायकसम्मको मूल सडक, लिवाली आवास क्षेत्र र च्याम्हासिंहदेखि जगातीसम्मको सडकमा कीटनाशक झोल स्प्रे गरेको नगरपालिका स्रोतले जनाएको छ। आगामी दिनमा कीटनाशक झोल स्प्रेको कामलाई निरन्तरता दिइने बताइएको छ।

# बिहान १० बजेदेखि १२ बजे सम्ममात्र पास उपलब्ध गराउने

कोरोना भाइरसको सम्भावित संक्रमण र त्यसको जोखिमबाट बचाउने उद्देश्यले नेपाल सरकारले चैत ११ गतेबाट लागु हुने गरी देशव्यापी रूपमा गरेको लकडाउनको समयमा अतिआवश्यक बस्तुहरूको आपूर्ति र शान्ति सुरक्षाको बिषयलाई लिएर प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको अध्यक्षतामा भक्तपुर जिल्ला सुरक्षा समितिको बैठक बुधबार बस्यो।

जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले अल्पआकस्मिक परिस्थितिमा पास आवश्यक परे पास आवश्यक पर्नुका कारण र औचित्य पुष्टि हुने प्रमाण तथा कागजातहरू पेश गरेपछि मात्र (बिहान १० बजेदेखि १२ बजे सम्म) मात्र पास उपलब्ध गराउने निर्णय गऱ्यो।

उक्त बैठकले अतिआवश्यक सेवा प्रवाह गर्ने व्यक्ति वा संस्था (एम्बुलेन्स, स्वास्थ्यकर्मी, फार्मेसीमा काम गर्ने) को परिचयपत्रलाई नै आधार मानी आवागमन गर्न दिने निर्णय गऱ्यो। दैनिक आवश्यक पर्ने खानेपानी, खाद्यपदार्थ, तरकारी, दुधजन्यपदार्थ, घरायसी प्रयोजनको पानी आपूर्ति गर्ने व्यक्ति संस्थालाई पनि सामाग्रीहरू यकिन गरी आवागमन गर्न दिने निर्णय बैठकले गरेको छ।

बैठकले भक्तपुर जिल्ला भित्र बसोबास गरिरहेका कुनै व्यक्तिलाई यस विषम् परिस्थितिमा खाने, बस्ने समस्या परेमा त्यस्ता व्यक्तिहरूको अवस्था बुझी सहयोग गरिदिनु हुन स्थानीय तहहरूमा अनुरोध गर्ने र दैनिक उपभोग्य वस्तुहरू सब्जी, फलफूल, मासु, दाल, चामल, तेल, पानी, दुध, खाना पकाउने ग्यास, साबुन–स्यानिटाइजर, घरायसी बिजुलीका सामानहरू, बिहान ४ बजेदेखि ७ बजेसम्म बिक्रीवितरणको व्यवस्था मिलाउने प्रस्ताव मन्त्रालयमा पठाउने निर्णय गऱ्यो।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।**

# भक्तपुर नगरपालिकाको अनुरोध

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू

विश्वव्यापी महामारीको रूपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड -१९) को कारण आज देश अत्यन्त जटिल र संकटको स्थितिमा छ । समयमै हामी सचेत भएनौं भने भयावह स्थिति भोग्न नपर्ला भन्न सकिंदैन ।

कोरोना भाइरस मानिसबाट मानिसमा सर्ने सरुवा रोग हो । यो रोग बालबच्चादेखि वृद्धवृद्धासम्मलाई लाग्न सक्छ । छोटो समयमै संसारभर लाखौं मानिसमा संक्रमित भएर यो रोगले हजारौं मानिसको ज्यान लिइसकेको छ । यो रोगबाट आफू बच्न र अरुलाई पनि बचाउन मानिससँग मानिसको प्रत्यक्ष सम्पर्कमा नजाने र घरमै बस्ने सबैभन्दा राम्रो उपाय हो ।

नेपाल सरकारको २०७६ चैत्र ११ गतेदेखि १८ गतेसम्म देशभर 'लकडाउन' घोषणा गरेको छ । अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कन तथा स्वयं निगरानीमा सुरक्षित तरिकाले घरभित्र बस्न गरिएको आह्वान नै 'लक डाउन' को अभ्यास हो । कोरोनाको सम्भावित जोखिमबाट बच्न तपाईं हामी सबै जनताको हितलाई ध्यानमा राखेर सरकारले यो निर्णय गरेको हो । यस्तो संवेदनशील अवस्थामा हाम्रो सानो गल्ती वा वेवास्ताले देश र जनताको ठूलो मूल्य चुकाउनु पर्ने हुनसक्छ ।

विश्व स्वास्थ्य संगठनले पौष १५ गते यता चैत्र १२ गतेसम्म विश्वभर ४ लाख ५० हजारभन्दा बढीमा संक्रमण देखिएको र २१ हजारभन्दा बढीको मृत्यु भइसकेको जनाएको छ । नेपाल पनि कोरोना संक्रमणको उच्च जोखिममा रहेको भनी सचेत पारिसकेको अवस्थामा अत्यन्तै सजग भएर कदम चाल्नु नै हामी सुरक्षित हुने उपाय हो ।

भक्तपुर नगरपालिका र जिल्ला प्रशासन कार्यालयले ठाउँ ठाउँमा माइकिङ्ग गरेर सबै जनतालाई घरमै सुरक्षित रूपमा बस्न आग्रह गरिरहेका छौं । यसलाई बेवास्ता गर्नाले देश र समाजले अकल्पनीय स्थिति भोग्नुपर्ने हुन सक्छ । तसर्थ निम्न बमोजिम गर्न गराउन सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछौं :

१. अति आवश्यक काममा बाहेक घरबाट ननिस्कनुहुन,
२. विदेशबाट घर फर्केकाहरूको विवरण नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा बुझाउनुहुन,
३. विदेशबाट आएका महानुभावहरू आ-आफूले नै विचार गरेर जिम्मेवार भई सुरक्षित रूपमा तोकिएको समयावधिसम्म घरमै स्वयं निगरानीमा बस्नुहुन र आफ्नो ज्वरो परीक्षणको रिपोर्ट अनलाइन फारमबाट जनस्वास्थ्य केन्द्र च्याम्हासिंह (kpti.edu@gmail.com) र नगरपालिकामा (bhaktapurmuni@gmail.com) पठाउनु हुन,
४. दैनिक उपभोग्य सामग्रीहरू जिल्ला प्रशासन कार्यालयले तोकेको समयावधि (बिहान ४:०० बजेदेखि ७:०० बजे) भित्रै खरिद गर्नुहुन,
५. सरसफाइमा खटिएका कर्मचारीहरू तथा जनस्वास्थ्य केन्द्रमा कार्यरत डाक्टर, नर्स तथा अन्य कर्मचारीहरू अझ जिम्मेवारीपूर्वक आ-आफ्नो कार्यस्थलमा खट्नुहुन ।

सिङ्गो देश अहिले कोरोनाविरुद्धको अभियानमा छ । तपाई हामी सबै एकजुट भएर लड्यौं भने छिटै नै कोरोनाविरुद्धको अभियानमा सफलता हासिल गर्न सक्छौं । आउनुहोस् सबै आ-आफ्नो घरमा सुरक्षित तवरले बसेर कोरोना भाइरसबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । भिडभाडमा नजाऔं, भोजभतेर र पिकनिक नगरौं । कोरोनाविरुद्धको अभियान हामी सबै एकजुट भएको सन्देश दिऔं ।

मिति : २०७६।१२।१३ गते

सुनिल प्रजापति
प्रमुख
भक्तपुर नगरपालिका

# नेपालमा पहिलोपटक देशव्यापी 'लकडाउन'

कोरोना भाइरसको सम्भावित संक्रमण रोक्न सरकारले चैत ११ गते मङ्गलबार बिहान ६ बजेदेखि लागु हुने गरी देशभरि 'लकडाउन' गरेको छ । नेपाल सरकारअन्तर्गत गठित नोबेल कोरोना भाइरस नियन्त्रण उच्चस्तरीय समितिको सोमबार बसेको बैठकले लक डाउन गर्ने निर्णय गरेको हो । विगतमा केही स्थानमा लकडाउन गरिएको थियो । यसपटक विश्वव्यापी फैलिएको कोरोना भाइरसको कारण नेपालमा पहिलोपटक देशैभर 'लकडाउन' गरिएको छ । कोरोना भाइरसको संक्रमण नियन्त्रणमा मानिस र मानिसबीचको सम्पर्कलाई नियन्त्रण गर्दा प्रभावकारी रहेको तथ्य स्थापित भएको छ । त्यसैले सबैजसो देशले 'लकडाउन' गरेका छन् ।

फ्रान्सबाट काठमाडौं फर्केकी एक युवती कोभिड–१९ बाट संक्रमित भएको पुष्टि भएको लगत्तै बसेको उच्चस्तरीय समितिको बैठक बसी आकस्मिक रूपमा 'लकडाउन' लागु गरेको हो ।

'लकडाउन'अन्तर्गत सबै मानिसलाई घरबाट बाहिर आउन निषेध गरिएको छ । अत्यावश्यक काममा बाहेक घरबाहिर कसैलाई पनि निस्कन निषेध र अनुमति प्राप्त सवारी साधनबाहेक सबै प्रकारका सार्वजनिक यातायातका सेवा पूर्णतः बन्द हुनेछन् । सुरक्षा निकाय र तोकिएका अन्य उडानबाहेक अन्य सबै उडान बन्द गरिनेछ ।

अति आवश्यक सेवाबाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरू मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरी अन्य बिदामा हुने उच्चस्तरीय समितिले गरेको निर्णयमा उल्लेख छ ।

'संक्रामक रोग ऐन,२०२० को दफा २ को उपदफा (२) बमोजिम जारी यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल राज्यका सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सोका लागि स्थानीय प्रशासन ऐन, २०२८ को समेत समेत आवश्यकताअनुसार प्रयोग गर्ने र संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोही ऐन बमोजिम सजाय हुनेछ', निर्णयमा भनिएको छ ।

बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको संयोजकत्वमा गठित कार्यदलबाट प्रस्तुत कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन व्यवस्था मापदण्ड, २०७६ स्वीकृत गरियो । त्यस्तै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नेतृत्वमा बलम्बुस्थित सशस्त्र प्रहरी बलको अस्पतालबाट कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्य नेपाल सेनाका चिकित्सकहरूको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र आवश्यकता अनुसार सरकारी, सामुदायिक र निजी क्षेत्रका चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरू परिचालन गरी सुरु गर्ने निर्णय गरेको छ । सोको लागि रक्षा, गृह, परराष्ट्र र अर्थमन्त्रालयले आवश्यक समन्वय गर्ने उल्लेख छ ।

सरकारले चैत २५ गते मध्यरातीसम्म 'लकडाउन' को अवधि थपेको छ ।

## टौमढीको तरकारी बजार सारियो

तरकारी पसलमा हुलमुल र भिडभाड भएकोले टौमढीको तरकारी पसल हटाएर चैत १५ गते गःहिति र क्वाछेंमा सारिएको छ । त्यहाँ दश फिटको फरक दूरीमा पसल राख्ने गरी मिलाएको वडा सदस्य पूर्णगोपाल राजचलले बताउनुभयो । हिजो टौमढीमा कम्तिमा एक मिटरको दूरीमा बसेर किनमेल गर्न र ग्राहकहरू एक एक मिटरको दूरीमा बसेर पालो लिने गरी मिलाएकोमा भिडभाड भएको जनगुनासो आएकोले वडासमितिमा बैठक बसेर उक्त कार्य गरेको हो । भगवती स्थाननिर निर्धारित दूरीमा बसेर पसल सञ्चालन गर्न अनुरोध गर्दा पनि अटेर गरेकोले एक कुखुरा पसलेको ११ वटा कुखुरा नियन्त्रणमा लिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

## पाइपलाइनमा सरसफाइ

भक्तपुर नगरपालिका वडा नं १० पाइपलाईनमा स्थानीयले कोरोना भइरसबाट बच्न चैत १५ गते सरसफाइ गरेका छन् ।

नगरपालिकाले नियमित पाक्षिक सरसफाइको दिनको अवसर पारेर स्थानीयले सरसफाइ गरेको अर्जुन काफ्लेले बताउनुभयो ।

कार्यक्रममा कोरोनाको भयावह अवस्थामा कम्तिमा १ मीटरको दूरीमा बसेर अनिवार्य रूपमा माक्स र पञ्जा लगाई सरसफाइ कार्य गर्न तथा सम्पूर्ण वडावासीहरू घर भित्र बसेर यो भाइरसविरुद्धको अभियानमा सचेत भई सहयोग गर्न अनुरोध गरिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

# कोभिड १९ बारे मन्त्रालयको आकस्मिक बैठक

कोभिड १९ सम्बन्धी नेपाल सरकारले गरेको काम र प्रयासहरूबारे जानकारी दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा चैत १० गते काठमाडौं उपत्यकाभित्रका महानगरपालिका तथा नगरपालिकाका प्रमुखहरूसँग छलफल कार्यक्रम भयो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीको संयोजकत्वमा सम्पन्न उक्त छलफल कार्यक्रममा उपत्यकाका प्रमुखहरूले कोभिड १९ को संक्रमणबाट बच्न आ–आफ्नो स्थानीय तहहरूले गरिरहेको कार्य विवरणबारे जानकारी दिनुभयो ।

छलफल कार्यक्रममा मन्त्री त्रिपाठीले विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरसको जोखिमबाट बच्न आवश्यक व्यक्तिगत सुरक्षाका सामग्री (पीपीई), मास्क,



सेनिटाइजर, ग्लोभलगायतका वस्तुको अभावबारे मन्त्रालयको ध्यानाकर्षण भएको बताउनुहुँदै विपद्को समयमा काम गर्ने स्वास्थ्यकर्मी, ल्याब टेक्निसियनलगायतहरूलाई आवश्यक साधनसम्पन्न बनाउनेतर्फ सरकारले तयारी गरिरहेको बताउनुभयो ।

नेपाल सरकारले काठमाडौं उपत्यकाभन्दा बाहिरका जिल्लाहरूमा सवारीसाधन आवागमन निषेध, नेपाल–भारत नाका बन्द गरिरहेको बताउनुहुँदै तत्काल उपत्यकामा 'लकडाउन' गरिए दैनिक ज्यालादारी गर्ने मजदुर र कामदारहरू प्रभावित हुने बताउनुभयो । उहाँले कृत्रिम अभाव सिर्जना गर्ने काला व्यापारीहरूलाई कारबाही गर्न निर्देशन दिनुहुँदै मन्त्री त्रिपाठीले केन्द्रीय सरकारसँग नजिक बसेर काम गर्न स्थानीय तहहरूलाई अपिल गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नोबेल कोरोना भाइरसको संक्रमण रोक्न भक्तपुर नगरपालिकाले नेपाल भाषा र नेपाली भाषामा सार्वजनिक अपिल प्रकाशन, गल्ली, चोक तथा सडकहरूमा चुन फिनेल छर्कने कार्य गरिरहेको बताउनुहुँदै नगरपालिका र वडा–वडामा साबुन पानीले हात धुने बन्दोबस्त गरेको बताउनुभयो ।

भक्तपुर नपामा कार्यरत सफाइ कर्मचारीहरू अरु समयमा भन्दा प्रभावकारी ढंगले सरसफाइ कार्यहरूमा संलग्न भइरहेको उहाँले बताउनुभयो ।

काठमाडौं महानपाका प्रमुख विद्यासुन्दर शाक्यले सरसफाइ कर्मचारीहरूलाई प्रोत्साहन भत्ता दिइ कार्य गराइरहेको, १० करोडको आकस्मिक कोषको व्यवस्थापन, मन्दिरहरूमा लकडाउन र धेरै मान्छे जम्मा हुने भोजभतेर नगर्न र सहभागी नहुन जनप्रतिनिधि, कर्मचारी र स्थानीयहरूलाई निर्देशन दिइसकेको बताउनुभयो ।

ललितपुर उपमहानपाका प्रमुख चिरिबाबु महर्जनले केन्द्रीय सरकारले नै व्यक्तिगत सुरक्षाका सामग्री उपलब्ध गराउन माग गर्नुहुँदै नेपालमा कोरोनाको संक्रमणले इटालीमा भन्दा १० गुणा भयावह स्थिति ल्याउनेछ भन्नुभयो ।

मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले विदेशबाट आएको व्यक्तिको विशेष निगरानी गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै त्यस्ता व्यक्तिहरूलाई अनिवार्य होम क्वारेन्टाइनमा राख्न र अस्पतालका आकस्मिक सेवा र एम्बुलेन्स सेवा तयारी अवस्थामा राख्न आह्वान गर्नुभयो ।

कार्यक्रममा उपस्थित उपत्यकाका प्रमुख/उपप्रमुखहरूले मन्दिर, मस्जिद तथा गुम्बाहरूमा प्रवेश निषेध गर्नुपर्ने, सबै स्थानीय तहहरूले विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाउनुपर्ने, संक्रमित व्यक्तिलाई सरकारले सुरक्षित रूपमा निःशुल्क उपचारको बन्दोबस्त गर्नुपर्ने, स्वास्थ्यकर्मीहरू सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने, खरिद ऐन संशोधन हुनुपर्ने र कोरोना भाइरसबाट बच्न समर्पित एम्बुलेन्सको व्यवस्था गर्नुपर्नेलगायतका सुझावहरू प्रस्तुत गर्नुभयो ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# विस्का जात्रा औपचारिकतामा सीमित हुने

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको उच्च जोखिमप्रति संवेदनशील भई यो वर्षको विस्का जात्रालाई औपचारिक पूजाआजामा मात्र सीमित गरिने भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा चैत १० गते बसेको विस्का जात्रा संचालन कार्यदल २०७६ को बैठकले विस्का जात्राको मूल जात्रा तथा टोल टोलमा हुने तिंप्वा जात्रा, खः ल्वाकेगु जात्रा, द्यो स्वगं बियगु जात्रालगायतका अन्य जात्राहरूसमेत औपचारिक पूजाआजामा सीमित गर्न सम्बन्धित सबै पक्ष र सर्वसाधारण जनतामा आग्रह गर्ने निर्णय गरेको छ ।



कार्यदलमा प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, गुठी संस्थानको कार्यालय भक्तपुर, विद्युत प्राधिकरण, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, नेपाल टेलिकम भक्तपुर शाखा, भैल नायो, बिस्का जात्रा सहयोग समिति लगायतका प्रतिनिधिहरू सदस्य रहेका छन् ।

निर्णयको पूर्ण विवरण :

'विस्काजात्रा भक्तपुरवासीहरूको महत्त्वपूर्ण पर्व हो । हरेक वर्ष चैत्रको अन्तिम साता शुरु भई नयाँ वर्षसँगै वैशाख महिनाको पहिलो हप्तासम्म चल्ने यो जात्रा आवलोकन गर्न देशी विदेशी हजारौं नागरिकहरू भक्तपुर आउने गर्छन् । संचार जगतको विकासले विस्का जात्रा संसारका कुना काप्चाबाट प्रत्यक्ष हेर्न सक्ने भएको छ । यस्तो महत्त्वपूर्ण जात्रा नजिकिँदै छ । जात्रालाई शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रूपमा संचालन गर्न नगरपालिका, जिल्ला प्रशासन, गुठी संस्थान, जात्रा व्यवस्थापन समिति सबै आ-आफ्नो तर्फबाट तयारीमा रहँदै आएका छौं ।

विश्व स्वास्थ्य संगठनले पुस १५ गतेपछि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोराना भाइरस (कोभिड-१९) बाट चैत्र ९ गतेसम्म १७७ भन्दा बढी देशमा फैलिएको, १४००० बढीको मृत्यु भएको, २ लाखभन्दा बढी संक्रमित भएको उल्लेख गर्दै नेपाल पनि संक्रमणको उच्च जोखिममा रहेको हुँदा समयमै सजगता अपनाउन आग्रह गरेको छ ।

नेपाल सरकारले कोरोना भाइरस संक्रमणबाट बच्न चैत्र ९ गतेदेखि १८ गतेसम्म अन्तर्राष्ट्रिय हवाइ सेवा बन्द, चैत्र १० गतेदेखि लामो दूरीका यातायात बन्द गर्ने, अति आवश्यक सेवा बाहेक सबै सेवा बन्द गर्ने घोषणा गरेको छ । विद्यालय, कलेज, विश्वविद्यालयहरूका पठन पाठन बन्द गरी २५ जनाभन्दा बढी भिडभाड जम्मा नगर्न समेत प्रधानमन्त्रीज्यूबाट घोषणा भएको अवस्थामा कोरोनाबाट सबै नागरिक अत्यन्त त्रसित र सशंकित छन् ।

यस्तो विशेष परिस्थितिमा सबै नागरिकले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नु अनिवार्य छ । कोरोनाको संक्रमण भएमा अत्यन्तै भयावह स्थिति आउन सक्ने सम्भावनालाई ध्यानमा राखी यस विस्का जात्रासँग सरोकार राख्ने जिम्मेवार पदाधिकारीहरू सम्मिलित आजको बैठकले परम्परादेखि चलिआएको विस्का जात्रालाई औपचारिक पूजाआजामा मात्रै सीमित राखी जात्रा सम्पन्न गर्न सबैमा अनुरोध गर्ने निर्णय गरियो । यसका साथै विस्का जात्राको समयावधिमा विभिन्न टोल टोलमा हुने तिंप्वा जात्रा, खः ल्वाकेगु जात्रा, द्यो स्वगं वियगु जात्रालगायत सम्पूर्ण जात्राहरू समेत औपचारिक पूजाआजामा मात्र सीमिति गर्न सम्बन्धित सबै सरोकारवाला पक्ष र जनताहरूमा आग्रह गर्ने निर्णय गरियो ।

**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो ।**

# विस्का जात्रा सम्पन्न गर्न सरोकारवालाहरूको बैठक

भक्तपुरको प्रसिद्ध विस्का जात्रा व्यवस्थित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न भक्तपुर नपाले विस्का जात्रा व्यवस्थापनसम्बन्धी सरोकारवालाहरूसँग चैत ६ गते छलफल कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले कोरोना भाइरस संक्रमणका कारण विश्वव्यापी रूपमा स्वास्थ्य संकटकाल घोषणा भएको अवस्थामा जात्रा सञ्चालन चुनौतीपूर्ण रहेको बताउनुहुँदै हजारौं मानिस जम्मा हुने विस्का जात्रा सञ्चालनलाई व्यवस्थित गर्नु सबैको साझा जिम्मेवारी भएको बताउनुभयो ।

जटिल परिस्थितिमा पनि भक्तपुरको ऐतिहासिक र पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण विस्का जात्रा शान्तिपूर्ण रूपमा सञ्चालन गर्न र कोरोना संक्रमणबाट सजग बनाउने अभियानमा भक्तपुर नगरपालिका क्रियाशील रहने नगर प्रमुख प्रजापतिले बताउनुभयो ।




ऐतिहासिक महत्त्व बोकेको विस्का जात्रालाई सफल पार्नु सबैको दायित्व हो भन्नुहुँदै उहाँले बैठकबाट प्राप्त महत्त्वपूर्ण सुझावलाई मध्यनजर गरी आवश्यकताअनुसारको सानो समूहको समिति गठन गरी जात्रा व्यवस्थापनबारे आवश्यक निर्णय गरिने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले कोरोना भाइरसको त्रासले गर्दा यस वर्ष विस्का जात्रा चुनौतीपूर्ण हुने इंगित गर्नुहुँदै ऐतिहासिक महत्त्व बोकेको जात्रा सञ्चालन जनगुनासो रहित ढङ्गले सम्पन्न गराउन गुठी संस्थान भक्तपुरलाई निर्देशन दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानले कोभिड–१९ भयावह बन्दै गएको र नियन्त्रण गर्न चुनौतीपूर्ण भइरहेको बताउनुहुँदै जात्राको समयमा उच्च सतर्कता अपनाउन नागरिकहरूमा अपिल गर्नुपर्नेमा जोड दिनुभयो ।

गुठी संस्थान भक्तपुरका प्रमुख आनन्द कर्माचार्यले साविकबमोजिम रथ निर्माणको काम भइरहेको र संस्थानबाट गर्नुपर्ने काम समयमै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवाल, वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, कार्यक्रमका सहभागीहरू रामबहादुर प्रजापति, केशव तमखु, न्हुछेराम भेले, गोविन्द मल्ललगायतले पनि राय–सुझाव राख्नुभएको थियो ।

## बैठकका निर्णयहरू

१) बैठकले विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड – १९) हालसम्म १३९ देशमा संक्रमणका बिरामी भेटिएको, १,९१,१२७ संक्रमित भई ७,८०७ जना मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाउँदै विश्वव्यापी स्वास्थ्य संकटकाल घोषणा गरेको तथा नेपाल पनि कोरोना भाइरसको उच्च जोखिममा रहेको उल्लेख गरिएको हुँदा यो संकटको बेला सम्पूर्ण नगरवासीहरूलाई सचेत रहन अपिल गर्ने र कोभिड–१९ को संक्रमणबाट जोगिने उपायहरूका सम्बन्धमा प्रचारप्रसार गर्ने निर्णय गरियो ।

२) विस्का जात्रा सञ्चालनको लागि कोरोना भाइरसको उच्च जोखिममा ठूला भेला र सभा सम्मेलन गर्न नमिल्ने परिस्थितिलाई ध्यानमा राखेर शान्तिपूर्ण र व्यवस्थित रूपमा जात्रा सञ्चालन गर्न नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा निम्न बमोजिमका सदस्यहरू रहने गरी एक कार्यदल गठन गर्ने निर्णय गरियो :

१. संयोजक – सुनिल प्रजापति
२. सदस्य – प्रमुख जिल्ला अधिकारी
३. सदस्य – भनपा वडा नं. ४ का वडाध्यक्ष
४. सदस्य – भनपा वडा नं. ५ का वडाध्यक्ष
५. सदस्य – जिल्लाका सुरक्षा निकाय प्रमुखहरू
६. सदस्य – भक्तपुर विद्युत प्राधिकरण प्रमुख
७. सदस्य – भक्तपुर दूर सञ्चार प्रमुख
८. सदस्य – खानेपानी तथा सरसफाइ डिभिजन प्रमुख
९. सदस्य – भैरवनाथ जात्रा सहयोग समिति
१०. सदस्य – भैरवनाथ गुठी नाइके

३. विस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सम्पूर्ण जनतामा अपिल गर्ने,

४. गुठी संस्थान, भैरवनाथ जात्रा सहयोग समितिलगायत सरोकारवाला सबैले समयमै जात्रा सम्पन्न गर्न आ–आफ्नो तर्फबाट आवश्यक तयारी समयमै गर्ने,

५. जिल्ला प्रशासन तथा जिल्लाका सुरक्षा निकायहरूले शान्ति सुरक्षाको योजना बनाई सुरक्षा व्यवस्था मिलाउने ।

# भक्तपुर नपामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षार्थीहरू

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा 'प्रोफेसनल कोर्स अन मेनेजमेन्ट एण्ड डेभलपमेन्ट' विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रमका प्रशिक्षक, अनुसन्धान अधिकृत र ३० जना अधिकृत स्तरका प्रशिक्षार्थीहरूद्वारा चैत ५ गते भक्तपुर नगरपालिकाको स्थलगत निरीक्षण गऱ्यो ।

नेपालको सार्वजनिक सेवा प्रवाहसम्बन्धी ज्ञान हासिल गर्न गरिएको स्थलगत अध्ययन कार्यक्रमअन्तर्गत सो टोलीले नगर प्रमुख सुनिल प्रजापतिसँग अन्तरक्रियात्मक कार्यक्रम र विभिन्न शाखा–उपशाखाहरूको अवलोकन, निरीक्षण पनि गऱ्यो ।



प्रशिक्षार्थी टोलीलाई भक्तपुर नगरपालिकामा स्वागत गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरलाई सांस्कृतिक राजधानीको रूपमा विकास गर्न प्रयासरत रहेको बताउनुभयो । २०७४ सालको स्थानीय तह निर्वाचनमा नगरका सबै वडाहरूमा नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूले विजय हासिल गरेको स्मरण गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाका जनप्रतिनिधिहरू निर्वाचनमा जारी गरेको पार्टीको घोषणापत्र कार्यान्वयनमा क्रियाशील रहेको बताउनुभयो ।

उपभोक्ता समिति र ठेकेदारबीचको भिन्नताबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले नेपालको सांस्कृतिक र पुरातात्त्विक सम्पदा पुन:निर्माणमा विदेशी सहयोग लिनु नहुने विचार व्यक्त गर्नु हुँदै भक्तपुरको सम्पदा पुन:निर्माण सम्बन्धमा जर्मनी सरकारसँग भएको सम्झौतामा उल्लेख बुँदाहरू देशको सार्वभौमिकतामा आँच पुऱ्याउने खालको भएको हुँदा नगरपालिकाले अस्वीकार गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँका कृषकहरूलाई लक्षित गर्दै कृषि प्राविधिक तालिम सञ्चालन, कौसी खेती तालिम, मौसमअनुसारको उन्नत जातको धान, गहुँ र आलुको बीउलगायत वितरण पनि गरिरहेको उहाँले बताउनुभयो ।

प्रशिक्षार्थीहरूको जिज्ञासाबारे प्रमुख प्रजापतिले भक्तपुर नपाले आवश्यक कानुन र कार्यविधिहरू राजपत्र प्रकाशित गरी कार्यान्वयन गरिरहेको बताउनुहुँदै भक्तपुर नपाले स्थानीय जनतालाई सक्षम बनाई स्वायत्तताको अभ्यास गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले सानो क्षेत्रफल भएको भक्तपुर नगरपालिकाले अरु स्थानीयमा नभएका असल अभ्यासहरू सञ्चालन गरिरहेको अवगत गराउनुहुँदै भक्तपुर नपाले पुर्खाको सीप र सभ्यतालाई जोगाएर यहाँको सम्पदा पुन:निर्माण र जीर्णोद्धार कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुभयो ।

भक्तपुर नपाले प्रदान गरिरहेको शैक्षिक ऋणबाट धेरै विद्यार्थीहरू लाभान्वित भएका छन्, उहाँले भन्नुभयो – 'उपभोक्ता समितिमार्फत लगत इस्टिमेटभन्दा निकै कम लागतमा सम्पदा पुन:निर्माण कार्य भइरहेको छ ।'

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत चाँदनी कायस्थ, अध्ययन उपनिर्देशक गीताञ्जली उपाध्यायले पनि बोल्नुभएको उक्त कार्यक्रममा गृहमन्त्रालयका दीपेन्द्र पौडेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सम्पत्ति शुद्धिकरण कार्यालय, अध्यागमन विभाग, तथ्याङ्क विभाग, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा परीक्षकको कार्यालय, विभिन्न नपा/गापाका प्रमुख प्रशासकीय अधिकृत लगायतका अधिकृतहरूको सहभागिता थियो । सहभागी प्रशिक्षार्थीहरूले भक्तपुर नपाको अवलोकनबाट आफूहरू निकै प्रभावित भएको बताउँदै भक्तपुर नपाको विश्वविद्यालय सञ्चालन गर्ने योजना सऱ्हानीय भएको, विद्यार्थीलाई सहुलियत दरमा शैक्षिक ऋण उपयोगी हुनेलगायतका धारणाहरू व्यक्त गर्नुभयो ।

## कविता

अध्ययन भ्रमण सिलसिलामा भक्तपुर आइयो
सानो जिल्ला सुन्दर नगर कलात्मक पाइयो ।
ठूलो अफिस धेरै शाखा सबले बुझी जाने
सेवाग्राही, सोद्धा बुझ्दा धेरै खुसी पाइयो ।
लिफ्ट, भऱ्याङ, सीसी टीभी महत्त्व छ कती
व्यस्त शाखा, कर्मचारी जागरुक पाइयो ।
मेयर सापको निर्देशनमा भयौं हामी दङ्ग
शान्तिपूर्ण राम्रो सेवा देख्न सुन्न पाइयो ।

*–दिपेन्द्र पौडेल*
*(टोलीका एक सहभागी)*

# भक्तपुर नपाको छैटौं नगरसभा सम्पन्न

भक्तपुर नगरपालिकाको छैटौं नगरसभा चैत ७ गते विभिन्न विधेयक, कार्यविधि र प्रस्तावहरू पारित गरी सम्पन्न भयो ।




सभाको अध्यक्षको आशनबाट नगर प्रमुख सुनिल प्रजापतिले विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरसको जोखिमबाट नगरवासीहरूलाई सुरक्षित राख्न जनप्रतिनिधिहरू सक्रिय भइ लाग्नुपर्ने बताउनुभयो । भाइरसको संक्रमणको कारण विश्वका १५० भन्दा बढी देशहरू गम्भीर रूपमा प्रभावित भएको र हजारौं मानिसको ज्यान गएको उल्लेख गर्नुहुँदै उहाँले रोगबाट बच्ने उपायहरूको विषयमा जनताको घरदैलोमा पुगी जानकारी गराउनुपर्नेमा जोड दिनुभयो ।

सभाले स्थानीय सरकार संचालन ऐन–२०७६ को परिच्छेद २ दफा ९(३) तथा भक्तपुर नगरपालिकाको कला संस्कृति संरक्षण ऐन २०७५ अनुसार ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरको प्राचीन मौलिक शैलीलाई संरक्षण र प्रवर्द्धन गर्ने ध्येयले तोकिएको चारकिल्ला सिमानाभित्रको क्षेत्रलाई **सांस्कृतिक क्षेत्र घोषणा गर्ने** निर्णय गऱ्यो ।

सभाले भक्तपुर नगरपालिका क्षेत्रको **सरसफाइ–सम्बन्धी विधेयक २०७६, साबिक मापदण्डअनुसार घर/भवन निर्माण सूचीकरणसम्बन्धी कार्यविधि २०७६, बजेट रकमान्तरणसम्बन्धी प्रस्ताव** पारित गऱ्यो ।

साथै बागमती प्रदेश सरकारले नमुना विद्यालय घोषणा गरेको भक्तपुर नपा वडा नं. ९ स्थित वागीश्वरी माध्यमिक विद्यालयको भौतिक पूर्वाधार तथा विद्यालय सुधार गुरुयोजनासम्बन्धी पञ्चवर्षीय गुरुयोजना नगर कार्यपालिकाको चैत ७ गतेको बैठकले स्वीकृत गरेको सभाले अनुमोदन गऱ्यो ।

भक्तपुर नपाको छैटौं नगरसभा माघ २८ गतेदेखि शुरु भएको हो ।

# भक्तपुर नपामा तार भूमिगत गर्ने छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नेपाल विद्युत प्राधिकरणको भक्तपुर–ललितपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत भक्तपुरमा तार भूमिगत गर्ने विषयमा चैत्र ४ गते छलफल भयो ।



भक्तपुरको मुख्य सडकमा अव्यवस्थित रहेका तारहरूको भूमिगत गर्ने रुटहरूबारे सरोकारवाला पक्षहरूबीच छलफल भयो । सो आयोजना एसियाली विकास बैंक र नेपाल विद्युत प्राधिकरण र नेपाल सरकारको सहयोगमा हुनेछ र मेसिनबाट खाल्डो खन्ने आधुनिक प्रविधि उपयोग गरी तार भूमिगत गरिने जानकारी छलफलमा दिइयो ।

छलफलमा भक्तपुर नपाका प्रप्रअ इन्द्रप्रसाद बस्याल, वडाध्यक्षहरू रबिन्द्र ज्याख्व, उकेश कवां, हरिप्रसाद बासुकला, आयोजनाका उप–कार्यकारी निर्देशक मनोज सिलवाल, प्रबन्धक जुजुरत्न शाक्य, उपप्रबन्धक वीरेन्द्र कुमार झालगायतको उपस्थिति रहेको थियो ।

तार भूमिगत गर्ने सम्बन्धमा जनप्रतिनिधिहरू र ख्वप इन्जिनियरिङ कलेजका प्राविधिकहरूले अध्ययन गरी प्रस्तावित योजनामा सुधार गर्ने सहमति भएको छ ।

# ख्वप अस्पताल भवन निर्माणसम्बन्धी प्राविधिक समितिको बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा ख्वप अस्पताल भवन निर्माणको प्रगति, स्थिति र



योजनाहरूका बारेमा सम्बन्धित प्राविधिक टोली, इन्जिनियरहरू र कन्सल्ट्यान्टको बैठक भनपा सभाकक्षमा चैत्र २ गते सम्पन्न भयो ।

बैठकमा बोल्नुहुँदै प्रमुख प्रजापतिले ख्वप अस्पताल भवन निर्धारित समयसीमाभित्र सम्पन्न गर्न सम्बन्धित प्राविधिक टोली, इन्जिनियर र कन्सल्ट्यान्टलाई निर्देशन दिनुहुँदै निर्माणलाई त्रुटीरहित बनाउन सबैले आ–आफ्नो तर्फबाट प्रयत्न गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले निर्माणाधीन ख्वप अस्पताल भवन संवेदनशील क्षेत्र भएकोले भविष्यमा हुनसक्ने प्राकृतिक तथा अन्य जोखिमलाई न्यूनीकरण गर्न सकिने हिसाबले पूर्व तयारीका साथ भवन डिजाइन सुधार गर्नुपर्ने र विज्ञहरूसँगको छलफलले सही मार्गदर्शन दिनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आर्किटेक्ट सुसन्ना श्रेष्ठले ख्वप अस्पतालबारे प्रस्तुतिकरण गर्नुभएको थियो भने ७ नं. का वडाध्यक्ष उकेश कवां, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, ख्वप अस्पताल निर्माणका आयोजना प्रमुख विजयराम कोजु, आर्किटेक्ट सरोज वैद्य, इलेक्ट्रिकल इन्जिनियर प्रतिक श्रेष्ठ लगायतले आ–आफ्नो राय सुझाव दिनुभएको थियो ।

# इन्जिनियरिङ कलेजमा विशेष डिजिटल फोटोग्राफी तालिम

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको १० दिने विशेष डिजिटल फोटोग्राफी तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम चैत्र २ गते कलेजको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले फोटो कुनै ठाउँ, विषय र व्यक्तिबारे इतिहास बताउने माध्यम भएको बताउनुहुँदै फोटोलाई समाज र समयको ऐनाको रूपमा व्याख्या गर्नुभयो । प्रशिक्षार्थीहरू आफूले सिकेको सीपको सही र नियमित प्रयोग गर्नु आवश्यक भएको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले फोटोले दिने सन्देश समाजको निम्ति धेरै उपयोगी हुन्छ भन्नुहुँदै फोटोले समाजको निम्ति राम्रो सन्देश पनि दिने बताउनुभयो । प्रमुख प्रजापतिले भन्नुभयो – 'फोटोग्राफरले गोप्यतालाई कायम गर्नुपर्ने र सिक्छु भन्ने भावनाले काम गरेमा छिटो सिकिन्छ ।'

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले तालिम अवधिभरमा सिकेको सीपलाई कलेजको उद्देश्य प्राप्तिको निम्ति प्रयोग गर्नुपर्ने बताउनुहुँदै भविष्यमा कलेजमा कार्यरत प्रशिक्षक र कर्मचारीहरूलाई आवश्यक तालिमको आयोजना गर्ने प्रतिबद्धता जनाउनुभयो ।



ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले वर्तमान समयमा फोटोग्राफीको विकास उच्च तहमा पुगिसकेको बताउनुहुँदै भक्तपुरका ऐतिहासिक सम्पदाहरूको फोटो अभिलेख राख्न यो फोटोग्राफी तालिमले महत्त्वपूर्ण भूमिका खेल्नेमा विश्वास प्रकट गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य रबिन्द्र फोंजु, तालिमका स्रोत व्यक्ति शरद राई, कर्मचारी सञ्जय मानन्धर र तालिमका सहभागीहरूले पनि आ–आफ्नो अनुभव आदानप्रदान गर्नुभयो । तालिमका प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई नगर प्रमुख प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभयो ।

# दुगुरेस्थित बेची ब्वङ र शारीरिक सुगठनका सामग्रीहरूको उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ९ स्थित तुमचो, दुगुरे चोखा जग्गा एकीकरण आयोजनाभित्र अवस्थित बेची ब्वङ (कुवा) पुन:निर्माण तथा नगरपालिकाको बजेटअन्तर्गत व्यवस्थापन गरिएको शारीरिक व्यायाम सामग्रीको उद्घाटन फागुन ३० गते गर्नुभयो ।



उद्घाटन समारोहमा प्रमुख प्रजापतिले बेची ब्वङको ऐतिहासिकता लोप हुने खतरा भएको हुँदा भक्तपुर नपाले ब्वङको ऐतिहासिकता जोगाउन नगरपालिकाले पुन:निर्माण कार्यलाई प्राथमिकतामा राखी यसको पुन:निर्माण सम्पन्न गरेको बताउनुभयो । उहाँले उपभोक्ता समितिमा बसेर योगदान पुर्‍याउनुहुने, श्रमदाता र चन्दादाताहरूमा नैतिक र भौतिक सहयोगको निम्ति नगरपालिकाको तर्फबाट आभार प्रकट गर्नुभयो ।

भक्तपुर नगरपालिकाले यहाँका ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेको क्षतिग्रस्त सम्पदाहरू उपभोक्ता समिति गठन गरी आर्थिक अनुशासनमा बसेर पारदर्शी ढंगले सम्पदाहरू पुन:निर्माण गरिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले व्यक्तिगत सम्पत्तिभन्दा समाजको सम्पत्ति जोगाउन अभियानका साथ नपा अगाडि बढिरहेको बताउनुभयो ।

अस्वस्थ खानपिन र जीवनशैलीले विभिन्न रोगहरूको जोखिम बढिरहेको वर्तमान समयमा नगरवासीहरूलाई स्वस्थ र स्फूर्ति बनाउन नगरका सबै वडा र नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा शारीरिक व्यायामका सामग्रीहरू जडान गरिसकेको उहाँले बताउनुभयो ।

भक्तपुर नपाले व्यवस्थित आवास योजना सञ्चालनमा जोड दिँदै आएको र खानेपानी समस्या समाधानको निम्ति विभिन्न ठाउँहरूमा बोरिङको कार्यलाई पनि तीव्रता दिँदै आएको छ- उहाँले भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले बेची ब्वङलाई पुन:जीवन दिने काममा स्थानीय जनताको सक्रिय सहभागिता रहेको बताउनुभयो । क्षेत्रफलका हिसाबले सानो भक्तपुर नगरपालिकामा घना मानव बस्तीको बसोबास रहेको हुँदा खुला ठाउँ संरक्षण चुनौतीपूर्ण रहेको औंल्याउनुहुँदै वडाध्यक्ष ज्याख्वले भक्तपुर नपाले कला-संस्कृतिले भरिएको नगरको ऐतिहासिकता जोगाउन आवश्यक पहल गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष एवम् भनपा अनुगमन समितिका संयोजक राजकृष्ण गोराले भक्तपुर नगरभित्रका पसलहरूको बजार अनुगमनका क्रममा भेटिएको तथ्यहरू पेश गर्नुहुँदै अधिकांश पसलहरूले नाफाको निम्ति अखाद्य वस्तु र रंग प्रयोग गरेको पाइएको बताउनुभयो ।

बेची ब्वङ उपभोक्ता अनुगमन समितिका संयोजक एवम् कार्यपालिका सदस्य छोरीमैया सुजखुले वडामार्फत भएका गतिविधि र सम्पदा संरक्षणमा भक्तपुर नपाले गरिरहेको कार्यबारे अवगत गराउनुहुँदै उपभोक्ता समितिमार्फत भएका कार्यमा स्थानीय जनताको अपनत्व रहेको बताउनुभयो ।

कार्यक्रममा जनस्वास्थ्य केन्द्रका जनरल फिजिसियन डा. बालकृष्ण चाँगुभारीले कोरोना भाइरस संक्रमणबाट बच्ने



उपायबारे सचेत पार्नुभयो भने भनपा वडा नं. ९ खेलकुद समितिका संयोजक राजेश प्रजापतिले नगरपालिकाले स्थापना गरेको व्यायाम सामग्रीहरू सही सदुपयोगको लागि आग्रह गर्नुभयो ।

कार्यक्रममा बेची ब्वङ उपभोक्ता समितिका अध्यक्ष रमेश लाछिमस्युले बेची ब्वङ पुन:निर्माण कार्यको आर्थिक हिसाब प्रस्तुत गर्नुहुँदै बेची ब्वङको लगत इस्टिमेट रु.६० लाख ७३ हजार ३४० रहेकोमा कूल खर्च रु.४३ लाख ६५ हजार ३४८ मा निर्माण सम्पन्न भएको जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा रामेश्वरी कोजुले पनि बोल्नुभएको थियो ।

**'पिसाब जँचाऊ, मृगौला बचाऊ'**

# विश्व मृगौला दिवस कार्यक्रम

'अस्पताल तथा कुनै संघ-संस्था भनसुन वा प्रभावले चल्नेभन्दा पनि नियमसंगत र स्वाभाविक रूपमा सञ्चालन हुनुपर्छ । गरिब जनताको सेवा गर्ने लक्ष्यका साथ अस्पतालको स्थापना हुनुपर्छ ।'

उक्त भनाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले विश्व मृगौला दिवस २०२० को अवसरमा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले फागुन २९ गते आयोजना गरेको कार्यक्रममा व्यक्त गर्नुभएको हो । हरेक व्यक्तिले समाजको निम्ति योगदान गर्नुपर्ने र समाजको निम्ति काम गर्ने व्यक्ति समाजका सम्मानित व्यक्ति हुने उहाँले बताउनुभयो ।



भक्तपुरमा सञ्चालित शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले देशभरिका मृगौला रोगीहरूलाई सहज रूपमा सेवाहरू उपलब्ध गराउँदै आएको छ भन्नुहुँदै अध्यक्ष बिजुक्छेंले केन्द्रको सेवा सुविधाबाट जनता लाभान्वित भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सात वर्ष अगाडि मानव अङ्ग प्रत्यारोपण केन्द्रको नाममा स्थापित यस केन्द्रको सक्षम नेतृत्व र टीम वर्कले गर्दा भक्तपुरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मृगौला रोगको उपचार सम्भव भएको बताउनुभयो ।

अस्वस्थ खानपिन र व्यस्त जीवनशैलीका कारण नसर्ने रोगको जोखिम बढिरहेको इंगित गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले कडा रोग लागेका नगरवासीहरूको लागि रु. १०,००० आर्थिक सहयोग प्रदान गर्दै आएको र नगरका सबै वडामा व्यायामशालाको स्थापना गरिसकेको बताउनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. यादव कोइरालाले विश्वव्यापी रूपमा फैलिरहेको कोभिड १९ रोगको जोखिम मृगौला, चिनी रोगी, क्यान्सरलगायतका कडा रोग लागेका रोगीमा छिट्टै संक्रमणको खतरा हुने हुँदा सबैले आ-आफ्नो ठाउँबाट सचेतनाका कार्यक्रमलाई जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक डा.पुकारचन्द्र श्रेष्ठले अस्पतालको कार्य प्रगतिबारे प्रस्तुती दिनुहुँदै जटिल अवस्थाको मृगौला रोगको सफल रूपमा उपचार भइरहेको अवगत गराउनुभयो ।

प्रा.डा. गुनकुमार श्रेष्ठले मृगौला रोगको जोखिम न्यून गर्न जनचेतनाका कार्यक्रमको खाँचो औंल्याउनुहुँदै चिकित्सकको सल्लाहबमोजिममात्र औषधि सेवन गर्नुपर्ने र जथाभावी पेनकिलरको प्रयोग नगर्न आह्वान गर्नुभयो ।

वरिष्ठ हास्यकलाकार मदनकृष्ण श्रेष्ठले मानव शरीरमा लाग्ने सम्पूर्ण रोगको खतरा बराबर हुने बताउनुहुँदै आम जनतामाझ जनचेतना अभिवृद्धि गर्दै सचेत गर्ने काममा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रा.डा. रजनी हाडाले मृगौला रोगको रोकथाम गर्न हरेक व्यक्तिले आफ्नो स्वास्थ्यबारे सचेत हुनु आवश्यक भएको र मृगौला रोगीहरू दिन प्रतिदिन बढिरहनु चिन्ताको विषय भएको बताउनुभयो । 'पिसाब जँचाऊ, मृगौला बचाऊ' नारालाई अंगाल्दै नियमित स्वास्थ्य जाँचले सम्भावित रोगबाट बच्न महत्त्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा मृगौला विशेषज्ञ डाक्टर इमा मोन्टेग्रिमेरी र डा. डेभिड ताल्बोटले मृगौला रोगबारे प्रस्तुतीकरण देखाउनुभएको थियो भने केन्द्रका प्रशासन प्रमुख भानुभक्त न्यौपानेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले विशेषज्ञ डाक्टरहरू मोन्टेग्रिमेरी र ताल्बोटलाई दोसल्ला ओढाइ, सम्मानपत्र हस्तारण तथा भादगाउँले टोपी लगाई सम्मान गर्नुभयो ।

# आयुर्वेद उपचार विधिबारे अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फागुन २९ गते भनपाका जनप्रतिनिधिबीच आयुर्वेद उपचार विधिबारे भएको अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै वर्तमान समयमा वैकल्पिक चिकित्साको रूपमा अगाडि बढिरहेको आयुर्वेद उपचार विधिको व्यापक प्रचार प्रसार गर्नुपर्ने बताउनुभयो ।

उहाँले आफ्नो घर वरिपरि पाइने विभिन्न आयुर्वेदिक औषधी प्रयोग गरी रोगलाई रोक्ने प्रयास गर्नुपर्ने र महँगा औषधिभन्दा आयुर्वेद औषधि सस्तो र सुलभ भएकोले जनचेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल निर्माण गर्न लागेको बताउनुहुँदै उहाँले आगामी दिनमा १० वटै वडामा आयुर्वेदिक उपचार सेवा पुऱ्याउन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तत्पर रहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा आयुर्वेदिक सेवा केन्द्र, भक्तपुरका कार्यालय प्रमुख डा. नन्दन कँडेलले आयुर्वेदसम्बन्धी, डा. बैकुण्ठ सुवेदीले तनाब व्यवस्थापनसम्बन्धी र चाइनिज मेडिसिन विशेषज्ञ प्रचण्ड तिवारीले कोभिड–१९ (नोबेल कोरोना भाइरस) सम्बन्धी र योग प्रशिक्षक लेखनाथ ढकालले योगसम्बन्धी जानकारीमूलक प्रस्तुतीकरण सहित प्रशिक्षण दिनुभएको थियो ।

# क्रिकेटको उपाधि सैनिक महाविद्यालयलाई

सैनिक आवासीय महाविद्यालयको १३ औं प्रधानसेनापति अन्तरविद्यालय टी–२० रनिङ्ग क्रिकेट प्रतियोगिता २०७६ को उपाधि सैनिक आवासीय महाविद्यालयले हासिल गरेको छ । नेपाली सेनाका बलाध्यक्ष रथी गौरव तन्दुलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह फागुन २२ गते महाविद्यालय परिसरमा सम्पन्न भयो ।

प्रमुख अतिथि रथी तन्दुलले प्रधानसेनापति अन्तर विद्यालय टी २० रनिङ क्रिकेटमा प्रथम हुन सफल खेलाडी टोलीलाई नगद रु. १,००,०००/–, ट्रफी र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रमका विशेष अतिथिहरू भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, सानका वर्तमान अध्यक्ष तथा नेपाली सेनाका अवकाश प्राप्त मानार्थ उपरथी ताराबहादुर कार्की, कल्याणकारी योजनाका सागरबहादुर केसी, क्यानका भूतपूर्व अध्यक्ष विनयराज पाण्डे र महाविद्यालयका सम्पर्क अधिकृत तथा प्रमुख सेनानी अनुप शाहले प्रतियोगितामा द्वितीय, तृतीय स्थान हासिल गर्ने र सहभागी खेलाडीहरूलाई प्रमाणपत्र, मेडल, नगद पुरस्कार र ट्रफी वितरण गर्नुभएको थियो ।



# नगरभित्रका अस्पताल प्रमुखहरूसँगको बैठक

भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरभित्रका अस्पताल प्रमुखहरूको मासिक समीक्षा बैठक चैत्र ४ गते सम्पन्न भयो।

प्रमुख प्रजापतिले नगरभित्र सञ्चालित विभिन्न स्वास्थ्य संस्थाहरूका प्रमुख एवं प्रतिनिधिहरूसँग कोभिड–१९ (कोरोना भाइरस संक्रमण) को रोकथामको लागि गरिरहेको तयारी सम्बन्धमा जानकारी लिनुभयो।

विश्वभर फैलिरहेको कोभिड–१९ संक्रमणको जोखिम बढिरहेको अवस्थामा परीक्षा सञ्चालन हुने केन्द्रहरूमा आवश्यक सतर्कता अपनाउन २०७६ सालको माध्यमिक शिक्षा (एसईई) परीक्षा सञ्चालन हुने नगरभित्रका ११ वटा परीक्षा केन्द्रहरूमा हेल्थ डेस्क स्थापनाको आवश्यकताबारे बैठकले ध्यानाकर्षण गऱ्यो।



चैत ५ गतेदेखि एसईई सञ्चालन हुने सबै परीक्षा केन्द्रहरूमा हेल्थ डेस्क राख्न सबै अस्पतालहरूलाई नगरपालिकाले पत्राचार गरेको छ।

## कोरोना भाइरस सङ्क्रमणबारे भक्तपुर नगरपालिकाको अपिल

नोवेल कोरोना भाइरस संक्रमणबाट हुने एक सरुवा रोग हो। विश्व स्वास्थ्य संगठनले कोभिड –१९ (Covid 19) नाम दिइएको सो रोग सर्वप्रथम सन् २०१९ को डिसेम्बर महिनामा जनगणतन्त्र चीनको हुपेइ (Hubei) प्रान्तको उहान (Wuhan) शहरमा देखापरेको हो। विश्व स्वास्थ्य संगठन (WHO) ले सन् २०२० को जनवरी ३० तारिखको दिन विश्वव्यापी महामारीको रूपमा घोषणा गरेको उक्त रोग विश्वका १३० भन्दा बढी मुलुकहरूमा फैलिसकेको छ। छोटो समयमा एकैपटक धेरैजनामा फैलिने उक्त रोगबाट हालसम्ममा विश्वका लाखौं मानिसहरू संक्रमित भएका छन् भने मिति २०७६ चैत्र ४ गतेसम्ममा ७ हजार १ सय ७४ जना मानिसको ज्यान गएको विश्व स्वास्थ्य संगठनले बताएको छ।

एशिया, यूरोप, अमेरिका, दक्षिण अमेरिका, अष्ट्रेलिया, अफ्रिकालगायत सबैजसो महादेशमा फैलिएको कोभिड –१९ सबैभन्दा बढी चीन, दक्षिण कोरिया, इटाली र इरानमा देखिएको छ। हाल चीनमा संक्रमणको सङ्ख्यामा कमी आएपनि युरोपका विभिन्न देशहरूमा महामारीको रूपमा फैलिरहेको छ।

मुख्यतः श्वासप्रश्वास प्रणालीमा असर गर्ने यो रोग बालबालिकादेखि बृद्धबृद्धासम्म सबैलाई लाग्छ। विशेषतः दमखोकी, उच्च रक्तचाप, मधुमेह जस्ता दीर्घरोगी तथा मृगोलासम्बन्धी रोग लागेका विरामीहरू यो रोगबाट प्रभावित भएको देखिन्छ। त्यसैले यो रोग लाग्नबाट जोगिन विशेष सतर्कता अपनाउनु जरुरी हुन्छ।

### कोरोना भाइरस सर्ने तरिका

- संक्रमित व्यक्तिले हाछ्यूँ गर्दा वा खोक्दा निस्कने विषाणु (Virus) को सम्पर्क भएमा।
- संक्रमित व्यक्तिसँग हात मिलाउँदा वा अंकमाल गर्दा।

### रोगका मुख्य लक्षणहरू

कोरोना भाइरस रोगबारे विभिन्न संचार माध्यमहरूमा भ्रमात्मक तथा नकारात्मक सन्देश दिने समाचारहरू प्रकाशित भइरहेकाले सर्वसाधारण जनतामा अनावश्यक तनाव बढेको पाइन्छ। सरसफाइ, सन्तुलित खानपान र बानी व्यहोरामा ध्यान दिन सकेमा मात्र पनि यो रोगबाट बच्न सकिन्छ। यो रोगबाट संक्रमितहरू उपचारपछि हजारौंको सङ्ख्यामा पूर्ण निको भएर अस्पतालबाट घर फर्केको दैनिक तथ्याङ्क प्रकाशित भइरहेका छन्। अन्य सरुवा भाइरल रोगहरूको तुलनामा यस रोगबाट संक्रमित विरामीहरूको मृत्युदर निकै कम छ। शुरुमा यो रोगबाट निकै प्रभावित बनेको चीनको उहान शहरमा अहिले जनजीवन सामान्य अवस्थामा पुग्दैछ।

नेपालमा अहिलेसम्म कोरोना भाइरसबाट ठूलो समस्या ल्याएको छैन, तथापि यो रोगको सम्भावित जोखिमबाट जोगिने उपाय अवलम्बन गर्नु नै बुद्धिमानी हुनेछ। यस रोगबाट बच्न आवश्यक सजगता र सचेतता अपनाउन सम्पूर्ण जनसमुदायमा भक्तपुर नगरपालिका हार्दिक अपिल गर्दछ।

*मिति : २०७६।१२।४ गते*

## भोजभतेर, पिकनिक, दाफा भजनलगायतका कार्यहरू नगर्न

# नगर विपद् व्यवस्थापनको अपिल

भक्तपुर नगरपालिका नगर विपद् व्यवस्थापन समितिका संयोजक एवम् नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा चैत ९ गते बसेको विपद् व्यवस्थापन समितिको बैठकले कोरोना भाइरसको सम्भावित संक्रमणबाट बच्न अति आवश्यक कामका लागि नगरपालिका कार्यालय, वडा कार्यालय र नपाअन्तर्गत सञ्चालित विभिन्न कार्यालयमा प्रवेश गर्ने नागरिकहरूलाई साबुन पानीले हात धोएर र स्यानिटाइजर प्रयोग गरेर मात्रै प्रवेश गराउने व्यवस्था गर्ने निर्णय गऱ्यो।

साथै नगरपालिका क्षेत्रभित्रका चोक, गल्ली र सडकहरूमा सरसफाइ कार्यलाई थप प्रभावकारी बनाउने र सबै ठाउँमा चुन, फिनेल छर्कने निर्णय बैठकले गऱ्यो।

कोरोना भाइरससम्बन्धी जनचेतना जगाउन नगरपालिकाद्वारा प्रकाशित पर्चा व्यापक रूपमा वितरण गर्ने, रोगको सम्भावित जोखिमबारे सबै नागरिकहरूलाई सचेत रहन आग्रहसहित नगरपालिकाको आधिकारिक फेसबुक पेज, अनलाइन पत्रिका र अन्य दैनिक पत्रिकाहरूमा तथा फोहर संकलन गर्ने गाडी र ट्राइसाइकलहरूमार्फत प्रचारप्रसार गर्ने, साथै ठाउँ–ठाउँमा फ्लेक्स बोर्डमार्फत जनचेतनामूलक सन्देश प्रसारण गर्ने निर्णय बैठकले गरेको छ।

कोरोना भाइरसको संक्रमणबाट जोगिन सार्वजनिक स्थानहरूमा हुल नगर्न, धेरै मानिस जम्मा हुनेगरी भोजभतेर, पिकनिक आयोजना नगर्न, नगरका विभिन्न सांस्कृतिक स्थल तथा पाटी पौवामा दाफा भजन नगर्न र अति आवश्यक काममा बाहेक घर बाहिर ननिस्कन नगरवासीहरूमा बैठकले अपिल गऱ्यो।

बैठकले सम्भावित विपद्बाट जोगिनका लागि आवश्यक सामग्रीहरू मास्क, पञ्जा, स्यानिटाइजर, स्प्रे पम्प, प्लास्टिक, साबुन (झोल साबुनसमेत), थर्मल गन, धाराको टुटीसहित ५०० लिटरको पानी ट्यांकीलगायत खरिद गरी वडाहरूमा वितरणको व्यवस्था मिलाउने पनि निर्णय गरेको छ।

# भक्तपुर नगर क्षेत्रका विद्यालयहरू बन्द

विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड १९) को सम्भावित संक्रमणको जोखिमलाई विशेष ध्यानमा राखेर भक्तपुर नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा निजी विद्यालयहरूमा यही चैत्र ६ गतेदेखि नयाँ शैक्षिक सत्र सुरु नभएसम्मका लागि पठनपाठन बन्द हुने भएको छ।



नगर प्रमुख तथा नगर शिक्षा समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा चैत्र ४ गते बसेको बैठकले उक्त निर्णय गरेको नगर शिक्षा अधिकृत हरिप्रसाद निरौलाले बताउनुभयो।

बैठकले बालबालिकाहरूलाई घरमै सुरक्षित रूपमा बस्न तथा अभिभावकहरूलाई रोग संक्रमणको जोखिमबाट सचेत रहन तथा विद्यालयका शिक्षक–कर्मचारीहरूले विभिन्न माध्यमको प्रयोगबाट आफ्ना विद्यार्थी तथा अभिभावकहरूलाई कोभिड १९ रोगबारे सचेतना अभियान सञ्चालन गर्न निर्देशन दिने निर्णय गरिएको बताउनुभयो।

यस अवधिमा दिइएको बिदा शैक्षिक सत्र २०७७ को गर्मी बिदामा समायोजन गर्न समेत बैठकले निर्देशन दिएको छ।

यसअघि विद्यालयमा कक्षा सञ्चालन तथा कोभिड १९ रोगबारे सचेतता जगाउने सम्बन्धमा नगरभित्र सञ्चालित विभिन्न विद्यालय परीक्षा समितिका पदाधिकारीहरू एवम् सरोकारवाला पक्षहरूसँग नगरपालिकाले राय–सल्लाह लिइएको नगरपालिका स्रोतले बताएको छ।

यता सरकारले चैत ६ गतेदेखि शुरु हुने एसइइ परीक्षा, कलेज स्तरीय परीक्षा, खेलकुद प्रतियोगिताहरू पनि स्थगित गरेको छ। साथै २५ जनाभन्दा बढी जमघट नहुन पनि अनुरोध गरिएको छ।

# परीक्षा सञ्चालन गर्ने विषयमा सरोकारवालाहरूको बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा नगरका विद्यालयका विभिन्न परीक्षा समितिका सरोकारवाला पक्ष तथा प्रधानाध्यापकहरूबीच फागुन २१ गते नपाको सभाकक्षमा बैठक सम्पन्न भयो ।

बैठकमा उपस्थित सबैले नेपाल सरकारले आग्रह गरे अनुसार कक्षा ९ सम्मको परीक्षा चैत्र ५ गतेभित्र सम्पन्न हुने गरी अगाडि बढ्न सुझाव दिए ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले विश्वव्यापी रूपमा संक्रमण भइरहेको कोरोना भाइरस रोगबाट बच्न सम्बन्धित संघ–संस्थाहरूले आवश्यक सावधानी र सुरक्षा अपनाउनुपर्ने बताउनुभयो ।

विद्यार्थीमा भएको त्रासबाट मुक्त पार्न विद्यालयहरूले मनोचिकित्सक र स्वास्थ्यकर्मीको समन्वयमा मनोपरामर्शसम्बन्धी चेतनामूलक अभियान सञ्चालनमा जोड दिनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका सम्बन्धित सरोकारवालाहरूको राय–सुझावअनुरूप अगाडि बढ्ने प्रस्ट पार्नुभयो ।



उहाँले भन्नुभयो – 'रोग भएका कारण कोरोनाको त्रास दिन प्रति दिन बढ्दै गएको हुँदा संकटको समयमा आत्तिने र डराउनेभन्दा पनि त्यसबाट बच्ने उपायबारे सजग हुनु आजको आवश्यकता हो ।'

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले कोरोना भाइरस सरुवा रोग भएकैले पनि नागरिकहरू डराइरहेको बताउनुभयो । सीमा जोडिएको देशमा कोरोनाको संक्रमण व्यापक भएकै कारण समयमै आवश्यक सुरक्षा अपनाउनु उपयुक्त हुने बताउनुभयो ।

बैठकमा उपस्थित भक्तपुर नगरका विद्यालयका विभिन्न परीक्षा समितिका सरोकार पक्ष तथा प्रधानाध्यापकले राय–सुझाव प्रस्तुत गर्ने क्रममा मेधा माविका प्रअ गंगाधर हाडाले हतारमा विद्यालयहरूले परीक्षा सञ्चालन गर्न विद्यार्थीहरूलाई परीक्षा तयारीको लागि समय अपुग हुने बताउनुहुँदै कोरोनाको त्रासलाई ध्यानमा राखेर समयमै परीक्षा सञ्चालन गर्नुपर्ने र केही कारणवश परीक्षा छुट्न गएका विद्यार्थीहरूलाई मौका परीक्षाको व्यवस्था पनि गर्नुपर्ने बताउनुभयो ।

इसान भक्तपुर जिल्ला अध्यक्ष पुरुषोत्तम ग्वाछाले परीक्षा तयारीको लागि समय निकै कम भएको औंल्याउनुहुँदै सम्भावित रोगको खतराबाट जोगिन सरकारको निर्देशनलाई पालन गरी निर्धारित समयमै परीक्षा गर्नु उपयुक्त हुने बताउनु भयो ।

एन प्याब्सन भक्तपुरका उपाध्यक्ष पुण्यराम कवांले विद्यार्थी र अभिभावकमा कोरोना भाइरसको त्रास धेरै देखिएको हुँदा विद्यालयहरूमा मनोसामाजिक परामर्शको खाँचो भएको र निर्धारित समयमै परीक्षा सकाउनु उचित हुने बताउनुभयो ।

सैनिक आवासीय महाविद्यालयका शिक्षक विष्णु अधिकारीले कोरोना भाइरस सबैको साझा समस्या भएको बताउनुहुँदै विद्यालयहरूमा हात मिलाउने भन्दा 'नमस्कार' गर्ने परम्परालाई जोड दिनुपर्ने बताउनुभयो ।

बैठक भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष एवम् आधारभूत तह परीक्षा समितिका संयोजक प्रेमगोपाल कर्माचार्य, नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्य, संयुक्त परीक्षा समितिका अम्बिका न्याइच्याई, प्याब्सन भक्तपुरका रमेशचन्द्र श्रेष्ठ, इसानका कृष्णराम त्वानाबासुले पनि आ–आफ्नो राय प्रस्तुत गर्नुभएको थियो ।

**पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।**

# कोरोना भाइरसको संक्रमण विश्वब्यापी

कोरोना भाइरसको संक्रमणलाई विश्वस्वास्थ्य संघले फागुन २८ गते विश्वव्यापी फैलिएको (पान्डेमिक) घोषणा गरेको छ। यो रोग सबै महादेशमा फैलिएको छ।

यस संक्रमणको कारण धेरैमा सन्त्रास फैलिएको छ। तर कुनै पनि रोगको महामारीको बेला डराउनेभन्दा सचेत र सतर्क हुनु आफू बच्ने उत्तम उपाय हो।

**संक्रमणका लक्षण**

१) रुघाका साथै सुख्खा खोकी लाग्ने २) ज्वरो (१००.४°) आउने ३) टाउको दुख्ने ४) घाँटी दुख्ने ५) सास फेर्न अप्ठेरो वा गाह्रो हुने।

**बच्ने उपाय**

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने।
- अंकमाल नगर्ने।
- साबुन पानीले ३० सेकेण्डसम्म (वा १ देखि ५० सम्म गनेर) पटक-पटक हात धुने।
- नधोइएको हातले आँखा, मुख र नाक नछुने।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने।
- रुघा खोकी लागेकासँग एक मिटर टाढा बस्ने।
- ज्वरो-खोकी लागेको मान्छेसँग नसुत्ने, घुलमिल नगर्ने।
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबस्ने।
- भिडभाडमा नजाने।
- जंगली जनावरलाई नछुने।
- बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएरमात्र खाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्र्याएर छेक्ने।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने तुरुन्त चिकित्सक जचाउने।

**हात धुने तरिका**

नियमित रूपमा प्रक्रिया पुऱ्याएर साबुन पानीले राम्ररी हात धुने हो भने कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ।

साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने संक्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै संक्रमणबाट बच्न सकिन्छ। तसर्थ नियमित हात धुने गरौं। (हात धुने तरिका आवरणको अन्तिम पृष्ठमा)

# अत्यावश्यक सामग्री खरिदसम्बन्धी भक्तपुर नपाको सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिएको नोवेल कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर नेपाल सरकारले देशभर लागू गरेको लकडाउन घोषणाको पूर्ण पालना गरौं। आ-आफ्नो घरमा सुरक्षित रूपमा बसेर कोरोनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

दैनिक उपभोग्य खाद्य सामग्रीहरू, तरकारी, फलफूल तथा औषधि पसलहरूमा भीड जम्मा भई कोरोना भाइरस सङ्क्रमणको जोखिम बढेको जनगुनासोलाई ध्यानमा राखेर भक्तपुर नगरपालिका र जिल्ला प्रशासनबीच समन्वय भएअनुसार देहायबमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैमा भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ-

१. खाद्यसा सामग्री तथा औषधि पसलहरू दिनैभरि खुला रहने र भीड जम्मा नभई परिवारको एकजना सदस्यमात्र बाहिर गई एक्लै एक्लै खरिद गर्नुहुन,
२. अत्यवश्यक सामग्री खरिद बिक्री बन्द नहुने हुँदा भीड जम्मा नभई एक जनामात्रै घर बाहिर गई करिब १.० मिटर (३ फीट) को दूरीमा एक्लै खरिद गर्नुहुन,
३. तरकारी बजार बिहान ५.०० बजेदेखि ८:०० बजेसम्म र साँझ ५.०० बजेदेखि ७:०० बजेसम्म एकै ठाउँमा नराखी ठूलो ठाउँमा र धेरै ठाउँहरूमा छरिएर राख्नुहुन,
४. खरिदकर्ताहरूबीच र खरिदकर्ता तथा बिक्रेताबीच आपसमा कम्तीमा १.० मिटर (३ फीट) को दूरी कायम गर्नुहुन,
५. खाद्यान्न वा औषधिजन्य सामग्री कालाबजारी वा मूल्यवृद्धि गर्ने उद्देश्यले गैरकानुनी रूपमा जम्मा नगर्नुहुन।

अति आवश्यक कामले मात्र नजिकको सुरक्षाकर्मीसँग अनुमति लिएर घरबाट बाहिर निस्कनु हुन अनुरोध छ, अन्यथा लकडाउनसम्बन्धी कानुनबमोजिम कडा कारबाही हुने व्यहोरा अवगत गराइन्छ।

कोरोना भाइरस रोगविरुद्धको अभियानमा ऐक्यबद्धता जनाऔं!

**भक्तपुर नगरपालिका**

# रसियाका ख्याति प्राप्त कलाकारहरू भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रसियाबाट आउनुभएका ख्यातिप्राप्त कलाकार तथा खेलाडीहरूलाई फागुन १९ गते भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वारमा स्वागत गर्नुभयो । रसियन सेन्टर अफ साइन्स एन्ड कल्चरका निर्देशक युलिया आन्ड्रोस्भाको नेतृत्वमा आउनुभएको भ्रमण टोलीमा रसियाका ख्यातिप्राप्त कलाकार तथा खेलाडीहरूले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदा क्षेत्रहरूको अवलोकन गर्नुका साथै भक्तपुरको मौलिक हस्तकला, जीवनशैली, रहनसहनको स्थलगत अवलोकन गर्नुभयो ।

टोलीलाई स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरको परिचय दिनुहुँदै नेपाल र रुस दूरीमा धेरै टाढा भए पनि नेमकिपाले लेनिनवादी विचारलाई अंगाल्दै देशमा समाजवाद स्थापनाको लागि कार्यरत रहेको बताउनुभयो ।

भक्तपुरवासी जनतालाई सुविधा दिन शिक्षा र स्वास्थ्यमा भक्तपुर नगरपालिकाले जोड दिइरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरेर सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'यो सांस्कृतिक नगरमा धेरै मूर्त र अमूर्त सम्पदाहरू छन् । नगरपालिकाले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नारा दिएर कला–संस्कृतिको संरक्षण गर्दै आएको छ । २०७२ सालको भूकम्पले यहाँका ११५ भन्दा बढी सम्पदाहरू ८ हजारभन्दा बढी घरहरूमा क्षति पुगेकोमा हाल ९० भन्दा बढी सम्पदाहरू पुन:निर्माण गरिसकेको र क्षतिग्रस्त घरहरू तीव्र गतिमा निर्माण भइरहेका छन् ।'

नगरपालिकाले खेलकुदलाई पनि विशेष जोड दिइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले हालैमात्र अन्तरनगर खेलकुद प्रतियोगिता सम्पन्न गरिसकेको र बक्सिङ, कराँते, जिम्नास्टिक, भलिबल, फुटबल, टेबुलटेनिसलगायतका खेलहरूको नियमित प्रशिक्षण दिँदै आएको बताउनुभयो ।

भेटमा नेपाल भ्रमण वर्ष २०२० सचिवालयका सदस्य सचिव बच्चुनारायण श्रेष्ठ, रुसी सांस्कृतिक केन्द्रका प्रमुख, रसियन सेन्टर अफ साइन्स एन्ड कल्चरका निर्देशक युलिया आन्ड्रोस्भा, भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवालगायतले पनि बोल्नुभएको थियो ।

## बसिबियाँलोको उत्तर



# स्थायी कर्मचारीहरूलाई नियुक्ति पत्र प्रदान

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका २१ स्थायी नवनियुक्त नर्स, डाक्टर तथा कर्मचारीहरूलाई केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले फागुन १८ गते शपथ ग्रहणसहित स्थायी नियुक्ति पत्र प्रदान गर्नुभयो ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका आयोजनामा भएको शपथ ग्रहण कार्यक्रममा बोल्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले केन्द्र सञ्चालनका क्रममा रहेका अप्ठ्यारा परिस्थितिका बाबजुद स्थापना भएको सात वर्षको समयमा देशकै उत्कृष्ट प्रत्यारोपण केन्द्र बनेकोमा खुशी व्यक्त गर्नुभयो ।

सरकारी अस्पतालहरूमा हुने सेवा प्रवाह र कार्यशैलीप्रति जनताको गुनासोलाई न्युन गर्ने ढंगले काम गर्न अभिप्रेरित गर्नुहुँदै प्रमुख प्रजापतिले जनताको नि:शुल्क उपचार सेवा कानुनी बन्दोबस्तमा नै उल्लेख हुनुपर्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाले क्यान्सर, मस्तिष्क घात, मृगौला र मुटु रोगीलगायतका कडा रोग लागेका नगरवासी बिरामीहरूलाई रु. १०,०००।– आर्थिक सहयोग प्रदान गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नपाले १४ वटा ठाउँमा नि:शुल्क व्यायामशाला राखिसकेको बताउनुभयो ।

केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले स्थायी कर्मचारी प्राप्त भइसकेपछि केन्द्रले मृगौला रोगीहरूको उपचारमा नयाँ इतिहास रच्नेमा विश्वास व्यक्त गर्नुभयो ।

स्थायी नियुक्ति प्राप्त कर्मचारीहरूलाई नि:शुल्क उपचार सेवा प्रदान गर्ने बताउनुहुँदै केन्द्र स्थापनाको सात वर्षमा ७०० वटा मृगौला प्रत्यारोपण भइसकेको र प्रत्येक वर्ष केन्द्रले १०० वटा मृगौला प्रत्यारोपण गरिरहेको अवगत गराउनुभयो ।

केन्द्रका प्रा.डा. राकेशकुमार बर्माले स्थायी पदपूर्ति भएका कर्मचारीलाई बधाईज्ञापन गर्नुहुँदै कर्मचारीहरूलाई इमानदारीपूर्वक कठोर अनुशासनमा बसेर देश र जनताको हितमा केन्द्रित भएर काम गर्न मार्गनिर्देशन गर्नुभयो । उहाँले केन्द्रद्वारा प्रवाहित सेवा सुविधाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा ख्याति कमाइरहेको छ भन्नुभयो ।

केन्द्रका नर्सिङ इन्चार्ज कोपिला दाहालले विगतका दिनमा केन्द्रमा कार्यरत कर्मचारीहरूले धेरै समस्याहरू सामना गर्नुपरेको बताउनुहुँदै नवनियुक्त कर्मचारीहरूले सरकारी सेवा–सुविधा प्राप्त गर्ने र संस्थाप्रतिको सेवाभावलाई ध्यानमा राखेर निस्वार्थ रूपमा सेवा गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा केन्द्रका डा. कल्पना श्रेष्ठ र प्रान प्रमुख भानुभक्त न्यौपानेले केन्द्रबाट प्रवाहित सेवासुविधाबारे अवगत गराउनुहुँदै मृगौला प्रत्यारोपणमा नेपालकै पहिलो उत्कृष्ट केन्द्र भएको र केन्द्रले मुटु शल्यक्रिया पनि छिट्टै सञ्चालनमा ल्याउने तयारीमा जुटिरहेको बताउनुभयो ।

## दादुरा–रुबेला खोप अभियानबारे अभिमुखीकरण



नगरपालिकास्तरीय दादुरा–रुबेला खोप अभियानबारे अभिमुखीकरण कार्यक्रम (फागुन २८ गते)

# नगरमा शैक्षिक गतिविधि

**बाल विकास इङलिश सेकेन्डरी स्कूल**

## ज्येष्ठ नागरिक सम्मानित

बाल विकास इङलिश सेकेन्डरी स्कूलको ३२ औँ वार्षिकोत्सव समारोहमा सयजना भन्दा बढी ज्येष्ठ नागरिक सम्मानित भएका छन् । उक्त स्कूलले फागनु १७ गते आयोजित हजुरबुबा–हजुरआमा सम्मान कार्यक्रममा शिक्षासेवी, समाजसेवी एवं नेमकिपाका पूर्व केन्द्रीय सदस्य बुद्धिकुमार गोसाईलगायत विद्यार्थीका ७५ वर्षमाथिका १०१ जना हजुरबुबा–हजुरआमाहरूलाई दोसल्ला ओढाई उपहारसहित सम्मानित गरेको हो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं बाल विकास इङलिश सेकेन्डरी स्कूलका संस्थापक सदस्य सुनिल प्रजापतिले हजुरबुबा–हजुरआमाहरूलाई सम्मानित गर्नुहुँदै पुरानो पुस्तालाई आदर र हेरचाह गर्ने हाम्रो राम्रो संस्कार नयाँ पुस्तालाई सिकाउँदै जानुपर्ने बताउनुभयो ।

शिक्षाको माध्यमले समाज परिवर्तन गर्ने उद्देश्यले ३२ वर्ष अगाडि विद्यालय स्थापना गरेको बताउनुहुँदै उहाँले विद्यालयमा अध्ययन गरेका धेरै विद्यार्थीहरू डाक्टर, इन्जिनियर, प्राध्यापक, वैज्ञानिक, शिक्षक, नर्स, राष्ट्रसेवक कर्मचारी आदि बनेको जानकारीले सन्तोष मिलेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरलाई ऐतिहासिक सम्पदा, शिक्षा र पर्यटनको गन्तव्य बनाउने ध्येयले नेपाल मजदुर किसान पार्टीको नीति र निर्देशनअनुसार काम गरिरहेको स्पष्ट पार्नुहुँदै त्यसमा सम्पूर्ण विद्यालय, शिक्षक–शिक्षिका, अभिभावक र विद्यार्थीहरूको सहयोग अपेक्षित छ भन्नुभयो ।

कार्यक्रममा स्कूलका प्रिन्सिपल एवं बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले अग्रज पुस्ताको सम्मान गर्न नजान्ने समाजले साँचो अर्थमा प्रगति गर्न नसक्ने औँल्याउनुहुँदै हजुरबुबा–हजुरआमा सम्मान कार्यक्रम विद्यार्थीहरूलाई सिकाउने प्रक्रियाकै एउटा भाग भएको बताउनुभयो ।

देश शासकहरूकै अदूरदर्शिता र देशघाती नीति निर्णयका कारण खतरामा पर्दै गएको औँल्याउनुहुँदै विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थीहरूले शिक्षाको साथसाथै देश र समाजको बारेमा चिन्तन र छलफल गर्न आवश्यक छ भन्नुभयो ।

हामीले नयाँ पुस्तालाई शिक्षा दिएर विदेशमा भासिने, नेपालको नागरिकता त्यागेर विदेशी नागरिक बन्न जाने र विदेशीकै सेवा गर्ने जमात तयार गर्नेभन्दा देश, जनता, समाज र माटोको सेवा गर्ने देशभक्त नागरिक तयार गर्न आवश्यक छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशका सांसद सृजना साँयजूले देशको सार्वभौमिकता खतरामा परेको बेला पारिवारिक र पेशागत जिम्मेवारीभन्दा माथि उठेर देशको निम्ति आन्दोलित हुनुपर्छ भन्नुभयो ।

संरा अमेरिकाको डलरले संसारमा कुनै देश विकास नभएको बरू ध्वंश र बर्बाद भएको बताउनुहुँदै उहाँले एमसीसी परियोजनाका नाममा शासकहरूले देशको सार्वभौमिकता संरा अमेरिकी संस्था – एमसीसी र भारतलाई बुझाउन तयार भइरहेको बताउनुभयो ।

उहाँले एमसीसी सम्झौता सङ्घीय संसद्बाट पारित हुन नदिन सबैले आ–आफ्नो स्थानबाट शासक पार्टीहरूमाथि दबाब सिर्जना गर्नुपर्छ भन्नुभयो ।

साम्राज्यवादीहरू कहिल्यै दयावान र सहानुभूतिशील नहुने चर्चा गर्नुहुँदै सांसद साँयजूले छिमेकी देश चीन कोरोना भाइरसको संक्रमणविरूद्ध लडिरहँदा साम्राज्यवादी र प्रतिक्रियावादीहरू चीन सरकार र चीनको समाजवादविरूद्ध भ्रामक प्रचारबाजीका माध्यमबाट हमला गरिरहेका छन् भन्नुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले



अभिभावकहरूले राम्रो विद्यालयको मापन गर्दा भौतिक पूर्वाधार र सुविधा धेरै भएका विद्यालय छान्नुमात्र सही नहुने बरू बालबालिकालाई के-कस्तो विचार र व्यवहार सिकाइरहेको छ त्यसमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले राम्रो विचार र व्यवहार सिकेर आएका विद्यार्थी जीवनमा सफल हुने र देश र समाजको सेवा गर्नसक्ने हुन्छन् भन्नुभयो । उहाँले हजुरबुबा-हजुरआमा सम्मान कार्यक्रमले विद्यार्थीहरूलाई पुरानो पुस्ताको सम्मान गर्न सिकाउने विश्वास व्यक्त गर्नुभयो ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का केन्द्रीय अध्यक्ष प्रेमजन थापा श्रेष्ठले कम शुल्कका गुणस्तरीय शिक्षा दिइरहेका इसान आवद्ध विद्यालयहरूमध्ये बाल विकास स्कूलले धेरै राम्रो प्रगति गरिरहेको बताउनुभयो ।

उहाँले स्कूलहरूले विद्यार्थीको शैक्षिक उन्नयनका लागि मात्र नभई बौद्धिक, शारीरिक र सृजनात्मक प्रतिभाको विकासका लागि काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सभापतिको आसनबाट स्कूल व्यवस्थापन समितिका अध्यक्ष एवं शिक्षासेवी मोहनप्रसाद प्रजापतिले अभिभावकका राम्रा र नराम्रा व्यवहारको प्रभाव बालबालिकामा पर्ने तथ्य औँल्याउनुहुँदै अभिभावकहरूले आफ्नो बोली र व्यवहार सुधार्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा शिक्षिका सीता प्रजापति, शंकर आचार्य र शिक्षिका मनिषा श्रेष्ठले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका विभिन्न कक्षाका विद्यार्थीहरूले देशभक्तिपूर्ण तथा हृदयस्पर्शी गीत, नृत्य तथा नाटिकाहरू प्रस्तुत गरेका थिए । विद्यार्थी तथा शिक्षिकाहरूले चिनियाँ भाषाका गीतमा आकर्षक नृत्यहरू प्रस्तुत गरेर कोरोना भाइरसको संक्रमणविरूद्ध लडिरहेको छिमेकी देश चीन र चिनियाँ जनताप्रति ऐक्यबद्धता तथा सहानुभूति व्यक्त गरेका थिए ।

### शान्ति निकेतन मावि

## शिक्षाले समानता ल्याउनु पर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यमान सरकारी र निजी विद्यालयकै कारण सामुदायिक विद्यालयको स्तर खस्किएको बताउनुभयो ।

भक्तपुरको राममन्दिरस्थित शान्ति निकेतन माविको स्वर्ण जयन्तीको अवसरमा फागुन १७ गते आयोजित कार्यक्रममा प्रमुख प्रजापतिले शिक्षा नीतिको कमजोरीको कारण सरकारी स्कूलहरू झन्झन् बिग्रँदै गएको बताउनुभयो ।

प्रमुख प्रजापतिले शिक्षा नीतिकै कारण निजी लगानीमा सञ्चालित स्कूलहरू फस्टाउँदै गएको र निजी विद्यालयका सञ्चालकहरू बलिया हुँदै गएको भन्नुहुँदै शिक्षाले समानता ल्याउनुपर्नेमा देशमा विद्यमान व्यवस्थाको कारण दुई प्रकारका नागरिक तयार हुँदै गएको पनि बताउनुभयो ।

'घाम एउटै, पानी एउटै तर शिक्षा किन फरक भो ? यहाँ हुने खानेले पढ्ने र हुने खानेले पढ्ने स्कुल फरक छ ।' प्रमुख प्रजापतिले भन्नुभयो, 'एउटा शिक्षाले मालिक बन्ने, अर्कोले खरिदार बन्ने शिक्षा दिइरहेको छ, यो सबै हुनुको कारण शिक्षा नीतिकै कमजोरी हो ।'

कार्यक्रममा प्रमुख प्रजापतिले शिक्षासँगै सन्तानलाई संस्कार दिन जरुरी रहेको बताउनुहुँदै संस्कार दिनका लागि अभिभावक वर्ग नै सचेत र सजग हुन जरुरी रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख खेमराज पोखरेलले भक्तपुरका केही राम्रा सामुदायिक विद्यालयले शिक्षामा गरेको प्रगतिले सामुदायिक विद्यालयको साख जोगिएको बताउनुहुँदै भक्तपुरमा बढ्दो अस्थायी बसोबासले विद्यालयहरूमा ड्रप आउटको समस्या देखिन थालेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक महेन्द्रगोपाल कर्माचार्यले विद्यालयले शैक्षिक क्षेत्रमा गरिरहेको प्रयास, अभ्यास र शिक्षा क्षेत्रमा पाएको उपलब्धि तथा सफलताबारेमा जानकारी दिनुहुँदै विद्यालयलाई अझ प्रभावकारी तवरले सञ्चालन गर्ने योजना रहेको बताउनुभयो ।

विद्यालयको स्वर्ण जयन्तीको अवसरमा शैक्षिक सत्र २०७६ का वर्ष अभिभावकको रूपमा सानुमाया तामाङ र वर्ष विद्यार्थीका रूपमा विवेकलाई सम्मान गरेको छ भने निबन्ध प्रतियोगिता तथा स्थानीय खेल कसिमला पायँ खेलका उत्कृष्ट विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा शान्ति निकेतन मावि पूर्व विद्यार्थी समाजले विद्यालयका पूर्व प्रधानाध्यापकद्वय रमालक्ष्मी प्रजापति र मिनाक्षीलक्ष्मी प्रजापति, शिक्षकहरू धनञ्जय शर्मा, बालमुकुन्द श्रेष्ठ, धर्तीमाया सुजखु, सविना किबाछैं, चन्द्रकान्त प्रजापति, ज्योति प्रजापति, महेश प्रजापति, सीताराम प्रजापति र रामद्वारिका साखलाई दोसल्ला ओढाएर सम्मान पत्रका साथ सम्मान गरिएको थियो ।

### सेकरिड हार्ट एकेडेमी

## असल र सभ्य नागरिक तयार गर्नुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सेकरिड हार्ट एकेडेमीको अभिभावक दिवस, पुरस्कार वितरण एवम् सांस्कृतिक कार्यक्रम फागुन २२ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले विद्यालयले आयोजना गरेको पुरस्कार वितरण र सम्मानले विद्यार्थी र शिक्षकमा उत्साह थपेको बताउनुभयो ।

सबै क्षेत्रमा महिलाहरूको सहभागिता उल्लेख्य हुनु सकारात्मक भएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरू अध्ययनसँगै अतिरिक्त क्रियाकलाप, खेलकुद र सांस्कृतिक

क्रियाकलापमा सरिक हुनुपर्ने बताउनुभयो ।

भक्तपुरको मौलिक कला, संस्कृति र पहिचानबारे विद्यार्थीलाई सिकाउने काम विद्यालयले गर्नुपर्ने बताउनुहुँदै उहाँले देशको संस्कृति लोप हुनु भनेको हाम्रो पहिचान गुम्नु हो र विदेशी संस्कृतिले प्रश्रय पाउनु हो भन्नुभयो । नयाँ पुस्ताका विद्यार्थीहरूलाई साम्राज्यवादको विरुद्ध संघर्ष गर्न सिकाउनुपर्छ भन्नुहुँदै प्रमुख प्रजापतिले असल र सभ्य नागरिक तयार गर्न आह्वान गर्नुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले



विद्यालय, अभिभावक र विद्यार्थीको त्रिपक्षीय भूमिकाले नगरको शैक्षिक स्तर विकासमा टेवा पुग्ने बताउनुहुँदै कोरोना भाइरसबाट बच्न सरसफाइमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा क्वालिटी इङ्गलिस स्कुलका प्रअ जीबी खड्काले विदेश जाने विद्यार्थी उत्पादन नहोऊन् भन्नेतिर विद्यालय सजग हुनुपर्ने र संस्कारजन्य शिक्षा दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पारागन एकेडेमीका प्रअ पुन्यराम कवां, कार्यक्रमका सभापति एवम् विद्यालयका प्रअ. श्रीराम सुवाल, पत्रकार विकास देव योन्जनलगायतले पनि आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले विद्यालयका शिक्षक-शिक्षिका र उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## वागीश्वरी र सरस्वतीलाई बस

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट संचालित सामुदायिक विद्यालय बस सेवा कार्यक्रमअन्तर्गत भक्तपुरको वागीश्वरी माविले बस अनुदान प्राप्त गर्ने भएको छ । मन्त्रालय, सम्बन्धित स्थानीय सरकारका प्रतिनिधि र विद्यालयबीच हेटौंडास्थित मन्त्रालयको सभाकक्षमा फागुन २४ गते त्रिपक्षीय रूपमा सम्पन्न हस्ताक्षर एवं अनुदान सम्झौता कार्यक्रममा भक्तपुरका वागीश्वरी मावि, च्याम्हासिंह र सरस्वती मावि, थाकलमथलगायत २५ वटा विभिन्न सामुदायिक विद्यालयहरूलाई बस प्रदान गर्ने घोषणा गरिएको हो ।

सामाजिक विकास मन्त्री युवराज दुलालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर विद्यालयको तर्फबाट व्यवस्थापन समितिका अध्यक्ष एवं वडाध्यक्ष रविन्द्र ज्याख्वले र नगरपालिकाको तर्फबाट कार्यपालिका सदस्य छोरीमैया सुजखूले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

कार्यक्रममा मन्त्री दुलालले प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरूमा ६ हजार ९ सय वटा सामुदायिक विद्यालयहरू रहेको उल्लेख गर्नुहुँदै राज्यको लगानीमा स्थापित विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी अभिभावकहरूमा सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन सरकारले विशेष अभियान संचालन गरिरहेको बताउनुभयो । उहाँले नेपालमै पहिलो पटक सरकारको तर्फबाट आफ्नो वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरेर सामुदायिक विद्यालयलाई बस सेवा प्रदान गर्न लागेको बताउनु भयो ।

प्रदेश सरकारकै तर्फबाट हाल १२१ वटा सामुदायिक विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम संचालन प्रारम्भ गरेकोमा सबैबाट सकारात्मक प्रतिकृया आएपछि कार्यविधि पारित गरी सबै विद्यालयमा आगामी आवबाट उक्त कार्यक्रम लागू गर्ने तयारी भइरहेको समेत उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयका सचिव गोकर्ण मणी दुवाडीले प्रदेशभित्रका १ हजार ५ सयवटा विद्यायलहरूबाट बस सेवा प्राप्तिका लागि आवेदन परेकोमध्ये १० जिल्लाका उत्कृष्ट २५ वटा विद्यालयहरू छनौट गरी बस सेवा सम्झौता गरिएको बताउनुभयो । उहाँले सामुदायिक विद्यालयप्रति अभिभावकहरूको आकर्षण वृद्धि गर्नु



अझै पनि चुनौतिपूर्ण रहेको चर्चा गर्नुहुँदै शिक्षा क्षेत्रमा निजी लगानीलाई क्रमशः न्यूनीकरण गरी सामुदायिक विद्यालयको स्तरोन्नतीको विकल्प नरहेको बताउनुभयो ।

सामाजिक विकास महाशाखा प्रमुख दिपेन्द्र सुवेदीले विद्यालय बस सेवा कार्यक्रमअन्तर्गत छनोट भएका विद्यालयहरूलाई मन्त्रालयको तर्फबाट एकमुष्ट २५ लाख रूपैयाँ प्रदान गर्ने र बस खरिदका लागि कर छुटको व्यवस्था मिलाइदिने जानकारी दिनुभयो । कम्तिमा ४२ सिट क्षमताको बस खरिद प्रकृया भने सम्बन्धित विद्यालयले नै अघि बढाउनुपर्ने उहाँको कथन थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापकहरूको प्रतिनिधित्व गर्दै वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छाले सामुदायिक विद्यालयप्रति अभिभावकहरूको विश्वास बढाउने अभियान स्वरूप प्रदेश मन्त्रालयले बस सेवा प्रदान गर्न लागेकोमा धन्यवाद ज्ञापन गर्नुभयो। स्थानीय राजनैतिक अग्रजहरूको साथ, अभिभावकहरूको सहयोग र विद्यालयका शिक्षक कर्मचारीहरूको अथक मिहिनेतको प्रतिफल स्वरूप हाल वागीश्वरी माविमा ३ हजार ३ सयभन्दा बढी विद्यार्थी सङ्ख्या रहेको र यो वर्ष विद्यालयबाट २५८ जना विद्यार्थीहरूले एसइइ परीक्षा दिने तयारी गरिरहेको अवगत गराउनुभयो। उहाँले विद्यालयको आफ्नै स्रोतले एउटा बस खरिद गरी संचालन गरिरहेको र तत्कालीन उच्च मावि शिक्षा परिषद्ले समेत विद्यालयलाई एउटा बस उपहार प्रदान गरेको जानकारी दिनुहुँदै प्रदेश सरकारबाट प्राप्तहुने बस सेवाले विद्यालयको प्रगतिमा थप सहयोग पुग्ने विश्वास व्यक्तगर्नुभयो।

कालिका गाउँपालिकाका अध्यक्ष सीताकुमारी पौडेल अधिकारी र सेतीदेवी मावि, सिन्धुपाल्चोकका कृष्णप्रसाद सिवाकोटीले प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास र शैक्षिक स्तरोन्नतीका लागि स्थानीय सरकारहरूलाई आवश्यक बजेट पठाउने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सहभागी विद्यालयका प्रतिनिधिहरू प्रदेश सरकारबाट प्राप्तहुने बस अनुदानबाट खुशी देखिए पनि बस खरिद प्रकृयाबारे अन्यौलता व्यक्त गर्दै थिए। त्यस्तै विकट ठाउँका विद्यालयहरूले बस सेवा संचालन गर्न चुनौतिपूर्ण हुने धारणा पनि व्यक्त भएको पाइयो। 'सामुदायिक विद्यालयलाई प्रदान गरिएको बस कहीं सेतो हात्ती पाल्ने जस्तै दुःख हुने त होइन ?' केही विद्यालयका प्रअहरूले शंका व्यक्त गरिरहेका थिए।

## नगर प्रमुख प्रजापतिद्वारा कक्षा ८ को आधारभूत परीक्षा निरीक्षण

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, नगर शिक्षा शाखा भक्तपुरका प्रतिनिधि, संयुक्त परीक्षा समितिका सदस्य सम्मिलित टोलीले कक्षा ८ को परीक्षाको परीक्षा केन्द्रहरूको स्थलगत निरीक्षण।

परीक्षा केन्द्रको स्थलगत निरीक्षण गर्ने क्रममा चैत्र २ गते भक्तपुर नपा वडा नं. १ स्थित सैनिक आवासीय महाविद्यालयको स्थलगत निरीक्षण गर्नुभयो।

निरीक्षणको क्रममा नगर प्रमुख प्रजापतिले देशभरिका सैनिक विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिहरूसँग भेलामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाद्वारा नगरभित्रका सार्वजनिक तथा निजी विद्यालयहरूमा सञ्चालित शैक्षिक कार्यक्रम तथा योजनाहरूबारे प्रष्ट पार्नुभयो। उहाँले भक्तपुर नपाले कक्षा १ र ६, २ र ७ को स्थानीय पाठ्यक्रम सबै विद्यालयमा लागु गरिसकेको र कक्षा ३ र ८ प्रकाशनको अन्तिम चरणमा पुगिसकेको अवगत गराउनुभयो।



उहाँले स्थानीय पाठ्यक्रममार्फत नेपाल भाषा लिपी, सम्पदाको महत्त्व, स्थानीय खेल, खानाका परिकारलगायतका विषयमा विद्यार्थीहरूलाई अध्यापन गर्दै आएको र युवा-विद्यार्थीहरूलाई विभिन्न भाषा सिकाउने उद्देश्यले जापानी र चिनियाँ भाषाको कक्षा सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

सामुदायिक र निजी विद्यालयको शैक्षिक गुणस्तरको भेद हटाउन नगरपालिकाले ती विद्यालयहरूमा विभिन्न तालिम तथा योजनाहरू अगाडि सारिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सार्वजनिक जग्गाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा भक्तपुर नपाले आवश्यक पहलकदमी लिइरहेको र भक्तपुरको रानीपोखरीको पुनःनिर्माण कार्य द्रुत गतिले अगाडि बढिरहेको छ भन्नुभयो।



;]gs lj Bfnosf kC / k|tlglw?sf] e]nf

उक्त निरीक्षणमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नगर शिक्षा प्रमुख हरिप्रसाद निरौला, नगर शिक्षा शाखा भक्तपुरका कृष्णप्रसाद कर्माचार्यको सहभागिता थियो।

विश्वभर फैलिएको कोरोना भाइरस संक्रमणका कारण कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा २०७६ चैत्र ५ गतेभित्र सम्पन्न हुने गरी भक्तपुरका सबै विद्यालयहरूमा सञ्चालन भइरहेको छ।

# जगाति र च्याम्हासिंहमा औषधि पसल अनुगमन

कोभिड १९ संक्रमणको कारणले बजारमा देखिएको माक्स अभाव र औषधिको अभाव देखाई कालाबजारी गर्ने र चर्को मूल्यमा बेच्ने कार्य भएको समाचारलाई दृष्टिगत गरी भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा जगाति र च्याम्हासिंहमा फागुन २९ गते औषधि पसलहरू अनुगमन गरियो ।

अनुगमनमा तापक्रम मिलाई राख्नु पर्ने औषधिको लागि फ्रिज राख्नु पर्ने, पसलमा बस्ने औषधि व्यवस्था विभागको अनुमति प्रमाणपत्र भएको हुनुपर्ने, क्लिनिक पनि संचालन गर्ने भए छुट्टै दर्ता गर्नु पर्ने, कोरोना भाइरसको त्रासदीको अवस्थामा कस्ता बिरामीहरू आएको, औषधि अभाव हुन नदिन आवश्यकताभन्दा बढी औषधि बिक्री वितरण नगर्न र औषधि बिक्री गर्दा बिल दिने व्यवस्था गर्न सुझाव दिनुका साथै लागु औषधि बिक्री वितरणबारे जानकारी लिएको अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

त्यस्तै एक पसलमा म्याद नाघेको औषधिहरू भि-मेट ५०० दुई बट्टा र मेटा-एच ८५० दुई पाकेट बरामद गरी नष्ट गर्न वा फिर्ता दिन र म्याद नाघेको औषधि हप्तैपिच्छे कम्प्युटर प्राणालीबाट चेकजाँच गर्ने व्यवस्था गर्न सुझाव दियो ।

यातु औषधि पसल दर्ता नभएकोले तीन दिन भित्र दर्ता गर्न, च्याम्हासिंह मेडिकल हल पसल दर्ता नविकरण गर्न अनुगमनमा भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी हवल्दार नानु लामा र लालबहादुर लामा, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, राष्ट्रिय उपभोक्ता मञ्च, जिल्ला जनस्थास्थ्य भक्तपुरका प्रतिनिधिको सहभागी थिए ।

त्यस्तै फागुन ३० गते भक्तपुर नपा अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा दूधपाटीमा औषधि पसलहरू अनुगमन गरियो ।

अनुगमनमा बजारमा कोभिड १९ हातबाट सर्न नदिन प्रयोग गर्ने सानिटाइजर अहिले बजारमा नयाँ निस्केको हाण्ड सानिटाईजर जेल नभएको र लगाउँदा तुरुन्त सुक्नु पर्नेमा त्यस्तो नभएको, पानी र स्पिरिट मिलाएर मात्र बनाएको नक्कली भनी गुनासो आएकोले नमुना परिक्षणको लागि पचास मिलिलिटरको एक वटा स्याम्पल लिएर सम्बन्धित कम्पनीलाई नगरपालिकामा हाजिर हुन निर्देशन दिएको संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

त्यस्तै औषधि अभाव हुन नदिन आवश्यकता भन्दा बढी बिक्री वितरण नगर्न, औषधि बिक्री गर्दा बिल दिने व्यवस्था गर्न, पसलमा बस्ने औषधि व्यवस्था विभागको अनुमति प्रमाणपत्र भएको हुनुपर्ने, म्याद नाघेको औषधिको जनाउ दिने कम्प्युटर प्रणालीको व्यवस्था गर्नु पर्ने सुझाव दिनुका साथै भक्तपुर नपामा एक नाममा दर्ता गरी अर्को नामबाट सञ्चालन गर्नेलाई दर्ता प्रमाण पत्रमा नाम सच्याउन भनिएको छ ।

अनुगमनमा भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी हवल्दार सिताराम नेपाल र अंगराज परियार, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, जिल्ला स्थास्थ्य कार्यालय भक्तपुरका योगिता खनाल र राष्ट्रिय उपभोक्ता मञ्चका प्रतिनिधिको सहभागीता थियो ।

## कोरोना संक्रमितका लागि छुट्टै बेडको व्यवस्था गर्न

# भक्तपुर नगरपालिकाद्वारा अनुरोध

भक्तपुर नगरपालिकाबाट नगर क्षेत्रभित्र सञ्चालित ६ वटा स्वास्थ्य संस्थाहरू – भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र, डा. ईवामुरा मेमोरियल अस्पताल, सिद्धि स्मृति महिला तथा बाल अस्पताल र जनस्वास्थ्य केन्द्रलाई कोरोना (कोभिड-१९) को संक्रमण प्रति सजगता, रोकथाम तथा नियन्त्रणको लागि छुट्टै बेडको व्यवस्था मिलाउने सम्बन्धमा पत्राचार गरिएको छ । पत्रमा कोभिड-१९ को संक्रमण विश्वव्यापी रूपमा फैलिने क्रममा रहेको र छिमेकी मुलुकमा यसको प्रभावको कारण नेपाल पनि सम्भावित जोखिम क्षेत्रमा रहेको हुँदा यस रोगको संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रणको लागि यस नगरपालिका क्षेत्रभित्र रहेका सबै अस्पताल, स्वास्थ्य केन्द्रहरूमा उपलब्ध क्षमतालाई ध्यानमा राखी आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी आवश्यक न्यूनतम मात्रामा छुट्टै बेडको व्यवस्था मिलाउन र विरामीहरूको प्रारम्भिक जाँच, परीक्षण गर्ने र सघन जाँच परीक्षण गर्नुपर्ने देखिएमा प्रादेशिक तथा केन्द्रीय अस्पतालहरूमा रिफर गरी पठाउने व्यवस्था गर्न तथा कोभिड-१९ को संक्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रमहरु संचालन गर्न पनि अनुरोध गरिएको छ ।




सन् १९७२ मार्च अर्थात ४८ वर्ष पहिले भक्तपुरको इताछेँको न:पुखुदेखि कमलविनायकको बाहरे पुखुसम्मको विहंगम दृश्य । तस्बिर - इन्टरनेट

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (५)

**परिच्छेद - २...**

**९. सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने :**

(१) प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्त्व, पुरातात्त्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसको लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा भएका सांस्कृतिक वा पर्यटकीय क्षेत्रको विकासको लागि प्रदेश सरकारले विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

**१०. नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नु पर्ने :** नेपाल सरकारले देहायको विषयमा भएको निर्णयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ –

(क) गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या र सिमाना निर्धारण तथा सोको हेरफेर,

(ख) गाउँपालिका तथा नगरपालिकाको नाम तथा सोको हेरफेर,

(ग) गाउँपालिका तथा नगरपालिकाको वडा सङ्ख्या, चारकिल्ला खुलेको सिमाना निर्धारण, सोको हेरफेर,

(घ) गाउँपालिका तथा नगरपालिकालाई एकआपसमा गाभिएको,

(ङ) नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाको घोषणा ।

## परिच्छेद-३

## गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार

**११. गाउँपालिका तथा नगरपालिकाको अधिकार :**

(१) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

**क. नगर प्रहरी**

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्ने –

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य ।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

**ग. एफ.एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।(क्रमशः)



## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 47

CHAPTER XXIII

## PLOTS AGAINST BHIM SEN

In March 1838 Martabar Singh was sent into a sort of honourable exile, being deputed on a secret or confidential mission to Ranjit Singh, the nature of which mission was never accurately known. In May he was arrested by the British authorities as he was attempting to dross the Satlaj at night. At the end of the year he was released by the British and allowed to proceed on his journey to Lahor. As, however, he was suspected of intriguing against us, he was surrendered to our authorities by Ranjit Singh, who openly and indignantly disavowed all negotiations with Nipal, and for some years he lived within our territories, at Simla and elsewhere, under our surveillance. Ragunath Pandit, finding himself unsupported by the King, resigned the Premiership, which was conferred nominally on Pushkar Sah Chautria (who had just returned from the embassy to Pekin), but actually upon his colleague, llanjang Pandi, in whom all real authority was vested.

The Pandis* were now in the full possession of power; they had gained over the King to their side by flattering his weaknesses. The Maharani had ever been a firm supporter of their party; and they endeavoured to secure popularity in the army by promises of war and plunder. Their accession to power — after a thirty years' banishment to their hill estates, or exile at Benares — occurred just at the time when British power in the plains wag in a most disturbed state. It appeared not unlikely that the British were over-matched in their contests in China and Afghanistan, and the Darbar naturally felt inclined to take advantage of our supposed difficulties in order to advance their own interests.

Secret communications were accordingly kept up with various parts of India, especially with the Courts of Ava, Pekin, and Lahor. At the same time the Darbar appeared to be preparing for hostilities; and now that the Pandis were in the full possession of power, they greatly strengthened all the frontier posts with supplies of soldiers, guns, and ammunition. Although these apparently hostile preparations had probably no definite object, beyond that of placing the Nipalese on good vantage ground in case of any misfortune or important reverse befalling the British power in the plains, yet the British Government deemed it prudent to form a corps of observation on the frontier, as well to show the Nipalese that we were always prepared and had spare troops at our disposal, as to protect our subjects on the border in case of any actual aggression. A corps of observation was accordingly ordered in 1838 to assemble, under Colonel Oglander, to watch the Nipal frontier. This decisive measure at once brought the Darbar to a sense of their real position, and for a short time they assumed a more courteous and friendly bearing towards us.

## PLOTS AGAINST BHIM SEN

At the beginning of 1839 Ranjang Pandi was made sole Minister, to the§ great disgust of the Chautrias and other influential chiefs, as well as of the people generally, by whom he was detested. The persecutions of the Thappas were again revived, and the charge of poisoning the young prince in 1837 was brought forward against Bhim Sen. This veteran statesman, who was the only remaining obstacle in the path of the Pandis, would have been at once cut off; but the Rajah and the Pan dis were afraid that, in that case, Martabar Singh would openly go over to the English, in whose power lie was. Ranjang accordingly tried to lure back Martabar Singh by specious promises, in order that, once having him in his power, both uncle and nephew might be destroyed together. Foiled in this scheme by Martabar's sagacity, who detected the plot against him, Ranjang had the charge of poisoning the young prince openly revived against Bhim Sen, and forged papers and evidence were produced professing to criminate him. The old man defended himself, in open Darbar, with great spirit, asking why, if this evidence were really true, it had not been produced in 1837; and denouncing the papers as forgeries, he demanded to be confronted with his accusers. His appeal was of no use; he was surrounded by enemies. The few chiefs who were in his favour, or convinced of his innocence, sat by in silence and in fear. The Rajah denounced him as a traitor, and sent him back in chains to prison. Threats of every indignity to himself and the female members of his house were constantly made to him, with a view to induce him to commit suicide. The Court physician, who had attended the child (a Brahman, and whose life was therefore sacred), was burnt on the forehead and cheeks till his brain and jaws were exposed. The under-physician, a Niwar, was impaled alive, and his heart extracted while he was yet living. Still no evidence against Bhim Sen or any of the accused could be extorted even by these horrible atrocities, which were perpetrated not only by the order, but in the presence of the Rajah. **(To be continued)**

(* Runjung Pandi.
Karbir Pandi.
Kulraj Pandi.
Jagat Bum Pandi.
Dal Bahadur Pandi.
The Raj Guru.
Kul Chand Sahi.
Amir Sahi.

These were the leading members of the Pandi party.

Raj Guru, who was of course a Brahman, was named Misr (at least that was the name of the division or class of Brahmans to which he belonged), and he was therefore commonly called Misr Guru.)

# आ.व. २०७६/७७ फागुन महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४१५ | २११ | ३१८ | २७४ | २२८ | ३६५ | ३५९ | ३५४ | ४६३ | ३८३ | २०४ | ३३२ | ३१९ | ३०० | ३४६ | ३८२ | ३१४ | ३८१ | ३१८ | ४०२ | ३४६ | ३५६ | ३०० | ३८७ | ३७७ | ३१२ | ३३८ | ४४६ | ४११ | २०७ |
| ■ सार्क तथा चिनियाँ | ६९ | ४४ | ९४ | ३६ | ८१ | ८७ | ८८ | ६५ | १७९ | १३५ | ७२ | ८९ | ७६ | ११९ | ४८ | ११५ | ८५ | १७७ | ३८ | १०३ | ५४ | ५१ | ५३ | १३८ | ९० | ५५ | ५७ | ९४ | ४६ | ९७ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ फागुन | १०,१४८ | २,५३५ | १२,६८३ |
| २०७५ फागुन | ११,९२१ | ९,८५९ | २१,७८० |
| प्रगति | –१,७७३ (–१४.८७%) | –७,३२४ (–७४.२८%) | –९,०९७ (– ४१.७६%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# नफैलदै रोकौं, फैलिएपछि त ....

कोरोना विषाणुको संक्रमणले पृथ्वीलाई नराम्रोसँग अँठ्याएको छ। सबै महादेशमा फैलिएको नयाँ प्रजातिको यो विषाणुबाट लाखौं संक्रमित भएका छन् र हजारौंको मृत्यु भइसकेको छ। यस विषाणुको संक्रमणबाट हुने रोगलाई विश्व स्वास्थ्य संगठनले 'कोभिड-१९' नाम दिएको छ ।

ईश्वी सन् २०१९ को अन्तिम दिन डिसेम्बर ३१ (पुस १५ गते) मा चीनको हुपेई प्रान्तको उहान शहरमा यो पहिलो पटक देखिएको हो। त्यहाँ कसरी देखापर्‍यो ? यसको अध्ययन अनुसन्धान भइरहेको छ। रोग चीनमा देखापर्‍यो तर यसको पछाडि सं.रा. अमेरिकाको हात रहेको शंका यत्रतत्र गर्न थालिएको छ। विभिन्न समयमा रासायनिक र जीवाणु हतियार प्रयोग गरिसकेको सं.रा. अमेरिका यो विषाणुको पनि जन्मदाता हुनसक्ने सन्दर्भमा गम्भीर प्रश्नहरू उठ्न थालेको छ। त्यसको जवाफ उसले दिएको छैन र अथवा दिनसकेको छैन। तर अमेरिकी राष्ट्रपति ट्रम्पले यस विषाणु र रोगबारे चीनको बदख्वाई गर्न आफ्नो 'पागलपन' प्रदर्शन गरिरहेको छ। स्मरणीय छ केही वर्ष अगाडि अमेरिकाका ६० हजार मानसिक स्वास्थ्यकर्मीहरूले ट्रम्पमा एक प्रकारको पागलपन रहेको ठहर्‍याउँदै उनी राष्ट्रपति पदको लागि अयोग्य भनी हस्ताक्षर गरेका थिए ।

कोरोना विषाणुको संक्रमणबाट नेपाल अछुतो रहेको छैन। विश्व स्वास्थ्य संगठनले नेपाल गम्भीर जोखिममा रहेको पूर्वानुमान गरिसकेको छ। त्यसैले यसको संक्रमणबाट बच्न र फैलन नदिन विभिन्न प्रयासहरू गरिएका छन्। त्यसमा देशमा पहिलो पटक देशैभर एक साताको लागि 'लकडाउन' गरिएको छ। अति आवश्यक सेवा र सेवाकर्मीबाहेक अरुलाई सचेत भई सुरक्षित रूपमा घरभित्रै रहन कडाईका साथ अनुरोध गरिएको छ। मानिसबाट मानिसमा श्वासप्रश्वासबाट सर्ने भएकोले अरुको सम्पर्कबाट टाढा रहनु यस विषाणुको संक्रमणबाट जोगिने उत्तम र प्रभावकारी उपाय स्थापित भएको छ। यसको पालना आफू र आफ्नो परिवारको लागि गर्दा विश्वव्यापी महामारीको रूपमा फैलिएको 'कोभिड-१९' लाई पराजित गर्न सकिन्छ। यस कार्यमा प्रत्येक व्यक्तिको महत्त्वपूर्ण भूमिका र इमानदारीपूर्ण योगदान अपेक्षित छ।

हाम्रो देशमा रोग फैलिएको छैन भनी आफू सुरक्षित हुने र समुदायलाई सुरक्षित पार्ने नियम र अनुशासनको पालनामा कसैले हेलचेक्र्याईं गर्नु घातक हुनेछ। कोरोना विषाणु फैलिए रोक्न कति कठीन छ भन्ने कुरा अन्य देशमा आँधीसरि फैलिएको घटनाबाट सबै जानकार छन्। त्यसैले नफैलिँदै रोकौं, फैलिएपछि त ......। आगो लागेपछि कुवा खन्ने मूर्खता कहिं कतैबाट प्रदर्शन नहोस्।



विश्व प्रसिद्ध ङातापोलको भक्तपुर नपाबाट जीर्णोद्धार हुँदै



भक्तपुर नगर क्षेत्रमा दादुरा – रुबेला खोप अभियान (चैत ३–११ गते) को एक दृश्य

# कोरोना विषाणुको सङ्क्रमणबाट बच्न पटक पटक साबुन पानीले हात धुने गरौं !

